वर्गदृष्टि

Bargadristi Weekly

साप्ताहिक

वर्ष २ अङ्क ७ पूर्णाङ्क ५६ | २०७४ साउन १६ गते सोमबार | Monday, July 31, 2017 | पृष्ठ ८ | मूल्य रु. १०।-

'टिओआईको समाचार झुठ र भ्रामक'

काठमाडौं । जुलाई २९, ०१७ मा 'टाइम्स अफ इन्डिया'को अनलाइन संस्करणले नेकपा (क्रान्तिकारी माओवादी)को बारेमा झुठ र भ्रामक समाचार प्रकाशित गरेको क्रान्तिकारी माओवादीका अध्यक्ष मोहन वैद्य'किरण'ले दावी गरेका छन् । आइतबार सो समाचारको बारेमा सोधिएको प्रश्नमा अध्यक्ष किरणले भने, "टिओआईले हाम्रा विरुद्ध झुठ र भ्रामक समाचार प्रकाशित गरेको पाइयो । यो हाम्रो पार्टीलाई अन्तर्राष्ट्रिय स्तरमा बद्नाम गराउन यसो गरिएको हो । यो सरासर आधारहिन र झुठ समाचार हो ।"

टाइम्स अफ इन्डियाले दार्जिलिङमा जारी आन्दोलनलाई मोहन वैद्य नेतृत्वको नेकपा (क्रान्तिकारी माओवादी)ले सघाएको, गोर्खा रिबरेशन आर्मीका १४५ जनालाई पूर्वी पहाड धरान नजिकको जंगलमा सशस्त्र ट्रेनिङ दिलाएको लगायतको समाचार प्रकाशित गरेको थियो । समाचारको क्रान्तिकारी माओवादीका अध्यक्ष किरणले खण्डन गरेका छन् ।

दिल्ली र काठमाडौंका शासकहरूको 'मधेश मिसन'

◆ **वर्गदृष्टि संवाददाता**

काठमाडौं । स्थानीय तहको तेस्रो चरणको निर्वाचनको घोषित मिति नजिकिदै गर्दा मधेसमा दिल्ली र काठमाडौंका शासकहरुको रणनीतिक दाउपेचका खेल बढेर गएका छन् । निर्वाचन परिणामलाई आफ्नो पोल्टामा पार्न कांग्रेस, एमाले र माओवादी केन्द्रले आ-आफ्नै रणनीति बनाएका छन् भने दिल्लीका शासकहरुले पनि नयाँ नयाँ कार्डको प्रयोग गरिरहेको छ । संसदवादी पार्टीहरुले आफूसँग भएभर को शक्ति प्रयोग गरेर मधेसी जनतालाई प्रभावित तुल्याउने योजना बनाइरहेका छन् भने संविधान संशोधनको माग राख्दै आएको राजपा आफूलाई अझ बलियो बनाउन माओवादी केन्द्रका नेता मातृका यादवको नेतृत्वमा 'समग्र मधेश एक प्रदेश'को नारामा गठित 'मधेसी भ्वाइस एसेम्बली'मा आवद्ध हुन पुगेको छ । मातृका यादवको नेतृत्वमा ७ साउनमा भएको एक भेलाले उक्त एसेम्बली गठन गरेको हो ।

भारतीय दूताबासको बैठकमै बन्यो यो जना समाचार स्रोतका अनुसार लैनचौरस्थित भारतीय दूतावासमा गत असार २८ गते भएको निर्णय अनुरुप माओवादी नेता मातृका यादवको संयोजकत्वमा 'मधेसी भ्वाइस एसेम्ब्ली' गठन भएको दावी गरिएको छ । गत असार २८ गते बुधवार राती भारतीय दूतावासमा कांग्रेस, माओवादी र राजपाका केही नेतासहितको बैठकले राजपाको मात्रै नेतृत्वमा तराई मधेसमा 'सशक्त गतिविधि' हुन नसकेको निष्कर्ष निकाल्दै सबै लाई समेट्न नयाँ संयन्त्र बनाउने निर्णय भएको समाचार स्रोतको दावी छ । बैठकमा कांग्रेस सांसद अमरेशकुमार सिंह, माओवादीका तर्फबाट शहरी विकास मन्त्री रहेका प्रभु साह सहभागी थिए भने राजपाका नेताहरु महन्थ ठाकुर, राजेन्द्र महतो, अनील झा र शरदसिंह भण्डारी सामेल थिए ।

दूतावासमा निर्णय भएको १० दिनपछि साउन ७ गते माओवादी नेता मातृका यादवको संयोजकत्वमा 'तराई मधेसलाई एक प्रदेश' र नेपाललाई बहुराष्ट्रिय राज्य बनाउने उद्देश्य अनुरुप एसेम्बली गठन गरियो । स्रोतका अनुसार माओवादी नेता यादवको संयोजकत्वमा यस्तो संयन्त्र निर्माण गरिए पनि त्यसको कोर नेतृत्व कांग्रेस सांसद अमरेशले गर्ने र त्यसमा सकेसम्म सबै दललाई अटाउने समझदारी बनेको दावी गरिएको छ ।

प्रचण्ड र देउवाको भित्री सहमति

समाचार स्रोतका अनुसार मधेशमा आफ्नो प्रभूत्व स्थापित गर्न र भारतीय शासकवर्गकै योजना मुताविक उक्त एसेम्बली बनाउन ने पाली कांग्रेसका सभापति तथा प्रधानमन्त्री शेर बहादुर देउवा र माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल'प्रचण्ड'को भित्री सहमति रहेको बुझिएको छ । माओवादी केन्द्रभित्र मातृका यादव, प्रभू शाह, कांग्रेसभित्र विमलेन्द्र निधि, अमरेशकुमार सिंह यस्तो संयन्त्र निर्माण गर्नमा केही समय अघिदेखि नै गृहकार्यमा जुटेका थिए ।

एसेम्बलीको उद्देश्य : समग्र मधेश एक प्रदेश र बहुराष्ट्रिय राज्य

एसेम्बलीले समग्र मधेशलाई एक प्रदेश बनाउने एजेण्डा अगाडि सारेको छ । यो मुद्दाले जनयुद्धको उत्तरार्द्धमा प्रवेश पाएको हो । माओवादीभित्र उपेन्द्र यादवले यो मुद्दालाई प्रवेश गराएपनि मात्रिका यादवले यसको निरन्तर वकालत गरिरहे । माओवादी केन्द्रका एक कार्यालय सदस्यले भने, "पार्टीभित्र एक्कासी मधेशका २२ जिल्लालाई एउटै प्रदेश बनाउनु पर्छ भन्ने प्रस्ताव आएपछि त्यसबेला प्रचण्डले के हो यो ? भनेपछि उपेन्द्रलाई सम्झाइदिनुस् भनेर मात्रिकाले भनेका थिए । पछि उपेन्दलाई भेट्न जाँदा मात्रिका, उपेन्द्र र सुरेश आले लाई भारतीय प्रहरीले गिरफ्तार गरिसकेको रहेछ ।" उनले थपे, "उपेन्द्रलाई केही दिन राखेर छाडिदियो तर मातृका र सुरेश आलेलाई नेपाल सुपर्दगी गरिदियो । त्यसबेला मधेशमा पार्टीभित्र प्रचण्डले नै गिरफ्तार गराएको भन्ने पनि व्यापक हल्ला चलेको थियो ।" त्यसबेला रअका मान्छे हरुले आफूलाई सुटकेशमा पैसा लिएर किन्न आएको, छोराछोरी निशुल्क सुविधासम्पन्न स्कूलमा पठाइदिने लगायतका आश्वासन आएको कुरा मातृका स्वयमूले प्रचण्डलाई भने को कुराले पार्टीभित्र सनसनी मच्चाएको थियो । उपेन्द्र र राजपाका नेताहरुले समेत छोडिसके को यो मुद्दालाई बल्झाएर भारतले अहिले का सत्तारुढ पार्टीहरुलाई समेत सहमत गराएको ती कार्यालय सदस्यको दावी छ । उनले आफ्नै नेतृत्वमाथि गम्भीर आक्षेप लगाउँदै भने, "प्रचण्ड त भारतका १ नं. दलाल नै रैछन् नि, भारतकै मिसन पूरा गराउन मातृका यादवलाई अगाडि सारेका छन् ।"

भरतपुर १९ मा पुनः निर्वाचन गराउन सर्वोच्चको आदेश

● **वर्गदृष्टि समाचारदाता**

काठमाडौं । सर्वोच्च अदालतले चितवनको भरतपुर महानगरपालिका-१९ मा पुनः निर्वाचन गराउन आदेश दिएको छ । गत बैशाख ३१ गते भएको पहिलो चरणको स्थानीय तहको निर्वाचनको मतगणना जारी रहेका बेला मतपत्र च्यातिएपछि मतगणना रोखिएको छ ।

झण्डै दुई महिना लामो सुनुवाइपछि न्यायाधीशद्वय ओमप्रकाश मिश्र र पुरुषोत्तम भण्डारीको संयुक्त इजलासले मतपत्र च्यातिएको वडामा पुनः मतदान गर्ने निर्वाचन आयोगको निर्णयलाई सदर गर्दै फैसला सुनाएको हो । मतगणनाका क्रममा माओवादी केन्द्रका प्रतिनिधिले मतपत्र च्यातेपछि विवाद सुरु भएको थियो ।

निर्वाचन आयोगले मतपत्र च्यातिएको सो वडामा पुनः मतदान गराउने निर्णय गरेपछि त्यसका विरुद्ध पुनः मतगणनाको माग गर्दै सर्वोच्चमा मुद्दा परेको थियो । जेठ १४ गते राति मतगणनाका क्रममा माओवादी प्रतिनिधिले केही मतपत्र च्यातेका थिए । त्यसपछि त्यहाँ पुनः मतदान गर्ने कि मतगणना अघि बढाउने भन्ने विषयमा चर्को विवाद भएको थियो ।

मतपत्र च्यातिएपछि मुख्य निर्वाचन अधिकृत कविराज न्यौपानेले आयोगलाई प्रतिवेदन पठाउँदै 'मतगणनास्थल रणभूमितुल्य बनाइएको' भनेका थिए । त्यसपछि निर्वाचन आयोगको बैठकले भने पुनःमतदान गर्ने निर्णय गरेको थियो ।

कुल २९ वडा रहेको भरतपुरमा २७ वटा वडाको मतगणना सकिसकेको छ । माओवादी केन्द्रका प्रतिनिधिहरूले १९ वडाका २८६८ मध्ये २२०० मत गनिसकेपछि मतपत्र च्यातेका थिए । भरतपुर महानगरपालिकामा अब १९ र २० नम्बर वडाको मतगणना गर्न बाँकी छ । ...बाँकी ४ पेजमा

अखिल (क्रान्तिकारी) द्वारा मोर्गन कलेजमाथि कारबाही

● **वर्गदृष्टि समाचारदाता**

काठमाडौं । नेकपा (क्रान्तिकारी माओवादी) निकट विद्यार्थी संगठन अखिल (क्रान्तिकारी) ले बसुन्धारास्थित मोर्गन इन्जियरिङ कलेजमा आइतबार बिहानै तोडफोड गरेको छ। कलेजमा इन्जिनियरिङ अध्ययन अध्यापनका लागि आवश्यक भौतिक पूर्वाधार बिना नै नयाँ भर्ना लिन सुरु गरेपछि आफूहरू कारबाहीमा उत्रिन बाध्य हुनुपरेको सो संगठनले बताएको छ ।

पूर्वाञ्चल विश्वविद्यालय अन्तर्गत रहेको सो कलेजमा विद्यार्थीहरूका लागि भौतिक पूर्वाधार तयार गर्नका लागि पटक पटक ध्यानाकर्षण ...बाँकी ७ पेजमा

देउवाको भ्रमणले बिगार्नसक्छ सन्तुलित सम्बन्ध

काठमाडौं । भारत र चीनबीच डोकलाम क्षेत्रलाई लिएर विवाद चर्किएका बेला नेपालका प्रधानमन्त्री शेरबहादुर देउवाले भारत भ्रमण गर्दा सन्तुलित सम्बन्धमा असर पर्नसक्ने बताएका छन् ।

भारत र चीनबीच पछिल्ला डेढ महिनाभन्दादेखि भुटानको डोकलाम क्षेत्रलाई लिएर विवाद चलिरहेको छ । परराष्ट्रविद् हिरण्यलाल श्रेष्ठले प्रधानमन्त्रीले यस्तो अवस्थामा भारत भ्रमण

गरेमा त्यसले नेपाललाई दुई देशको विवादमा अनावश्यक रूपमा तान्ने र नेपालको सुरक्षामा समेत खतरा उत्पन्न हुनसक्ने भन्दै सचेत हुन आग्रह गरेका छन् ।

परराष्ट्रविद् श्रेष्ठ भन्छन्, 'दुई छिमेकी देशबीचको विवादमा नेपालले तटस्थ भूमिका खेल्नुपर्छ । जसरी नेपाल सन् १९६२ को युद्धमा पनि तटस्थ बसेको थियो ।' अहिले पनि प्रधानमन्त्रीले यस्तो विवादित स म य म । ...बाँकी ८ पेजमा

गोर्खाल्याण्ड आन्दोलन थप कडा बनाउने

गोर्खाल्याण्ड माग्दै चिठी आन्दोलन

दार्जिलिङ । भारतको पश्चिम बंगाल सरकारले जबरजस्त नेपालीभाषीमाथि बंगाली भाषा लाद्न खोजेपछि सुरु भएको गोर्खाल्याण्ड आन्दोलन थप कडा बनाइने भएको छ । गोर्खा जनमुक्ति मोर्चाको बैठकले गोर्खाल्याण्ड आन्दोलन कडा बनाउने निर्णय गरेको हो । पातलेबासमा मोर्चाका अध्यक्ष विमल गुरुङ, भातृ संगठनका प्रमुख, तीन विधायक, सबै नगरपालिकाका नगर पार्षद, पूर्वसभासदसहितको बैठकले आन्दोलन कडा बनाउने निर्णय गरेको हो । भारतीय जनता पार्टीसँग केही नरम देखिएको मोर्चाले सो पार्टीविरुद्ध पनि कडा नीति लिने देखिएको छ । डेढ महिनादेखि खजारी आन्दोलनका कारण ११ जना नेपालीभाषीको मृत्यु भइसकेको छ भने २५ जना गम्भीर घाइते भएको मोर्चाले जनाएको छ । पश्चिम बंगाल सरकारले गोर्खाल्याण्ड क्षेत्रमा इन्टरनेटमा समेत रोक लगाएको छ भने खाद्य सामग्री सिलिगुढीबाट माथि लैजान दिएको छैन । मोर्चाका सहसचिव विनय

तामाङले भने, 'हामीले धेरै पर्खियौं, केन्द्र पटक्कै बोलेन । यसै कारण केन्द्रलाई खुला चुनौती दिदै अन्तिम अल्टिमेटम दिन्छौं । केन्द्रले ८ अगस्टको ६ बजेसम्म पनि गोर्खाल्याण्ड आन्दोलनबारे बोलेन, संसदमा कुरा उठाएन वा हामीलाई वार्तामा बोलाएन भने ९ अगस्टदेखि केन्द्रलाई ...बाँकी ७ पेजमा

पनामा पेपर्सले गयो पाकिस्तानी प्रधानमन्त्रीको पद

कालो धन जम्मा गरेको अभियोगमा दोषी ठहर भएपछि राजीनामा

● **एजेन्सी ।**

एजेन्सी- पनामा पेपर्स काण्डमा दोषी ठहर भएपछि पाकिस्तानी प्रधानमन्त्री नवाज शरिफले पदबाट हात धुनु परेको छ । उनी कालो धन जम्मा गरेको अभियोगमा दोषी ठहर गर्दै इमान्दार र योग्य नभएको फैसला सर्वोच्च अदालतले गरेपछि उनी सत्ताबाट बाहिरिएका हुन् । यो सँगै पाकिस्तान स्वतन्त्र भएपछि कुनै पनि पाकिस्तानी जननिर्वाचित प्रधानमन्त्रीले आफ्नो कार्यकाल पूरा गर्न पाएनन् । सर्वोच्च अदालतका न्यायाधीस एजाज हसन, एजाज अफजल, सइद शेख, आसिफ सईद खोसा र गुलजार अहमत रहेको पाँच सदस्यीय इजलासले उनलाई दोषी ठहर गरेको हो । न्यायाधीस खोसा र गुलजारले पनामा पेपर्स काण्डबारेको सुरुवाती फैसलामा नै प्रधानमन्त्री शरिफलाई अयोग्य घोषणा गरिसकेपनि बाँकी तीन जना न्यायधीसले थप जाँचको आदेश दिएका थिए । यद्यपि शुक्रबार सबै न्यायधीसले एक स्वरमा उनलाई दोषी ठहर गरेपछि पदबाट हट्न बाध्य भएका हुन् । अदालतले शरिफसँगै उनकी ...बाँकी ७ पेजमा

देशको भयावह अवस्था र त्यसको निकास

यही श्रावण १० र ११ गते नेपालका राष्ट्रिय दैनिक पत्रिकाहरूले राष्ट्रिय अर्थतन्त्रसँग सम्बन्धित केही जानकारीमूलक समाचारहरू प्रकाशित गरेका छन् । ती मध्ये १० गते प्रकाशित कान्तिपुरको अर्थ वाणिज्य पृष्ठमा "३३ मुलुकसंग १ अर्ब बढी व्यापार घाटा" शीर्षकमा एउटा समाचार छापिएको छ । यस समाचारका अनुसार गत आर्थिक वर्ष ७३/७४मा मात्र नेपालले जम्मा रु ९ खर्व ८४ अर्ब ६ करोड ७८ लाख ९ हजारको सामान विदेशबाट आयात गरेको र नेपालबाट जम्मा रु ७४ अर्ब ७१ करोड २६ लाख ५७ हजारको सामान बाहिर निर्यात भएको थियो । यसबाट गतवर्ष नेपालको व्यापार घाटा ९ खर्ब ९ अर्ब ३५ करोड ५१ लाख ५२ हजार देखिन आउंछ । यो घाटा कूल निर्यातको १२ गुनाभन्दा बढी हो । नेपालको सबैभन्दा बढी व्यापार

युवाहरू देशमा छैनन्, जमिन बाँझिएको छ, राष्ट्रिय उत्पादन प्रतिदिन ह्रास हुँदै गएको छ । विलासिताका सामानहरूले बजार भरिभराउ छन् । व्यापारघाटा दिन गनेर उकालो लाग्दैछ, यो कहीं कतै रोकिने संकेत देखिंदैन । प्रत्येक शिशुले आमाको पेटदेखि नै आफ्नो थाप्लोमा रू. २४,००० भन्दा बढी ऋण बोकेर नेपाली नागरिकका हैसियतले पृथ्वीको यस क्षेत्रमा जन्म लिने गर्दछन् । यो समग्र स्थितिले देशको डरलाग्दो यथार्थलाई चित्रण गरेको छ ।

● **इन्द्रमोहन सिग्देल**

भारतसंग हुन्छ । गत आर्थिक वर्ष ७३/७४मा नेपालले भारतबाट ६ खर्ब ४१ अर्ब १७ करोड २४ लाख ३८ हजारको सामान आयात गरेको थियो र भारत तर्फ ४१ अर्ब ६० करोड ३ लाख ७९ हजारको सामान निर्यात गरेको थियो भन्ने कुरा सोही समाचारमा प्रकाशित गरिएको छ । यसले गत आर्थिक वर्ष भारतसंगको कूल व्यापार घाटा निर्यातको १४ गुनाभन्दा बढी अर्थात रु ५ खर्ब ९९ अर्ब ५७ करोड २० लाख ५९ हजार रहेको देखिन्छ। उक्त समाचारले भनेको छ नेपालको व्यापार घाटा बढी हुने अर्को देश चीन हो । यस समाचारका अनुसार नेपालले वर्षभरिको व्यापारमा रु १ अर्बभन्दा बढी नाफा गर्ने विश्वको एउटा मात्र देश टर्की देखिएको छ ।

श्रावण ११ गते प्रकाशित अर्को राष्ट्रिय दैनिक अन्नपूर्णपोष्टले "कृषिप्रधान मुलुक खाद्यान्नमा परनिर्भर" शीर्षकमा अर्को एउटा आर्थिक समाचार छापेको छ । उक्त समाचारमा भन्सार विभागलाई श्रोत देखाएर गत आर्थिक वर्षमा कृषिप्रधान मुलुक नेपालले बाहिरबाट कति रुपियाँको कुन खाद्यान्न आयात गरेको थियो भन्ने उल्लेख गरेको छ । जस अनुसार गहुँ रु ५ अर्ब २१ करोड, मकै १० अर्ब ६३ करोड, चामल २३ अर्ब ८८ करोड, कोदो/फापर ३४ करोड, तरकारी ११ अर्ब १२ करोड, गेडागुडी १० अर्ब ३७ करोड, जिउँदा जनावर २ अर्ब २८ करोड, माछामासु १ अर्ब १७ करोड, दुध र दुधजन्य वस्तु २ अर्ब ४४ करोड, फलफूल ८ अर्ब ८८ करोड र खाने तेल २२ अर्ब ३३ करोडको सामान आयात गरिएको थियो । ...बाँकी ८ पेजमा

सम्पादकीय

देउवाको कूटनीतिक असन्तुलन

भूटानसँग सीमा जोडिएको आफ्नो भूभाग डोक्लाममा चीनले सडक विस्तार गरेपछि नेपालका दुई विशाल छिमेकी मुलुक चीन र भारतबीच उत्पन्न तनावले उग्र रूप लिंदै गरेको अवस्थामा नेपाल सरकारका प्रधानमन्त्री शेरबहादुर देउवाले भारत भ्रमण गर्नु कुटनीतिक असन्तुलनलाई अझ बढावा दिनु हो । दुवै देशबीच युद्ध भएको स्थितिमा नेपालको भूमिका के हुन्छ ? नेपाललाई दुवै छिमेकी बीच कसरी कुटनीतिक सन्तुलन कायम गर्छ ? भन्ने बहसहरू नेपाली राजनीतिक बजारमा चलिरहेको बेला देउवाको हुन लागेको भारत भ्रमणले उत्तरी छिमेकी मुलुक चीनलाई चिढाउने, कुटनीतिक मर्यादाको गम्भीर उलंघन हुने र देउवा सरकारप्रति उसको विश्वासमा शंकाले गहिरो डेरा जमाउने देखिन्छ । देउवा प्रधानमन्त्री बन्नुपूर्व दक्षिणी भारतको गोवामा भएको एउटा कार्यक्रममा दलाई लामा र उनको छायाँ सरकारका प्रधानमन्त्री लोब्साङ साङ्गेसँग भेटेको घटनाबाट सशंकित बनेको चीनले देउवा सरकारलाई त्यसै पनि शंकाको नजरले हेरिरहेको छ । भारतसँग उसको तिक्तता बढिरहको र चीनका विरुद्ध भारतीय सेनामा कार्यरत नेपालको गोर्खाली सेनाको प्रयोग गर्ने हल्ला चलाइएको पृष्ठभूमिमा हुन लागेको देउवाको भ्रमणले चीनसँगको कुटनीतिक सम्बन्धमा गम्भीर आघात पुग्ने कुटनीतिक विश्लेषकहरूले चेतावानी पनि दिंदै आएका छन् । तर त्यसको बेवास्ता गर्दै देउवाको भारत भ्रमण तय गरिनुले कुटनीतिक वृतमा अनेकन प्रश्न जन्माइदिएको छ ।

आजसम्मको इतिहासमा चीनले नेपालको सार्वभौमिकतामाथि अहस्तक्षेपकारी नीति लिदै आएको देखिन्छ भने भारतले निरन्तर हस्तक्षेप गर्दै आएको छ । नेपालका हरेक क्षेत्रमा आफ्नो प्रभुत्व स्थापित गर्न निरन्तर लागिरहेको भारतले नेपाललाई आफ्नो अधीनस्थ बनाउन सबै हथकण्डा प्रयोग गर्दै आइरहेको छ । उत्तरतर्फ आफूभन्दा धेरै शक्तिशाली मुलुक चीन रहेकाले पनि भारतले नेपालमा प्रत्यक्षरूपमा भन्दा पनि दलालहरूमार्फत् आफ्नो अभिष्ट पूरा गर्ने नीति लिदै आएको छ । ००७ साल, ०४६ साल र ०६२/०६३ सालयता बनेका सरकार प्रमुखहरूले निरन्तर भारतको दलाली गर्दै आएका छन् र हरेक कालखण्डमा नेपालको सार्वभौमिकतामाथि गम्भीर आघात पुग्ने खालका असमान सन्धिहरू गर्दै आएका छन् । पछिल्लो पटक सरकार प्रमुखको रूपमा प्रधानमन्त्रीको पदमा आसिन शेरबहादुर देउवा पनि दलालकै पंक्तिमा उभिएका छन् । र, मुलुकको सार्वभौमिकता र कुटनीतिक संवेदनशिलतालाई नजरअन्दाज गर्दै विषम परिस्थितिमा भारतको भ्रमण गर्न लागेका छन् र उनीबाट भारतीय शासकवर्गले महाकाली सन्धिको हिसाब किताब असुल्ने कुरा पनि बाहिर चर्चामा छ ।

असंलग्न परराष्ट्र नीतिको पक्षमा उभिंदै आएको नेपाल दलाल शासकहरू र उनीहरूको निहीत स्वार्थका कारण संकटतर्फ धकेलिदो छ । एक चीन नीतिप्रति प्रतिबद्ध रहँदै आएको नेपाललाई पछिल्ला दिनमा चीनले पटक पटक एक चीन नीतिप्रति नेपालको प्रतिबद्धताको माग गरिरहने स्थितिको विकास भएर गएको छ । एउटा स्वतन्त्र र सार्वभौम मुलुकमाथि छिमेकीहरूको यस्तो संशयले कदापि हित गर्न सक्दैन ।

चीनको संवेदनशील क्षेत्र तिब्बतसँग नेपालको सिमा जोडिएको छ । नेपालको भूमि फ्रि तिब्बतको रूपमा चीनको विरुद्ध प्रयोग नहोस् भनेर उसले पटक पटक यहाँको सरकारलाई सचेत गराउँदै आएको छ । तर यहाँको सरकार प्रमुख नै भारतको योजना र निर्देशनमा चल्न थालेपछि, नेपालमा चीनका विरुद्ध इन्डो-अमेरिकन गतिविधि बढ्न थालेपछि चीन चुप लागेर बस्ने देखिन्न । उसले पछिल्ला दिनहरूमा भन्दै पनि आएको छ कि भारतले नेपालमाथि हस्तक्षेप बढाउन खोजेको स्थितिमा चीन चुप लागेर बस्दैन । चीनको यो भनाइमा पनि जरुर उसको राष्ट्रिय सुरक्षा चासो जोडिएको छ ।

दुई छिमेकीहरू मिल्दा पनि र झगडा (युद्ध) गर्दा पनि नेपाली सार्वभौमिकता जोखिमतर्फ धकेलिने भूराजनीतिक अवस्थितिमा रहेको नेपाल र यहाँका शासकहरूले छिमेकीसँगको कुटनीतिक सम्बन्धको संवेदनशीलतालाई ख्याल गर्दै सचेततापूर्वक कदम चाल्न जरुरी छ । यसर्थ, छिमेकीको द्वन्द्व चलिरहेको बेलामा हुन लागेको देउवाको भ्रमण रोक्न जरुरी छ । छिमेकी बीच सहज स्थिति विकास भएको स्थितिमा मात्र भ्रमण गर्नु नेपाल र नेपालीको हितमा हुनेछ ।

परिवर्तनको सम्वाहक
मूलबाटो
सत्यतथ्य निष्पक्ष खबर तथा
विचारका लागि सधैं हेर्ने र पढ्ने गरौं ।
www.moolbato.com

स्थानीय निर्वाचनपछिको माओवादी आन्दोलन

● हुकुमबहादुर सिंह ●

नेपालको माओवादी आन्दोलन २०५२ साल फागुन १बाट सुरु गरिएको सशस्त्र विद्रोहसित जोडिएको छ । उक्त विद्रोहले कालान्तरमा नेपालको ८० प्रतिशत भूभाग आफ्नो प्रत्यक्ष र अप्रत्यक्ष प्रभावमा पारेको र त्यसलाई माओवादी जनयुद्ध नामाकरण गरिएको हो । २०५२ साल असोजको चुनवांग बैठकपछि त्यसले क्रान्तिका लागि कार्यनीतिक सिफ्ट भन्दै संघीय लोकतान्त्रिक गणतन्त्रको कार्यनीति अपनायो । यहाँ नेर बाबुराम र प्रचण्ड मूलतः प्रचण्डले क्रान्तिप्रति रूपमा निरन्तरताको कुरा गरे पनि सारमा क्रान्तिप्रति विश्वासघात र धोका दिएको यथार्थता बाहिर आएको छ । जनयुद्धको मध्यकालदेखि बाबुरामले आफूलाई संसदीय प्रणालीमा अभ्यस्त गराउने घोषणा गर्न थालेका र उनले त्यसका लागि सैद्धान्तिक तथा वैचारिक वोकालत गर्दै आएका थिए । अहिले त उनले खुलेरै मार्क्सवाद-लेनिनवाद-माओवादका विरुद्ध र विश्व साम्राज्यवाद खासगरी नेपालको सन्दर्भमा भारतीय विस्तारवादसित आत्मसमर्पण गर्ने काम गर्दै आएका छन् । यद्धपि जनयुद्ध कालभरी स्वयम् प्रचण्डबाट उनीमाथि उक्त अरोप लगाइएको र तयसैका लागि उनीमाथि कारबाही स्मेत भएको भनेर उतीबेलै प्रचारमा नआएको कहाँ हो र ?

अहिले बाबुरामले माओवाद, जनयुद्ध र कम्युनिष्ट आन्दोलनआदिबाट पुरै अलग रहने घोषणा गरिरहेका छन् र उनले आफूलाई १०वर्से जनयुद्धका राम्रा र नराम्रा सबै नीति तथा कार्यसित विल्कुलै अलग राख्न चाहन्छन् र भन्दै छन् जनयुद्धको पीडित म र मेरो परिवार पनि हो । उनले यसो भनेर जनयुद्धका सहीदहरूको अपमान र माओवादी जनयुद्धका विरोधी शक्ति तथा व्यक्तिहरूको साहनूभूती लिन चाहन्छन् । अहिलेसम्म उनी अझै त्यसबाट अलग हुन सकिरहेका छैनन् । उनी एकप्रकारले भौतारिएका माओवादी भूतपूर्वक नेता बनेकाछन् । उनी अझै प्रचण्डकै नेतृत्वमा फर्केर जाने हल्ला पनि कम छैन् । उनको नामसित विवेकशील, साझा र उपेन्द्रको फोरम पनि जोडिएका छन् । तै पनि उनमा रहेका अन्य माओवादी पृष्ठभूमी भएका नेता तथा कार्यकर्ताको दवाव किन अन्त आफ्नै पुरानो पार्टी को जन्त भन्ने पनि छन् । हुनत के स्पष्ट छ भने बाबुराम प्रचण्डमानै फर्केर फेरी माओवादी शब्दसित जोडिन चाहादैनन् तर प्रचण्ड भने नबोलीकन त्यही काम गर्दै आएका छन् जो बाबुरामको कार्यदिशाले माग गर्दछ । भन्न त प्रचण्डले अझै क्रान्तिकारी एकता र क्रान्तिका विरुद्ध दक्षिणपन्थी घेराबन्दी भनेर भन्दै आएका छन् । तर स्थानीय नीर्वाचन उनले लिएको नीति र नीर्वाचन परिणामले उनी अब नेपाली जनताकै घेराबन्दीमा परेको प्रमाणित हुन्छ किनभने उनले जुन जनता र जुन वर्गको मुक्तिका लागि भनेर हजारौ नेपालीलाई सहीद बनाए आज तिनीहरूकै विरुद्ध लागेका वर्गीय शत्रुहरूसित सरकारका लागि हातेमालो गरेका छन् र पछिल्लो अवस्थामा आएर उनले परिवारका लागि नेपाली कांग्रेसको रुख चिन्हमा भोट माग्दै हिंडेको पनि देखियो । तालमेलको नाममा वर्गसमन्वय आजको प्रचण्डको सरकारमा जानका लागिको पछिल्लो कार्यनीति भएको छ र अझै पनि उनले क्रान्तिकारीहरू एकतावद्ध हुन पर्दछ भनिरहेका छन् । हुनत नेपाली कांग्रेससित चुनावी तालमृलको नाममा वर्गसमन्वयवादलाई अपनाउनेमा नेपाली कम्युनिष्टहरूमा प्रचण्ड एकला देखिएका छैनन् । क्रान्तिको विकल्प छैन् भन्ने नेकपा विप्लव समूह र करिव एक शताब्दी (८३ वर्ष) पारगरिहेका मोहनविक्रम सिंहसमेत नेपाली कांग्रेसको रुखचिन्हका लागि भोट माग्दै हिंडेको पाइयो । चुनावमा तालमेलको नाममा वर्गसमन्यवाद आज हरेक कम्युनिष्टभित्र मौलाएको छ । नेकपा(क्रान्तिकारी माओवादी)मात्रै एउटा यस्तो कम्युनिष्ट समूह देखिएको छ जसले वर्गसमन्वय होइन वर्गसंघर्ष नै क्रान्तिको आधार भनेर निर्वाचनलाई एउटा वर्गीय संघर्षको नीतिका रूपमा लिने घोषणा गरेको थियो ।

अहिले समग्र माओवादी आन्दोलन सिद्धान्त, विचार राजनीति र स्थानीय निर्वाचनको सन्दर्भमा मूलतः चार चीरामा बाडिएको छ,-प्रचण्ड नेतृत्वको माओवादी केन्द्र, किरण नेतृत्वको नेकपा(क्रान्तिकारी माओवादी), विप्लव नेतृत्वको नेपाल कम्युनिष्ट पार्टी र बाबुराम नेतृत्वको नयाँ शक्ति नेपाल । विचार, सिद्धन्त र अहिलेको स्थानीय नीर्वाचनमा लिएको नीति र सरकारलाई हेर्ने सवालमा प्रचण्ड र बाबुरामबीच खासै भिन्नता छैन् । यद्धपि प्रचण्ड र माओवादी केन्द्रका नेताहरूले क्रान्ति र क्रान्तिकारीहरूको बीच एकताको नारा दिन छाडेका छैनन् । रूपमा जे भएता पनि सारमा माके, नयां शक्ति नेपाल, उपेन्द्रको फोरम एमाले र कांग्रेसमा खासै भिन्नता छैन् । अहिले आएर मसालपनि त्यसको दुरी घटाउने कसरतमा देखिएको छ र प्युठानमा उसले पनि कांग्रेससित चुनावी तालमेल गरेका थियो । विप्लव नेतृत्वको पार्टीले पनि थवांगमा नेपाली कांग्रेससित चुनावी तालमेल गरेको पाइयो ।

प्रचण्ड नेतृत्वको माओवादी केन्द्र र बाबुराम नेतृत्वको नयाँ शक्ति नेपालले संसदीय आहलमा पौडी खेल्ने मात्रै नभई समग्र संसदीय व्यवस्थाको नेतृत्व हाम्रा एजेण्डाको विजय हो, यद्धपि स्थानीय निर्वाचनमा हाम्रो हार भएको छ भन्न थालेका छन् । निर्वाचनको हारपछि प्रचण्डले उनको र अन्य माओवादी समूहको जनमतको व्याख्या गर्दै भन्दै छन्- 'जनता माओवादीहरूबीचको एकता चाहन्छन्, त्यसैले सबै माओवादीहरू मिल्नुको विकल्प छैन् ।' किरण, बाबुराम र विप्लवआदि सबैलाई एकताका लागि उनले आव्हान समेत गरेका छन् । त्यसको प्रतिउत्तरमा नेकपा(क्रान्तिकारी माओवादी) का अध्यक्ष किरणले एउटा अन्तरवार्तामा भनेका छन्ँ'प्रचण्डले अब नेपाली कांग्रेस, एमाले र राप्रपासित एकता गरे हुन्छ ।'

त्यसैगरी विप्लवले पनि प्रचण्डको त्यो प्रस्तावलाई ठाडै अस्विार गरिदिएका छन् । यद्धपि उनको सत्ता साझेदारीको एउटा नीतिका कारण कुन बेला उनीपनि प्रचण्डको मायाजालमा पर्ने हुन भन्ने शंका मात्रै छैन, उनले आफ्नो एकीकृत क्रान्तिको सिद्धान्तको एउटा महत्वपूर्ण तत्व-सत्ता साझेदारी भएको हुँदा सायद उनको यदि त्यो सम्भव भएमा प्रचण्डमात्रै नभई नेपाली कांग्रेस र एमालेसित पनि सरकारमा जाने सम्भावनालाई किरणले झै पुरै नकार्ने सम्भावना कम छ । तै पनि उनले अहिले धम्किकै स्वरमा भए पनि प्रचण्डको अझै क्रान्तिकारी बनीरहने अभिलाषामा बन्देज भने लगाएका छन् । र सिद्धान्ततः स्थानीय निर्वाचन वहिष्कार गरेको माओवादी आन्दोलनको उक्त समुहले सजिलरी प्रचण्डको आव्हानलाई सकारात्मक रूपले लिने सम्भावना देखिएको छैन् ।

२०७४ असारको अन्तिम हप्तामा नेकपा(क्रान्तिकारी माओवादी)को केन्द्रीय समितिको बैठक सकिएको छ । उक्त केन्द्रीय समितिको बैठकले एक मतले क्रान्तिको आवश्यकता र औचित्यतामाथि बहस गर्दै केही महत्वपूर्ण निर्णहरू गरेको छ । जसमा नेपालमा क्रान्तिकारीहरूको एकता र ध्रुवीकरणका लागि आव्हन समेत गरेको छ । उसले स्पष्ट किटानीका साथ के भनेको छ भने मार्क्सवाद-लेनिनवाद-माओवादलाई नेपाली क्रान्तिको मार्गनिर्देशक सिद्धान्त मान्ने, नयाँ जनवाद, समाजवाद हुदै साम्यवादमा जाने प्रक्रियालाई मान्ने, क्रान्तिमा बल प्रयोगको सिद्धान्त मान्ने, वर्तमान संविधानको खारेजीको समर्थन गर्ने, कुनै पनि प्रतिक्रियावादी सरकारमा नजानेहरूबीच पार्टी एकताको सम्भावना छ र त्यसका लागि पहलकदमी लिने निर्णय गरेको छ । यसरी स्थानीय निर्वाचनपछिको माओवादी आन्दोलन अब स्पष्टत दुई कित्तामा अगाडि बढने सम्भावना छ प्रथम नेपालमा क्रान्ति सम्भव छ र त्यसका लागि रणनीतिक र कार्यनीतिको विकास गर्दै अगाडि जाने मालेमावादी कार्यदिशा र दोस्रो नेपालमा अब शान्तिपूर्ण रूपमा संसदीय व्यवस्थाको सुदृढिकरण गर्दै देश विकासमा लाग्ने ख्रुश्चृभवादी प्रचण्ड-बाबुरामको कार्यदिशा हुने छ । रूपमा अनेक देखिएता पनि सारमा माओवादी आन्दोलन वर्गीय रूपले अब स्पष्ट दुई कित्तामा बाडिएको छ-सर्वहारा वर्गको मुक्तिका लागि निरन्तर क्रान्ति र दोस्रो दलाल पुँजीपति वर्गको पक्षमा विश्व साम्राज्यवाद र विस्तारवादका अगाडि विकासका नाममा आत्मसमर्पण र लम्पसारवादी मार्गको अवलम्वन ।

स्थानीय निर्वाचनपछि एउटा के निश्चित भएको छ भने सबै माओवादीहरूले आफूलाई अब प्रचण्ड नेतृत्वको माओवादी केन्द्रले नेतृत्व गरेको संसदीय व्यवस्थाको मार्ग तर्फ झन झन बसिभूत गराउदै लैजान्छन् कि किरण नेतृत्वको क्रान्तिकारी माओवादीले अगाडि सारेका भावी क्रान्तिका लागि एकता र ध्रुवीकरणका आधारहरूलाई सकारात्मक तरिकाले गम्भीरताका साथ आ-आफ्नो स्थानबाट प्रतिक्रिया दिन्छन् त्यसमा नेपालको भावी माओवादी माओवादी आन्दोलनको निरन्तरता अन्तरनिहित छ ।

झर्रोटर्रो कैलुब्राह

भाँडमा एकता

पार्टी एकताको अन्तिम चरणमा आएर घोषणा गर्ने बेला भाँडिएपछि 'पुरानो विचार नयाँ शक्ति' पार्टीका प्रमुख गोर्खाली डाक्साव नाराज भए । उता 'जातीवादी फोरम'का कमाण्डर मिस्टर महिषपालले पनि गोर्खाली डाक्सावलाई नेता मान्न नसकिने भन्दै अब उनीसँग एकता नगर्ने घोषणा गरे । दुई खेपमा सम्पन्न भइसकेको गाउँले तहको चुनाउमा एउटै चुनाउ चिन्ह लिएर चुनाउ लडेका र चुनाउ सकिएपछि एकता गरेर एउटै पार्टी बनाउने भनेका दलहरूका बिचमा भुइँचालाले झैं धाँजा पारिदियो । अन्तिम बेलामा आएर किन वार्ता भाँडियो त भन्ने कुरोको चुरो बताउन, पार्टीको बैठकले लिएका निर्णय सुनाउन भन्दै डाक्सावले पत्रकार सम्मेलनको आयोजना गरे । उक्त पत्रकार सम्मेलनमा आफ्ना कुरा राखिसकेपछि पत्रकारले विभिन्न प्रश्नहरू सोधे । उक्त सम्मेलनमा पत्रकारहरू र डाक्सावका बिचमा भएको बातचितको सारसंक्षप यहाँ जस्ताको तस्तै राखिएको छ ।

पत्रकार : तपाइँको पार्टी र फोरमको पार्टी मिलाउने कुरो किन बिग्रियो ?

डाक्साव : उहाँको र हाम्रो विचार मिलेन त्यसैले कुरो बिग्रियो भन्ने हाम्रो भनाई हो ।

पत्रकार : कसरी विचार मिलेन त ? सिद्धान्त त तपाइँहरूको एउटै हो । दुबैले कम्युनिष्ट विचार त्यागेर हिँडेको नेताहरू हुनुभो । तपाइँहरूले चुनाउ चिन्ह एउटै लिएर सँगै उमेद्वार उठाउनुभो । सबै कुरा मिलेर कमिटीको टुङ्गो लाग्ने बेला एकाएक कसरी भाँडियो ?

डाक्साव : सिद्धान्त त हामी दुबैको एउटै हो । कम्निस्ट विचार पनि हाम्ले त्यागेकै हो । किनकि अब हाम्रा लागि त्यो विचार काम छैन भन्ने हाम्रो भनाइ हो । फोरम र हाम्रा विचमा नमिलेको विचार त माउ नेता को हुने भन्नेमा हो । त्यसैले भाँडियो ।

पत्रकार : तपाइँले फोरमवालालाई नेता मानेको भए के हुन्थ्यो त ?

डाक्साव : त्यस्तो काँ हुन्च ? उहाँ पनि जनयुद्धमा लागेको म पनि लागेको । त्यतिवेला म पार्टीको पोलिट ब्युरोको बरिष्ठ नेता हुँदा उनी सामान्य क्षेत्रका कार्यकर्ता थिए । म देशको पर्धानमन्त्री खाइसकेको मान्छे उनी उपर्धानमन्त्री मात्रै भएको, मैले डाक्टरी पढेको उनी डिग्रीधारी मात्रै, मेरो पार्टी देशैभरी छ उनको मधेश र पूर्वतिरको पाडमा अलिअलि भएको, उनको पार्टी फोरम भएकाले कतिखेर कस्ले फोर्ने हो केही ठेगान नभएकोले म नै पावरफूल नेता हुन पर्च भन्ने हाम्रो भनाइ हो । यसैमा विचार मिलेन । मैले आफू भन्दा कनिष्टलाई नेता मान्ने त कुरै भएन नि भन्ने हाम्रो भनाई हो ।

पत्रकार : नेतामा कुरो नमिल्ने पनि विचार हुन्छ र ?

डाक्साव : त्यही त हो ऐलेको २१औं शताब्दीको नयाँ विचार । नेता को हुने भन्ने कुराले पार्टी कस्तो हुने भन्ने हुन्च भन्ने हाम्रो भनाई हो । सबै पार्टीमा त मुख्य नेताले जे भन्यो त्यही हुने गरेको छ । हाम्रो मात्रै कुरा होइन नि । माउ नेताले जे चाह्यो जस्तो चाह्यो त्यस्तै हुन्च पार्टीको नीति ।

पत्रकार : फोरमसित त भाँडियो अब माकेसँग एकता हुन्च त ?

डाक्साव : हुन्न हुन्न । माकेसँग त झन् हुन्दै हुन्न । एकफेरा थुकेको थुक कस्ले चाट्छ ? मोकेका सुप्रिमोले जीवनभर अध्यक्ष नछोड्ने, मैले जीवनभर अध्यक्ष बन्न नपाउने भएरै त पार्टी छोडेर हिँडेको हो । फेरि रुझेको बिरोलोझैं लुथ्रुक्क परेर फर्किने कुरा हुन्न भन्ने हाम्रो भनाई हो ।

पत्रकार : उनले जस्तो तपाइँले पार्टी हाँक्न सक्नुहुन्न, तपाइँले गुट मात्रै चलाउनुहुन्च भन्छन् त ।

डाक्साव : मेरै विचारमा हिँड्ने, मलाई पार्टी चलाउन सक्दैन भन्ने ? मैले भन्दा झन् बढी गुट त तिनै सुप्रिमोले चलाउँचन् नि । गुटमा रमाउने मान्छे त उनै हुन् ।

पत्रकार : तपाइँको पार्टीका दोस्रो तहका नेताले त माकेसँग एकता गर्नु पर्च भनेर कस्सिएका छन् । ऐले तपाइँले पार्टी कमिटी पनि भङ्ग गर्नुभो । दोस्रो तहका नेता माकेमा फर्किए भने के गर्नुहुन्च ?

डाक्साव : माकेबाट पार्टी छोड्नेबेला पैला त म एक्लै छोडेको हुँ । दोस्रो तहका गएचन् भने तेस्रो तहकालाई ल्याउँचु । म त ज्यान गएपनि सुप्रिमोलाई नेता मान्न त जाँदिन भन्ने हाम्रो भनाई हो ।

पत्रकार : माकेका सुप्रिमोले त तपाइँहरू पार्टीमा फर्कनुहुन्च एकता हुन्च भनेका छन् त ?

डाक्साव : त्यो उनको सपना हो । उनले रातमा नभएर दिनमा सपना देख्चन् । ब्युँझँदा त उनी कैले सिङ्गापुर कैले दिल्ली, कैले डेउडापति निवास र कैले बालकोट पुगेका हुन्चन् । बास्तवमा उतिबेला मलाई भारत परस्त भनेर कारवाही गरेर निकाले, तर म भन्दा झन् बढि भारत परस्त र उसको टाङ मुनि छिरेर लम्पसार पर्ने र खुट्टामा तेल लाउँदै मलाई पर्धानमन्त्री बनाइदेऊ भन्दै हिँड्ने त उनै रैचन् भन्ने कुरा दुनियाँले छ्याङ्डै देखिहाल्यो । त्यसैले उनीसँग एकता हुँदैन भन्ने हाम्रो भनाई हो । लौ आजलाई यत्ति भनौं । सबै कुरा ऐल्यै सक्ने कुरा पनि भएन । सबैलाई चेतना भया ।

१४ साउन २०७४

kailubraha73@gmail.com

जनगणतन्त्रमा जान प्रचण्डले खुट्टा कमाए

कम्युनिस्ट आन्दोलनमा एकपटक धोका हुँदैमा जनता निराश भएर बसेको इतिहास छैन । रायमाझी, मनमोहन, तुलसीलाल आदिले धोका दिए भनेर मालेले गरेको क्रान्तिमा जनताले निराशा देखाएनन्, मालेले गद्दारी गर्दा माओवादीले सुरू गरेको क्रान्तिमा जनताले निराशा देखाएनन् । प्रचण्डले गद्दारी गर्दैमा जनता निरास भएका छैनन् । बरू प्रचण्डलाई घृणा गरेका छन् ।

❑ दीर्घप्रसाद पाण्डे
सचिव, केन्द्रीय सल्लाहकार समिति,
नेकपा (क्रान्तिकारी माओवादी)

नेपाली कम्युनिस्ट आन्दोलनमा लामो समय गुजार्नु भयो । नेपाली कम्युनिस्ट आन्दोलनको वर्तमान स्थितिलाई संक्षिप्तमा प्रकाश पारिदिनुस् न ?

कम्युनिष्ट आन्दोलनको वर्तमान स्थिति त्यति निरासाजनक छैन । जनतामा राजनीतिक चेतना आएको छ। कम्युनिस्ट आन्दोलनकै भरमा मुख्यतः १० वर्षे जनयुद्धले नेपालमा गणतन्त्र स्थापना भएको कुरा स्वयम् प्रतिक्रियावादीहरूले पनि स्वीकार गर्न वाध्य छन् । मुख्य गरेर १० वर्षे जनयुद्धको पार्टीले गणतन्त्र प्राप्ति पछि देशलाई जनगणतन्त्रको दिशातर्फ लान सकेन । माओवादीको ठूलो हिस्सा संसदीय भासमा पतन हुन पुग्यो। बँचेको माओवादी हिस्साको आत्मगत स्थिति तत्काल संसदीय मोर्चामा आक्रमण गरी जनगणतन्त्रमा लानसक्ने नभएकाले अन्यौल देखिएको मात्र हो । नेपाली जनता सदा क्रान्तिका पक्षमा छन् । क्रान्तिकारी माओवादीले क्रान्तिको नेतृत्व गरिरहेको छ । संसदीय परिपाटीले जनताका समस्याहरू समाधान हुनेवाला छैनन् । निकट भविष्यमा नै ने.क.पा. (क्रान्तिकारी माओवादी) के नेतृत्वमा आम शोषित पीडित जनता गोलबद्ध हुनेछन् र सशस्त्र विद्रोहद्वारा जनगणतन्त्रतर्फ देश जानेछ ।

करिव सात दशक गुज्रदै गर्दा नेपाली कम्युनिस्ट आन्दोलनले स्थापनाकाल देखिको नयाँ जनवादी-क्रान्तिको मुद्दालाई किन गन्तव्यमा पुऱ्याउन सकेन ? समस्या कहाँ रहन गयो ?

क.पुष्पलालले स्पष्ट रूपमा नेपालमा चीनकै मोडेलमा नयाँ जनवादी क्रान्तिको कार्यदिशा निर्धारण गरेका थिए । प्रथम महाधिवेशनबाट उनी मुख्य नेतृत्वबाट बाहिर पारिए। पार्टीमा बुर्जुवा मनमोहन आए। अर्कोतर्फ विश्व कम्युनिस्ट आन्दोलनमा पनि उताडचढाव सुरु भयो । यसै समयमा मस्कोमा भएको ८१ देशका कम्युनिस्ट पार्टीको सम्मेलनमा जहाँ स्वयम् माओ पनि उपस्थित थिए यस बैठकमा शान्तिपूर्ण तरिकाले क्रान्ति सम्पन्न हुन सक्ने देशमा (राष्ट्रिय प्रजातान्त्रिक) तरिकाले पनि क्रान्ति सम्पन्न हुन सक्दछ भन्ने प्रस्ताव पास भयो। नेपालमा बुर्जुवाको हातमा नेतृत्व भएकाले कागतालि मिल्न पुग्यो । २०१० साल देखि २०२५ सालसम्मको स्थिति यस्तै अन्यौलमा बित्यो । २०२५ सालमा पुष्पलालले पुनः प्रयास गरे, चौतर्फी हमलाका कारण उनको प्रयास सफल हुन सकेन । झापालीहरूको प्रयासले केही अघि बढेको थियो, उनीहरू पनि संसदीय भाषमा भासिएपछि ने.क.पा. (माओवादी)ले २०५२ सालबाट नयाँ जनवादी क्रान्तिको मुद्दालाई लिएर १० वर्षे जनयुद्ध सञ्चालन गऱ्यो । क्रान्तिलाई उचाईमा पनि पुऱ्यायो । गणतन्त्रसम्म ल्याउन सफल पनि भयो । तर जनगणतन्त्रमा जान प्रचण्डले खुट्टा कमाए । जनता सदा क्रान्तिको पक्षमा छन् । बारम्बार नेतृत्वै बाट धोका हुँदा जनवादी क्रान्ति गन्तव्यमा पुग्न सकेन ।

तपाई ने.क.पा. (क्रान्तिकारी माओवादी) को केन्द्रीय सल्लाहकार सचिव पनि हुनुहुन्छ । क्रान्तिकारी माओवादी राष्ट्रिय सम्मेलनमा जुटिरहेको छ । यस पार्टीले सम्मेलनबाट पुरा गर्ने कार्यभारहरू के के देख्नुहुन्छ ?

अझै पनि पार्टीभित्र सारसंग्रहवादी केही अवशेषहरू बाँकी छन्, राष्ट्रिय सम्मेलनले स्पष्ट क्रान्तिकारी धार निर्माण गर्नुपर्दछ । नेतृत्वमा देखिएका संसदीय किसिमका भद्दा संगठनका स्वरूपलाई कामकाजी र चुस्त दुरुस्त पार्नुपर्दछ । नेतृत्व चयन गर्दा सिनियारीटीलाई मात्र प्राथमिकता दिने जुन रोग अझै विद्यमान छ, यसबाट मुक्त हुनुपर्दछ । पार्टीमा नेतृत्वको कमि छैन । जनयुद्ध गरेको मुख्य नेतृत्व नै यथावत छ। पार्टी दर्शन राजनीति आदिमा स्पस्ट नै छ । सवाल कार्यक्षेत्रमा जाने र विद्रोहलाई अघि बढाउने कुरामा मात्र बाँकी छ । राष्ट्रिय सम्मेलनले जनवादी केन्द्रीयताको नियममा यहि क्रान्तिको कार्यभारलाई केन्द्रबिन्दु बनाएर गएमा अरु सामान्य अन्तरविरोध र अन्य सानातिना मतभेद, पार्टी काममा खट्ने र कुराले मात्र क्रान्तिकारी देखिने, काम नगर्ने र निराशा मात्र प्रकट गर्ने अन्य पार्टीलाई सवल देख्ने र आफ्नो पार्टीलाई कमजोर देख्ने पुजारी रहदासम्म घन्टि बजाइरहन्छु जस्तो रूपमा पार्टीमा रहेका जुन समस्याहरू छन्, स्वतः निस्क्रिय हुनेछन् । यी नै कार्यभारहरू पुरा गर्नुपर्ने देखिन्छ । अब पनि क्रान्तिलाई व्यवहारिक रूपमा अघि बढाउन सकिएन भने क्रान्ति धेरै टाढा पुग्ने छ ।

अहिले राष्ट्रियता, जनतन्त्र र जनजीविकाका मुद्दाहरू विकराल अवस्थामा छन् । यी समस्याहरूको समाधानका लागि के नयाँ जनवादी क्रान्ति अनिवार्य छ ?

प्रथम त राष्ट्रियता, जनतन्त्र र जनजीविकाका मुद्दाहरूलाई समाधान गर्न नसकिने विकराल रूपमा हेर्न हुँदैन। खराब अवस्यै छन्। लेन्डुपदोर्जे राष्ट्रियता (आत्मसमर्पणवादी) मण्डले राष्ट्रियता र प्रगतिशील राष्ट्रियताका बीच लामो समयदेखि अन्तरद्वन्द्व चलिरहेको छ । प्रगतिशील राष्ट्रियताले अवरोध गर्न सकेकै कारण नेपाल सिक्किम, भुटान हुनबाट बचेको छ । अब नेपाललाई विश्व परिस्थितिले पनि सिक्किम भुटान बनाउन सक्ने स्थिति छैन र लेन्डुपदोर्जेका प्रतिमूर्तीका रूपमा यहाँका राजनीतिक दलाललाई अघि सारी नवउपनिवेश चलाउने भारतको चाल अब लामो समय चल्न सक्दैन । प्रगतिशील राष्ट्रियता कम्युनिष्टले मात्र अवलम्बन गर्दछन् । जबसम्म कम्युनिष्टहरूले सत्ता लिन सक्दैनन्, तबसम्म जनगणतन्त्र र जनजीविकाका सवालहरू कुनै हालतमा पनि पुरा हुँदैनन्, क्रान्ति लगातार चलिरहन्छ । त्यसैले जनवादी क्रान्ति अनिवार्य छ र अवश्यै पुरा हुन्छ ।

नेपालमा दर्जनौं कम्युनिस्ट पार्टीहरू अस्तित्वमा छन्, कसैले समाजवादी त कसैले नयाँ जनवादी क्रान्तिका कुरा गरिरहेका छन् । नयाँ जनवादी क्रान्तिका पक्षधर कम्युनिष्ट पार्टीबीच एकता तथा ध्रुवीकरणको सम्भावना कस्तो देख्नुहुन्छ ?

एक त दर्जनौं कम्युनिष्ट पार्टीहरू नेपालमा छैनन् तथाकथित नामधारी हुन सक्दछन । पुँजीवाद पछि हुने क्रान्ति समाजवादी क्रान्ति हो । केही राजनीतिक दलाल , नोकरशाह, सामन्तसँग पुँजी हुँदैमा देश पुँजीवादी हुन सक्दैन । समाजवादी क्रान्ति भन्ने कुरा वकवास मात्र हो । खुला अर्थतन्त्र, संसदीय व्यवस्थामा चिरस्थायी भई उत्पिडन यथावत रूपमा राख्ने षडयन्त्र मात्र हो । उनीहरूले अब बल प्रयोगको मार्क्सवादी सिद्धान्त छाडीसके । द्धन्दवादले निषेधको निषेध सिद्धान्तलाई मान्दछ। यदी यहाँ नौलो जनवाद नै आएको भए पनि क्रान्तिकारीहरूले त्यसलाई निषेध गरेर निरन्तर क्रान्ति गर्दै समाजवाद साम्यवाद सम्म पुग्न लाग्नु पर्नेमा संसदीय व्यवस्था भन्दा माथि उठ्ने कार्यक्रम नै नभएका संगको एकता असम्भव देख्दछु । मार्क्सवाद-लेनिनवाद-माओवाद मान्ने पार्टीहरूको बीच सरसल्लाहको भरमा एकता त्यो पनि त्यति उपयुक्त देखिंदैन । जहाँसम्म एउटै कार्यक्रम कार्यदिशा लिएका पार्टीहरू छन्, तिनीहरूका बीच क्रान्तिका क्रममा ध्रुवीकरण हुनेछ। हतार गर्नु आवश्यक छैन सम्भावना पनि तत्काल देखिंदैन ।

पटक-पटक धोका र गद्दारीमा टुँगिएको नेपाली कम्युनिस्ट आन्दोलनप्रति जनतामा व्याप्त निराशालाई आशामा कसरी बदल्न सकिन्छ ?

कम्युनिस्ट आन्दोलनमा एकपटक धोका हुँदैमा जनता निराश भएर बसेको इतिहास छैन । रायमाझी, मनमोहन, तुलसीलाल आदिले धोका दिए भनेर मालेले गरेको क्रान्तिमा जनताले निराशा देखाएनन्, मालेले गद्दारी गर्दा माओवादीले सुरु गरेको क्रान्तिमा जनताले निराशा देखाएनन् । प्रचण्डले गद्दारी गर्दैमा जनता निरास भएका छैनन् । बरु प्रचण्डलाई घृणा गरेका छन् । उसलाई हराइदिएका छन् । नेपालको कम्युनिस्ट आन्दोलन यसरी जिकज्याकमा अघि बढिरहेको छ, केही उपलब्धि पनि प्राप्त भैरहेको छ । यदि अब क्रान्तिकारी माओवादीले जनयुद्धमा जस्तै जनताका समस्याहरूलाई लिएर क्रान्ति सुरु गर्ने हो भने जनता युद्धमा गोलबद्ध हुनेछन् । मन्त्रले वा कुराले मात्र जनतामा आशा पलाउने होइन राजनीतिक गद्दार, कालो बजारीयाहरू, भारतीय दलाल पुँजीपतीहरू, नोकरशाहहरू, भूमाफियाहरू आदिमा सत्ता, शक्ति र धन केन्द्रित भएको छ, आम जनता दिन परदिन गरिबीको रेखामुनि गइरहेका छन । के ब्लडप्रेशर जचाउन राष्ट्रिय धनमा विदेश गएको कुरा सिटामोल खान नपाउने मानिसले देखेका छैनन् ? यिनीहरूले सत्ता प्राप्तिका लागि गर्ने गरेको ताण्डव के जनताले देखेका छैनन् ? भारतले नेपालका महेशपुर, सुस्ता, लिपुलेक लगायतका ६३ स्थान अतिक्रमण गरेको देखेका छैनन् ? भारतले नेपालमा डुबान हुने गरी सिमा क्षेत्रमा बाँधेको बाँध देखेका छैनन् ? हरदिन प्रयोग गर्ने आवश्यक वस्तुमा कालोबजारीया हरूले मिसावट र उच्च मूल्यमा बिक्री वितरण भएको देखेका छैनन् ? के जनता यस्तै स्थिती रहिरहोस् भन्ने चाहन्छन् ? जनताले मार्क्सवादका ठेली नपढेका हुन सक्छन् तर व्यवहारमा भएका उत्पीडन दमनलाई राम्रै पढेका छन् । अब पार्टीले मार्क्सवादको प्रचारप्रसार मात्र गरेर जनतामा आशा ल्याउन सक्दैन । व्यवहारमा नै माथि बताइएका समस्याहरू समाधान गर्न जनआन्दोलनबाट कार्यहरू सुरु गरि आवस्यक परे जनतालाई समेत सशस्त्र पार्ने कार्यनीतिमा अघि बढ्नु पर्दछ । स्वतः जनतामा आफ्नो शक्तिप्रति आशा मात्र होइन विश्वास पैदा हुनेछ ।

अन्तमा, नेपाली कम्युनिस्ट क्रान्तिकारी आन्दोलनको पछिल्लो पुस्ता र कम्युनिस्ट आन्दोलनका पक्षधर जनतालाइ के आव्हान गर्नुहुन्छ ?

भाग्यवादीले मात्र अरुको भर पर्दछ । अघिल्लो पुस्ताले जे जसरी भए पनि कम्युनिस्ट आन्दोलनलाई यहाँसम्म ल्याई पुऱ्याए । अहिले कम्युनिस्ट आन्दोलन पक्षधर ठूलो जनमत छ। ६३ प्रतिशत जनताले आफूलाई कम्युनिस्ट कित्तामा देखाएका छन् । जनता आफैं नेतृत्व गर्न सक्दैनन् । जनताको नेतृत्व लिनसक्ने युवाको अहिले खाँचो छ । अब अहिलेको पुस्ताले अघिल्लो पुस्तासँग भएको ज्ञान, सीप, दर्शन, विचार, अनुभव आदि लिदै क्रान्तिको नेतृत्व लिन अघि आउनु पर्दछ। नयाँ जनवादी व्यवस्था नआएसम्म जनताका आधारभूत आवश्यकता समेत पुरा नहुने हुँदा जनतालाई पनि नयाँ जनवाद ल्याउनका लागि क्रान्तिकारी शक्तिलाई सहयोग समर्थन गर्न सम्पूर्ण जनतालाई आव्हान गर्दछु ।

कम्युनिष्ट आन्दोलनको वर्तमान स्थिति त्यति निरासाजनक छैन । जनतामा राजनीतिक चेतना आएको छ । कम्युनिस्ट आन्दोलनकै भरमा मुख्यतः १० वर्षे जनयुद्धले नेपालमा गणतन्त्र स्थापना भएको कुरा स्वयम् प्रतिक्रियावादीहरूले पनि स्वीकार गर्न बाध्य छन् । मुख्य गरेर १० वर्षे जनयुद्धको पार्टीले गणतन्त्र प्राप्ति पछि देशलाई जनगणतन्त्रको दिशातर्फ लान सकेन ।

ooo

क.पुष्पलालले स्पष्ट रूपमा नेपालमा चीनकै मोडेलमा नयाँ जनवादी क्रान्तिको कार्यदिशा निर्धारण गरेका थिए । प्रथम महाधिवेशनबाट उनी मुख्य नेतृत्वबाट बाहिर पारिए । पार्टीमा बुर्जुवा मनमोहन आए । अर्कोतर्फ विश्व कम्युनिस्ट आन्दोलनमा पनि उतारचढाव सुरू भयो ।

ooo

अझै पनि पार्टीभित्र सारसंग्रहवादी केही अवशेषहरू बाँकी छन्, राष्ट्रिय सम्मेलनले स्पष्ट क्रान्तिकारी धार निर्माण गर्नुपर्दछ । नेतृत्वमा देखिएका संसदीय किसिमका भद्दा संगठनका स्वरूपलाई कामकाजी र चुस्त दुरूस्त पार्नुपर्दछ । नेतृत्व चयन गर्दा सिनियारीटीलाई मात्र प्राथमिकता दिने जुन रोग अझै विद्यमान छ, यसबाट मुक्त हुनुपर्दछ । पार्टीमा नेतृत्वको कमि छैन ।

ooo

लेन्डुपदोर्जे राष्ट्रियता (आत्मसमर्पणवादी) मण्डले राष्ट्रियता र प्रगतिशील राष्ट्रियताका बीच लामो समयदेखि अन्तरद्वन्द्व चलिरहेको छ । प्रगतिशील राष्ट्रियताले अवरोध गर्न सकेकै कारण नेपाल सिक्किम, भुटान हुनबाट बचेको छ ।

ooo

नेपाललाई विश्व परिस्थितिले पनि सिक्किम भुटान बनाउन सक्ने स्थिति छैन र लेन्डुपदोर्जेका प्रतिमूर्तिका रूपमा यहाँका राजनीतिक दलाललाई अघि सारी नवउपनिवेश चलाउने भारतको चाल अब लामो समय चल्न सक्दैन । प्रगतिशील राष्ट्रियता कम्युनिष्टले मात्र अवलम्बन गर्दछन् ।

ooo

एक त दर्जनौं कम्युनिष्ट पार्टीहरू नेपालमा छैनन् तथाकथित नामधारी हुन सक्दछन । पुँजीवाद पछि हुने क्रान्ति समाजवादी क्रान्ति हो । केही राजनीतिक दलाल, नोकरशाह, सामन्तसँग पुँजी हुँदैमा देश पुँजीवादी हुन सक्दैन । समाजवादी क्रान्ति भन्ने कुरा बकवास मात्र हो । खुला अर्थतन्त्र, संसदीय व्यवस्थामा चिरस्थायी भई उत्पीडन यथावत रूपमा राख्ने षडयन्त्र मात्र हो ।

ooo

प्रचण्डले गद्दारी गर्दैमा जनता निरास भएका छैनन् । बरू प्रचण्डलाई घृणा गरेका छन् । उसलाई हराइदिएका छन् । नेपालको कम्युनिस्ट आन्दोलन यसरी जिकज्याकमा अघि बढिरहेको छ, केही उपलब्धि पनि प्राप्त भैरहेको छ । यदि अब क्रान्तिकारी माओवादीले जनयुद्धमा जस्तै जनताका समस्याहरूलाई लिएर क्रान्ति सुरू गर्ने हो भने जनता युद्धमा गोलबद्ध हुनेछन् ।

जीवनको उद्देश्यबारे (जीवन दर्शनको सवाल)

मानिसले जीवनमा कस्तो उद्देश्य लिनुपर्छ ? संसारमा जन्म लिएर मानिसले गर्नुपर्ने काम के हो ? उसले आफूले पाएको जीवनलाई कसरी बिताउनुपर्छ ? उसको जीवनको सार्थकता केमा रहेको हुन्छ ? यी यस्ता प्रश्नहरू हुन्, जसमा प्रत्येक मानिसले सोच्नैपर्छ र सबैले आ-आफ्नो ढङ्गले सोच्ने पनि गर्छन् । यो मानिस मात्रको लागि एउटा निकै चासोको विषय हो । साँचो भन्ने हो भने, जीवनमा मानिसले कुन बाटो लिनुपर्छ भन्ने सवाल जीवनको सबभन्दा आधारभूत सवाल हो ।

प्रत्येक मानिसले जीवनमा आफ्नो बाटो चुन्न सक्छ र चुन्ने उसको आफ्नो अधिकारको कुरा हो । उसको सामु यसरी चुन्न सकिने मुख्य रूपमा दुइटा बाटाहरू छन् । एउटा बाटो हो – संकीर्ण स्वार्थको सानो घेराभित्र आफूलाई सीमित पार्नु र त्यसको बन्दी बनेर जीवन बिताउनु । यस खालको जीवनमा मानिस आफैमा केन्द्रित रहेर आफ्नो साँगुरो, वैयक्तिक स्वार्थपूर्तिमा व्यस्त रहन्छ, त्यस्तो स्वार्थको अँध्यारो गल्लीभित्र रुमलिरहन्छ र स्वार्थ-पूर्तिको लागि जस्तोसुकै काम पनि गर्दछ । सायद मर्ने बेलामा त्यस्तो जीवन बिताउने मानिसले पश्चातापको सुस्केरा हाल्दै भन्दो होला : मेरो जीवन बेफ्वाँकमा सिद्धियो, मैले जीवनमा कुनै असल काम गरिनँ । अर्को बाटो हो – फराकिलो राजमार्ग । यस राजमार्गमा हिड्ने मानिसको लागि व्यापक जनसाधारणको सेवा नै मुख्य लक्ष्य रहन्छ । यो शोषण, उत्पीडन र अन्यायबाट जनताको मुक्तिको लागि सङ्घर्षको राजमार्ग हो । यस मार्गमा हिंड्नुको अर्थ उपरोक्त पवित्र सङ्घर्षमा आफूलाई हिस्सेदार बनाउनु, सो सङ्घर्षको पक्षमा कुनै न कुनै रूपमा योगदान गर्नु र त्यसको सफलताको लागि आफ्नो सामर्थ्य र बुद्धिलाई लगाउनु हो ।

अलि विस्तुत रूपमा हामी यसबारे विचार गरौं ।

हामी आफ्नो वरिपरि, चारैतिर गरिबीमा बाँचिरहेका र भयानक दुखकष्ट भोगिरहेका अनगिन्ती मानिसहरू देखिरहेका छौं – यी त्यस्ता मानिस हुन, जो आफ्नो जीविका कमाउनका लागि पसीना बगाएर रातोदिन मेहनत गर्छन्, तर मानवोचित जीवन पाउँदैनन्, वा जो इमान्दारीपूर्ण श्रम गर्न चाहेर पनि काम पाउन सक्दैनन् । हाम्रो मुलुकमा पनि छाक टार्न नसकी हैरानी भोगिरहेका र गरिबी र अभावको पञ्जामा परी छटपटाइरहेका मानिसहरू बहुसङ्ख्यामा छन् । भोकले छटपटाइरहेका नीला-फुस्रा अनुहार भएका, जवानीको अनुभव नगर्दै बूढो बनेका, हाड-छाला मात्रले शरीर बनेका, कठोर परिश्रम गर्दा पनि पेटभरि खान नपाएर सिकुटी भएका र रोगी बनेका अनगिन्ती नरनारी र बालबालिकाहरू – यो कत्रो भयानक दृश्य हो । यो जीवनको दुखान्त नाटक हो – यस्तो नाटक, जसको शुरुदेखि अन्तसम्म दुखै-दुखले भरेको गाथा रहेको छ । यसमा अधिकाँश तिनै मानिसहरू हुन्, जसले आफ्नो पसीना-रगत एक गरेर समाजको धनदौलत, सुख-सुविस्ताहरू सिर्जन्छन्, तर उनीहरूले सो भोग्न पाउँदैनन्, र आफूले सिर्जेको धनदौलत उनीहरूकै लागि बन्धन र दुखको कारण बन्छ । अर्कोतिर मुट्ठीभर यस्ता मानिसहरू छन्, जो ठूल-ठूला महलहरूमा ऐश-आरामको विनाउत्पादक परिश्रमको र आलस्यपूर्ण वैभवको जीवन बिताउँछन् । कस्तो लाग्छ भने उक्त जीवनले परिश्रमी जीवनको उपहास गरिरहेको छ ।

यसरी, एकातिर भयानक गरिबी तथा अभाव र अर्कोतिर धनदौलतको प्रचुरता – यो हाम्रो समाजले, प्रत्येक शोषण-आधारित सामाजिक व्यवस्थाले पैदा गरेको परिणाम हो । मानिसको हिसाबबाट हेर्ने हो भने, यो विभाजन यस रूपमा हुन आउँछ - एकातिर सम्पन्नशाली, शोषक, लुटेरा, थैलीशाहहरूको संसार र अर्कोतिर पसीना बगाउने तर पेटभरि खान नपाउने, भोका-नांगा, विपन्न, रोगग्रस्तहरूको संसार । उक्त दुई संसारको बीचमा एउटा ठूलो खाल्टो छ – यस्तो खाल्टो, जुन शोषण-आधारित समाज अन्तर्गत झनझन फराकिलो र गहिरो हुँदैछ । घोर गरिबीको सागरमा छिटपूट धनदौलतको प्रचुराका टापुहरू रहनु – के यो नमिल्दो व्यवस्था होइन र ? यो नै सबभन्दा प्रमुख तत्व हो, जसले हाम्रो सम्पूर्ण समाजलाई, सम्पूर्ण सामाजिक जीवनलाई दुर्गन्धी र विषाक्त बनाइरहेको छ । गरिबीले कैयौं मानिसहरूलाई प्राकृतिक मानव-स्वभावको विरुद्ध नचाँहदा-नचाँहदै पनि विभिन्न खालका दुष्कर्म, पाप-कर्म र अपराध गर्न बाध्य पारिरहेको छ । सामान्यतः मानिसहरू इमान्दार काम गरेर, हात र दिमाग घोटेर मानवोचित जीवन जिउन चाहन्छन्, तर श्रमजीवीहरूको निम्ति काम गरेर पनि मानिस जस्तो भएर जिउन मुश्किल भएको हुन्छ, र कैयौंले त जिउनका लागि हात र दिमाग घोट्ने अवसरसम्म पनि पाउँदैनन् । आज धेरै मुलुकहरूमा संङ्ख्यामा अधिकाधिक बढिरहेका बेरोजगारहरू उक्त अवसर नपाएकाहरू हुन् । त्यस स्थितिमा जिउनका लागि, आफू र आफ्नो परिवारको जीविकाको लागि ती भोका र अर्ध-भोकाहरूको सामु एउटा मात्र विकल्प रहन्छ – त्यो हो कुनै नाजायज काम गर्नु, कुनै अपराधी काम गर्नु । यो बाध्यता हो, जसले उनीहरूलाई चोरी गर्न, बगली मार्न, ठग्न, डकैती गर्न वा आफू जस्तै मानिसको हत्या गर्न लगाउँछ, जसले महिलाहरूलाई आफ्नो देह-व्यापार गरेर जिउनु पर्ने बनाउँछ र जसले मानिसलाई अमानवीय ढङ्गले पशुवत् व्यवहार गर्न लगाउँछ । यो आर्थिक बाध्यताको परिणाम हो । भोकले व्याकुल रहेका र भोक-भोकै मर्ने स्थितिमा परेका मानिसहरूको निम्ति नैतिक मूल्यहरूको कुराले केही असर पार्न सक्दैन ।

गरिबीको पक्षमा उपरोक्त कुरा छ भने धनदौलतको प्रचुराको पक्षमा पनि कुनै राम्रो कुरा पाइँदैन । समाजको धनधान्यपूर्ण अङ्गमा मानवीयता भन्ने चीज एकदमै दुलर्भ छ । धनको प्रचुराले व्यक्तिलाई अल्छीको पिण्ड बनाउँछ, उसमा धनको लोभलाई झन बढाउँछ, उसलाई पाखण्डी, कपटी र अमानवीय

कृष्णदास श्रेष्ठ

बनाइदिन्छ । धनले उसलाई मानवीय जीवन बिताउनका लागि पूरै अयोग्य पारिदिन्छ, उसलाई बिलकूल परजीवी बनाउँछ – समग्र रूपमा परजीवी । परजीवीवाद उसको मुख्य सिद्धान्त रहन्छ र त्यसद्वारा उसको सम्पूर्ण जीवन, सम्पूर्ण गतिविधि संचालित रहन्छ । धनको चहकमहकमा उसले आफ्नो चेतन-शक्ति र दिव्य-शक्ति गुमाउँछ । धन उसको लागि होइन, बरु ऊ धनको लागि बाँचेको हुन्छ । कहाँसम्म भने धन मात्र आउने भए ऊ जे पनि गर्न तत्पर रहन्छ, मुलुकको हित र जनताको हितलाई तिलाञ्जली दिन पनि किञ्चित मान्दैन । आलस्यपूर्ण जीवनले उसको दिमागलाई पाप, अपराध र षड्यन्त्र सिर्जना गर्ने यन्त्रमा परिणत गरिदिन्छ । उसमा 'अल्छीको दिमाग पिशाचको ज्यासल हो' (An idle brain is the devil's workshop) भन्ने उखान चरितार्थ हुन्छ । ठूल-ठूला सामन्त, धन-कुवेर, थैलीशाह आदिको जीवनलाई नजीकबाट हेर्नोस् त, त्यहाँ तपाईले साँच्चैको जीवनजस्तो, मानिसको जीवनजस्तो कुनै चीज पाउनु हुनेछैन । त्यहाँ तपाईले कुनै स्वस्थकर, जीवनदायी तथा उपयोगी चीज भेट्टाउनु हुनेछैन, बरु पाखण्डीपन, षड्यन्त्र, दुराचारिता, भ्रष्टता, राक्षसी नैतिकता, पाशविकता, आदि मात्र पाउनु हुनेछ ।

> ठूल-ठूला सामन्त, धन-कुवेर, थैलीशाह आदिको जीवनलाई नजीकबाट हेर्नोस् त, त्यहाँ तपाईले साँच्चैको जीवनजस्तो, मानिसको जीवनजस्तो कुनै चीज पाउनु हुनेछैन । त्यहाँ तपाईले कुनै स्वस्थकर, जीवनदायी तथा उपयोगी चीज भेट्टाउनु हुनेछैन, बरु पाखण्डीपन, षड्यन्त्र, दुराचारिता, भ्रष्टता, राक्षसी नैतिकता, पाशविकता, आदि मात्र पाउनु हुनेछ ।

यसरी प्रत्येक मुलुकमा, जहाँ मासिनद्वारा मानिसको शोषणमा, एक वर्गद्वारा अर्को वर्गको शोषणमा आधारित सामाजिक व्यवस्था छ- त्यस्तो प्रत्येक मुलुकमा एकातिर सम्पन्नता र अर्कोतिर विपन्नता विद्यमान छन् र ती दुईमाझको पर्खाल झनझन अग्लिदैछ । उपरोक्त खालको सामाजिक परिपाटी कुनै व्यक्ति वा व्यक्ति-समूहको सिर्जना होइन, बरु मानव समाजको खास स्तर र अवस्थाको एउटा स्वभाविक परिणाम हो । तसर्थ, उक्त पर्खाललाई भत्काएर र उक्त परिपाटीलाई नष्ट गरेर समानताको संसार सिर्जना गर्ने सवाल नैतिकता उठाउने, वा शिक्षाको प्रचार गर्ने वा सानातिना सुधार गर्ने, वा व्यक्तिहरूलाई खतम पार्ने सवाल होइन । यस्ता अनेकौं प्रयत्नहरू भइसकेका छन्, तर ती सब पर्खाल भत्काउने कुराको सम्बन्धमा निरर्थक साबित भएका छन् । वास्तवमा यो सवाल शोषणमा आधारित सामाजिक-आर्थिक व्यवस्थालाई मास्ने सवाल हो ।

यो कुनै सजिलो कार्य होइन । यसतर्फ एकला व्यक्तिहरूको प्रयत्न, जतिसुकै महत्वपूर्ण भए पनि, हात्तीको मुखमा जीराजस्तो मात्र रहन्छ । करोडौं-करोड शोषित-पीडित जनताको सङ्गठित र एकताबद्ध सङ्घर्षले मात्र उक्त कार्यलाई सफलतापूर्वक सम्पन्न गर्न सक्दछ । लामो समयदेखिन् श्रमजीवी मानवजातिले शोषण र थिचोमिचोबाट मुक्तिका लागि सङ्घर्ष गरिआएका छन् र त्यस सङ्घर्षमा उनीहरूले ठूल-ठूला त्याग र बलिदान गरिसकेका छन् । यस विश्वव्यापी सङ्घर्षमा कैयन् स्थानहरूमा ठूल-ठूला ऐतिहासिक विजयहरू हासिल गरिएका छन् । उक्त सङ्घर्ष अनेकौं घुम्ती र मोडहरू पार गर्दै र सामयिक पछि-हटाइहरू भोग्दै रोक्नैनसकिने प्रवाहको रूपमा अघि बढिरहेको छ ।

मुक्तिको लागि श्रमजीवी जनगणको उक्त सङ्घर्ष जारी छ, र त्यो सबभन्दा महान, पवित्र र गौरवशाली सङ्घर्ष हो । उक्त सङ्घर्षमा सहभागी बन्नु, त्यसलाई सकभर बढी सहयोग पुऱ्याउनु, र त्यसको सफलताको निम्ति सङ्घर्षरत रहनु सबै न्यायप्रेमी तथा प्रगतिप्रेमीहरूको उच्च कर्तव्य रहेको छ ।

तर यस महान सङ्घर्षको राजमार्गमा डटेर हिँडनु अवश्य पनि सजिलो छैन । यसमा लाग्दा अनेकौं अप्ठ्यारा र बाधाहरू स्वाभाविक रूपले आइपर्छन् र त्यसको मुकाबिला गर्नैपर्छ । कतिपय मानिसहरू अप्ठ्यारो देखेर भाग्ने पनि गर्छन् । खाँचो भन्ने हो भने, अप्ठ्यारो भनेको आगो जस्तो हो; तपाई काठ बन्नुभयो भने त्यसले जलाइदिन्छ, फलाम बन्नुभयो भने चाहिं त्यसले तपाईलाई झन दह्रो बनाइदिन्छ । तर, त्यस्ता अप्ठ्याराहरू बाहेक अन्य केही कुराहरू छन्, जसले मानिसलाई उक्त राजमार्गबाट विचलित पारेर अर्कै बाटोमा लगाइदिन्छ । हाम्रो जस्तो समाजमा यस्ता धेरै शक्तिहरू छन्, जसले मानिसहरूलाई साँगुरो, अँध्यारो गल्लीतर्फ घिसारेर लैजान र पिंजरामा नै कैद गर्न खोज्छन् । त्यस्ता शक्तिहरूमा मुख्य हुन् – लोभ-लालच, आफ्नै मात्र सुखको चाहना, व्यक्तिगत स्वार्थको विषाक्त वातावरण, रुढीवादी परम्परा, सामाजिक कुसंस्कार, आदि । माथि-उल्लेखित अप्ठ्याराहरूभन्दा धेरै गुना तागतशील उक्त शक्तिहरू छन् । जति धेरै धन कमाउन सक्यो त्यति बढी सफल जीवन हुन्छ भने धारणा आम रूपमा प्रचलित छ, र त्यसले मानिसलाई सजिलैसित आफ्नो प्रभावमुनि पार्दछ । खासगरी पुँजीवादी वा निम्न-पुँजीवादी वातावरण र संस्कारमा हुर्केका मानिसहरूलाई त्यसले सजिलैसित प्रभावित गर्छ । अरुहरूको दुखप्रति आँखा चिम्लेर आफूले सुखभोग गर भन्ने मानवता-विरोधी विचार व्यापक रूपमा फैलिएको छ, र सो विचार अनुसार चल्ने मानिसहरूको सङ्ख्या कम छैन । यस्ता मानिसहरूलाई औंल्याउँदै मार्क्सले भन्नुभएको थियो :

'तथाकथित व्यावहारिक मान्छेहरू र तिनीहरूको बुद्धि देखेर मलाई हाँसो उठ्छ । अवश्य पनि, सुँगुर बन्न चाहेमा नै मानिसले मानवजातिको दुःखकष्टबाट मुन्टो फर्काएर आफ्नै स्वार्थको मात्र चासो लिन सक्छ ।'

फेरि, यस राजमार्गमा लामो समयसम्म, जीवनको आखिर सिम्म लाग्नु पनि त्यति सजिलो काम होइन । मुक्तिको लागि मानवजातिको सङ्घर्षमा पहिले सहभागी बनेका कैयौं मानिसहरू बीचैमा त्यसबाट पन्छिएर आफ्नो स्वार्थको सांगुरो घेरामा सीमित हुन पुगेको हामीले देखेका छौं र अहिले पनि देखिरहेका छौं । उक्त सङ्घर्षमा सहभागी बन्ने इच्छाले आएका बुद्धिजीवीहरूमा कैयौंजना बीचैमा गायब हुन्छन् । त्यस्ता हजारौं दृष्टान्तहरू हाम्रो सामु छन् । यस्ता अनेकौं दृष्टान्तहरू छन्, जसमा कोही मानिसहरू, लेनिनले बताउनु भए झैं, बीसदेखि उन्नतीस वर्षको उमेरसम्म क्रान्तिकारी, तीसदेखि उन्नचालिसको उमेरमा उदारवादी र चालिसदेखि सरकारी कर्मचारी बन्छन् । यस्ताहरू पनि धेरै तत्वहरू छन्, जो सुखमा श्रमजीवी जनताको मित्र बनेर सङ्घर्षमा आउँछन्, तर दुखमा जनतालाई छाडेर पाखा लाग्छन् ।

यस सम्बन्धमा, खास गरेर पुँजीवादी बुद्धिजीवीहरूमा व्यापक रूपमा एउटा खराबी रहेको हामी पाउँछौं, र त्यो हो पाखण्डीपन वा लोकाचार ९जथउयअचष्कथ० । यो खराबी मरणोन्मुख प्रतिक्रियावादी वर्गहरूमा मात्र होइन (वास्तवमा प्रतिक्रियावादीहरू सामान्यतः पाखण्डी नै हुन्छन्), कतिपय तथाकथित प्रगतिशील कार्यकर्ताहरूमा पनि फैलिएको छ । बाहिर लोकाचार, भित्र पोको पार भन्ने नीति उनीहरूको मूल मंत्र बनेको हुन्छ । व्यावहारिक क्षेत्रमा हामी यस्ता धेरै नामधारी क्रान्तिकारी देख्छौं, जो मुखले जन-मुक्ति, जन-क्रान्ति आदिबारे लम्बेचौडा कुरा गर्छन् र खुब आदर्श छाँट्छन्, तर कामले आफ्नै स्वार्थ वा आंकाक्षा सिद्ध गर्नमा लागेका हुन्छन् । वास्तवमा हाम्रो प्रगतिशील जनान्दोलनको फाँटमा यस्ता बकुलाभगतहरूको कमी छैन, जो मुलुक र जनताप्रति प्रेमको ठूल-ठूला कुरा गर्छन्, तर व्यवहारमा आफ्नै सुखसुविस्ताका लागि, समाजमा आफ्नो निम्ति सम्मानपूर्ण ठाउँ बनाउनका लागि, कुनै उच्च पदमा पुग्नका लागि, वा आफ्नै महत्वाकांक्षा पूरा गर्नका लागि जोडतोडले लागिरहन्छन् । यो लोकाचार सबभन्दा निन्दनीय चीज हो, र यस्ता लोकाचारीहरूले जस्तोसुकै महान तथा उच्च लक्षलाई पनि कलंकित पार्छन् । यस्ता पाखण्डीहरूलाई पन्छाएर पठाउँदा लक्षको लागि फाइदा नै हुनेछ ।

जे होस्, श्रमजीवी जनताको मुक्ति एउटा उच्च तथा उदात्त लक्ष हो । यस लक्षप्रति समर्पित भएर बिताइने जीवन वास्तवमा सार्थक जीवन हो । श्रमजीवी मानवजातिको सेवाको उच्च तथा पवित्र आदर्शबाट अभिप्रेरित भएर जसले सङ्घर्षको बाटोमा आफूलाई लगाउँछ, उसलाई जस्तोसुकै अप्ठ्यारा, बाधा र प्रलोभनले पनि विचलित पार्न सक्नेछैन । त्यस्तो आदर्शमय जीवन बिताउँदा मानिसले कत्रो सुख र आनन्दको अनुभव गर्दछ भन्ने कुरालाई अनुमान मात्र गर्न सकिन्छ ।

अन्तमा, श्रमिक जनगणको सेवा गर्न चाहने सबैले निकोलाई अस्ट्रोव्स्कीको निम्नलिखित भनाइलाई सधैंभरि सम्झिराख्नु र त्यसलाई आफ्नो लागि एउटा निर्देशन बनाउनु उपयुक्त हुन्छ :

'मानिसको सबभन्दा प्यारो सम्पत्ति जीवन हो । मानिसलाई जीवन एकपल्ट मात्र दिइन्छ । उसले जीवनलाई कसरी बिताउनुपर्छ भने उसले खेरगएका वर्षहरूका लागि यातनापूर्ण पश्चाताप गर्न नपरोस्, उसले नीच तथा क्षुद्र अतीतका लागि भत्भती पोल्ने लाजको अनुभव गर्न नपरोस् । उसले जीवनलाई कसरी बिताउनुपर्छ भने मर्ने बेलामा उसले यसो भन्न सकोस् : संसारमा सबभन्दा उच्च लक्ष रहेको मानवजातिको मुक्तिको लागि मेरो सारा जीवन, मेरो सारा तागत लगाइएको छ ।'

र धन्य हो उसको जीवन, जसले आफ्नो सारा सामर्थ्य र बुद्धि मानव-मुक्तिको महान तथा उच्च लक्षमा लगाएर, आफ्नो सम्पूर्ण जीवन त्यसको हेतु सङ्घर्षमा बिताएर आखिरमा बडो सन्तोषका साथ मृत्युलाई अंगीकार गर्छ । वास्तवमा यस्तो मृत्यु मृत्यु होइन, बरु अमरताको प्राप्ति हो ।

दुई वटा निर्वाचन एकै पटक गर्न सकिन्न : *आयोग*

● **वर्गदृष्टि समाचारदाता**

काठमाडौं । प्रादेशिक र केन्द्रीय संसदको निर्वाचन एकै पटक गर्ने सरकारले तयारी गरेको छ । दुईवटा निर्वाचन एकै पटक गर्नका लागि सरकारले संविधान संशोधन विधेयक समेत संसदमा प्रस्तुत गर्ने तयारी गरिरहेका बेला आयोगले भने दुई वटा निर्वाचन एकै पटक गर्न नसकिले जनाएको छ । निर्वाचन आयोगका प्रमुख आयुक्त अयोधी प्रसाद यादवले आगामी प्रदेशसभा र प्रतिनिधिसभाको निर्वाचन संवैधानिक र व्यवस्थापकीय दृष्टिले समेत एकैपटक गर्न नसकिने बताएका हुन् ।

संसद्को सुशासन तथा अनुगमन समितिको बैठकमा उनले दुबै निर्वाचन एकैपटक गर्दा संविधानले परिकल्पना गरेको महिलाको प्रतिनिधित्व सहितको सुनिश्चित गर्न अप्ठरो पर्नसक्ने समेत उल्लेख गरे ।

निर्वाचनलाई स्वतन्त्र, निष्पक्ष र भयरहित तुल्याउन निर्वाचनसम्बन्धी अन्तर्राष्ट्रिय मापदण्डको पालना गर्नुपर्ने अवस्थालाई सबै सरोकारवाला पक्षले हेक्का राख्न जरुरी रहेको बताउँदै यादवले नेपाल जस्तो मुलुकका मतदाताले चारवटा मतपत्रको प्रयोग एकै पटक गर्न कठिनाई हुने विषयतर्फ गम्भीर बन्न आग्रह गरेका छन् ।

मतपत्रलगायत निर्वाचन सामग्रीको उत्पादन, ढुवानी, मतदाता शिक्षा, जनशक्तिको बन्दोबस्ती, मतदाता नामावली संकलन, मतदानस्थलको व्यवस्थापन जस्ता कारण पनि एकै पटक दुईवटा निर्वाचन असम्भव रहेको उनको भनाइ थियो । दुवै निर्वाचनका लागि सात करोड त मतपत्र नै छाप्नुपर्ने भन्दै उनले अहिलेको संरचनामा त्यो काम कठिन हुने स्पष्ट पारे ।

प्रधानमन्त्री र प्रमुख प्रतिपक्षी नेकपा एमालेका अध्यक्ष केपी ओलीले समेत संघीय र प्रादेशिक चुनाव एकै पटक गर्नुपर्ने भनाईहरू राख्दै आएका छन् । स्थानीय तहको निर्वाचन त एकै पटक गर्न नसेकेको सरकारले दुई वटा निर्वाचन भने एकै पटक गर्ने बताउँदै आएको छ ।

आगामी माघ ७ गतेभित्र दुवै तहको निर्वाचन गरिसक्नुपर्ने बाध्यात्मक अवस्था रहेको छ । त्यसअघि आगामी असोज २ गते प्रदेश नम्बर २ मा स्थानीय तहकै निर्वाचन गराउनुपर्ने बाध्यता रहेको छ ।

आगामी माघ ७ गतेभित्र सबै तहको निर्वाचन नभएको अवस्थामा अहिलेको संविधान नै असफल हुने भएका कारण सरकार निर्वाचन जसरी पनि गराउनुपर्ने बाध्यतामा छ । यद्यपि निर्वाचन गराउनका लागि निर्वाचन क्षेत्र निर्धारण, दल दर्ता, निर्वाचन चिन्ह प्रदान, मतपत्रको छपाईलगायतका काम भने हतारमा गर्न कठिन हुने आयोगको भनाई छ ।

भरतपुर...

यी दुई वडाको मत गन्न थाल्नुअघि नेकपा एमालेका मेयर उम्मेदवार देवी ज्ञवाली र माओवादी केन्द्रका उम्मेदवार रेणु दाहालबीच ७८४ मतको अन्तर थियो । १९ नम्बर वडाको १८०० मत गनिसक्दा त्यो अन्तर घटेर ७३३ मा झरेको थियो । आइतबार राति १२ बजेसम्ममा सो वडाको थप ४०० मत गनिइसकेको थियो, परिणाम भने सार्वजनिक भएको थिएन । मतगणना स्थगित भएपछि निर्वाचन आयोगले सहन्यायधीवक्ता गीताप्रसाद तिम्सिनाको संयोजकत्वमा गृह मन्त्रालयका सहसचिव महेश आचार्य र प्रहरी नायब महानिरीक्षक केदारमान सिंह भण्डारी सदस्य रहेको छानबिन समिति गठन गरी भरतपुर पठाएको थियो । सो टोलीले अध्ययन गरी त्यहाँ ९० वटा मतपत्र च्यातिएको प्रतिवेदन बुझाएको थियो । अब आयोगले नयाँ मिति तोकेर भरतपुर-१९ मा मतदान गराउनेछ । पुनः मतदान गर्ने आयोगको यसअघिको निर्णयलाई एमालेले चुनौति दिदै आएको छ ।

अन्तर्राष्ट्रिय कम्युनिष्ट आन्दोलनको संक्षिप्त परिचय

● हस्तबहादुर केसी ●

उन्नाइसौं शताब्दीको पूर्वार्द्धतिर जुन सबैखाले पुँजीवादले चरम विकास गर्दै अगाडि बढ्यो र त्यसको गर्भबाट त्यसकै चिहान खन्ने शक्तिका रूपमा औद्योगिक मजदुर वर्गको जन्म भयो, त्यही अवधिमा पुँजीवाद र सबैखाले प्रतिक्रियावादका विरुद्ध विश्वसर्वहारावर्ग र उत्पीडित जनसमुदायको युगान्तकारी तथा ऐतिहासिक अभियानलाई विश्वकम्युनिष्ट आन्दोलन भनिन्छ । अन्तर्राष्ट्रिय कम्युनिष्ट आन्दोलनका संस्थापक नेता कार्ल मार्क्स (१८१८-१८८३) र फ्रेडरिक एंगेल्स (१८२०-१८९५) हुनुहुन्छ । अन्तर्राष्ट्रिय कम्युनिष्ट आन्दोलनको पहिलो सैद्धान्तिक आधार सन १८४८ मा बनेको कम्युनिष्ट घोषणापत्र हो ।

अन्तर्राष्ट्रिय कम्युनिष्ट आन्दोलनको विचारधारा र पथप्रदर्शक सिद्धान्त मार्क्सवादको नाममा विकसित मार्क्सवाद हो । मार्क्सवादका तीन संघटक अंग छन्, यी अंगहरूको पहिलो विश्लेषण लेनिनले गर्नुभयो । ती हुन् : दर्शन, राजनीतिक अर्थशास्त्र र वैज्ञानिक समाजवाद ।

कम्युनिष्टहरूको दर्शन द्वन्द्वात्मक तथा ऐतिहासिक भौतिकवाद हो । ऐतिहासिक भौतिकवादको जग र अतिरिक्त मूल्यको सिद्धान्तका आधारमा राजनीतिक अर्थशास्त्र बनेको छ । अर्थशास्त्र आधार हो भने राजनीति उपरिसंरचना हो । यस प्रकारको दर्शन र अर्थशास्त्रको निष्कर्ष नै वैज्ञानिक समाजवाद हो । मार्क्सवादको मूल मान्यता भनेको दुनियाँलाई बुझ्नु र मुख्यतः बदल्नु हो । साथै बदलेकै वस्तुको संरक्षण गर्नु पनि हो । मार्क्सवादको मार्गनिर्देशन र पथप्रदर्शकमा अन्तर्राष्ट्रिय कम्युनिष्ट आन्दोलनको निर्माण र विकास भइरहेको छ । अन्तर्राष्ट्रिय कम्युनिष्ट आन्दोलन भीषण दुइलाइन संघर्ष, अन्तर्संघर्ष, वर्गसंघर्ष, क्रान्ति, प्रतिक्रान्ति र उतार-चढावका बीचबाट भइरहेको छ । आज विश्वसर्वहारावर्गको पथप्रदर्शक सिद्धान्त मार्क्सवाद लेनिनवाद-माओवादका रूपमा विकसित भइरहेको छ ।

नेपाली कम्युनिष्ट आन्दोलन अन्तर्राष्ट्रिय कम्युनिष्ट आन्दोलनको एक अभिन्न अंग हो । आज अन्तर्राष्ट्रिय र नेपाली कम्युनिष्ट आन्दोलनको इतिहास अत्यन्तै महत्वका साथ अध्ययन गर्न जरुरी छ । नेपाली कम्युनिष्ट आन्दोलनको ६८ वर्षको यस ऐतिहासिक अवधिमा यसले भीषण दुइलाइन संघर्ष, अन्तर्संघर्ष, जनसंघर्ष, वर्गसंघर्ष र दक्षिणपन्थी संशोधनवादी, नवसंशोधनवादी र क्रान्तिकारी धाराको भीषण दुइलाइन संघर्षका बीचबाट अगाडि बढिरहेको छ ।

अन्तर्राष्ट्रिय कम्युनिष्ट आन्दोलनको इतिहास कम्युनिष्ट लिग (सन् १८३६-१८५२) को इतिहाससित जोडेर अध्ययन गर्न जरुरी छ । एंगेल्सको शब्दमा यो नै 'विश्व इतिहासको पहिलो अन्तर्राष्ट्रिय मजदूर आन्दोलन' थियो ।

सन् १८३६ मा जर्मन आप्रवासीहरूले फ्रान्समा न्यायिक लिग गठन गरेका थिए । १८४३ मा यसैलाई परिवर्तन गरेर कम्युनिष्ट लिगको गठन गरिएको थियो । यो नै कम्युनिष्ट पार्टीको पहिलो संगठन थियो । सन् १८४७ मा जेनेभामा कम्युनिष्ट लिगको दोस्रो महाधिवेशन सम्पन्न गरियो । त्यसमा कार्लमार्क्स र फ्रेडरिक एंगेल्स पनि उपस्थित हुनु भएको थियो । लिगको दोस्रो महाधिवेशनले मार्क्स र एंगेल्सलाई कम्युनिष्ट घोषणापत्रको मस्यौदा तयार पार्ने जिम्मेवारी दियो । मार्क्स-एंगेल्सले एक वर्ष लगाएर उक्त कम्युनिष्ट घोषणापत्र तयार पार्नु भयो र सन् १८४८ फेब्रुअरी १२ तारिखका दिन विश्वविख्यात कम्युनिष्ट कम्युनिष्ट घोषणापत्र जारी गर्नुभयो । यसमा मार्क्स एंगेल्सले ठूलो बौद्धिक, दार्शनिक, सैद्धान्तिक, राजनीतिक क्षमता प्रदर्शन गर्नु भयो । यही घोषणापत्र नै अन्तर्राष्ट्रिय कम्युनिष्ट आन्दोलनको पहिलो सैद्धान्तिक आधार बन्यो । त्यसपछि विश्वसर्वहारावर्गले आफ्नो वर्गको मुक्तिको सैद्धान्तिक अस्त्रका रूपमा मार्क्सवादलाई प्राप्त गऱ्यो । यस विषयमा लेनिनले यसरी दर्साउनु भएको छ, 'यो दर्शन एउटा यस्तो परिपूर्ण दार्शनिक भौतिकवाद हो, जसले मानव जातिलाई र खास रूपले मजदूरवर्गलाई ज्ञानका शक्तिशाली औजार प्रदान गरेको छ ।'

माओले यसलाई यसरी संश्लेषण गर्नु भएको छ, 'मार्क्सवाद ज्ञानका अनेक शाखाहरूबाट बनेको छ; मार्क्सवादी दर्शन, मार्क्सवादी अर्थशास्त्र र मार्क्सवादी समाजवाद अर्थात् वर्गसंघर्षको सिद्धान्त तर जग चाहिँ मार्क्सवादी दर्शन हो, यदि यसलाई मनन् गरिदैन भने हाम्रो एउटा साझा भाषा वा कुनै साझा तरिका हुने छैन, हामी चीजहरूलाई स्पष्ट नपारीकन यताउताको कुरा उठाई तर्क मात्र गरिरहेका हुनेछौं । द्वन्द्वात्मक भौतिकवादलाई मनन गरिसके पछि थुप्रै दुःखकष्टबाट जोगिने छ र धेरै गल्तीहरू हट्नेछन् ।' यस विषयमा मार्क्स स्वयम्ले यसरी व्याख्या गर्नु भएको छ- 'जसरी दर्शनले सर्वहारावर्गममा आफ्नो भौतिक हतियार भेटाउछ, त्यसरी नै सर्वहारावर्गले दर्शनमा आफ्नो बौद्धिक हतियार भेटाउँछ ।'

सन् १८५२ मा कम्युनिष्ट लिगको विघटन हुन पुग्यो । सन् १८६४ मा कार्ल मार्क्सको नेतृत्वमा प्रथम अन्तर्राष्ट्रियको गठन भयो । मार्क्सवादको जन्म सँगसँगै अवसरवादको जन्म र विकास हुदै जानु पनि स्वाभाविक

थियो । प्रथम अन्तर्राष्ट्रियमा अराजकतावाद र अवसरवादका विरुद्ध मार्क्सले कडा सैद्धान्तिक बहस चलाउनु पऱ्यो । त्यही अवधिमा पेरिस कम्युनको निर्माण भयो । सुरुमै प्रतिक्रियावादी सत्तावाट आक्रमण भयो । ७२ दिन पछि पेरिस कम्यूनको विघटन हुन पुग्यो । सन् १८७२ मा प्रथम अन्तर्राष्ट्रियलाई पनि स्वयम मार्क्सद्वारा विघटन गराइयो ।

सन् १८८३ मार्च १४ मा मार्क्सको निधन भयो । सन् १८८९ मा फ्रेडरिक एंगेल्सको नेतृत्वमा दोस्रो अन्तर्राष्ट्रियको गठन गरियो । सुरुमा यसले राम्रै भूमिका खेलेको थियो । सन् १८९५ अगष्ट ६ मा एंगेल्सको निधन भयो । एंगेल्सको निधन भए पश्चात सन् १८९६ मा एडवर्ड बर्नष्टिन (१८५०-१९३२) ले दोस्रो अन्तर्राष्ट्रिय भित्र मार्क्सवादका विरुद्ध पहिलो पटक संशोधनवादको प्रस्ताव पेश गरे । त्यसैले वर्नष्टिनलाई शास्त्रीय संशोधनवादका जन्मदाता भनिन्छ । यसरी विधिवत रूपमा वर्नष्टिनबाट मार्क्सवादका विरुद्ध संशोधनवादको विजारोपन भयो ।

प्लेखानोभ रुसका पहिलो मार्क्सवादको प्रचारक थिए । उनले सन १८८३ मा रुसमा 'मजदुर मुक्ति दल' गठन गरेका थिए । यो नै सोभियत रुसको पहिलो कम्युनिष्ट पार्टी थियो । यही नै रुसमा स्थापित कम्युनिष्ट पार्टी थियो । यसलाई लेनिनले नयाँ ढंगले विकास गर्नु भयो । सने १९०३ मा रुसी कम्युनिष्ट पार्टी भित्र ठूलो अन्तरसंघर्ष चर्कियो र 'बोल्सेविक र मेन्सेविक जन्म भयो । वोल्सेविकको नेतृत्व लेनिनले गर्नुभयो । मेन्सेविकको दक्षिणपन्थी बाटो तय गऱ्यो ।

सन् १९१४ मा दोस्रो अन्तर्राष्ट्रियको विघटन भयो । लेनिनले दक्षिणपन्थि संशोधनवाद तथा मध्यपन्थी अवसरवादका विरुद्ध समेत कडा सैद्धान्तिक संघर्ष चलाउनु भयो । र लेनिनको नेतृत्वमा सन् १९१९ मा तेस्रो अन्तर्राष्ट्रियको गठन भयो । यी तीनवटै अन्तर्राष्ट्रियले समाजवादका लागि सर्वहारा अन्तर्राष्ट्रिय संघर्षको जग बसाल्यो । दोस्रो अन्तर्राष्ट्रियको अवधि त्यो अवधि थियो, जब कैयौं देशहरूमा यस आन्दोलनको व्यापक तथा जनवादी रूपमा विस्तारका लागि जमिन तयार गरि दियो । तेस्रो अन्तर्राष्ट्रियले दोस्रो अन्तर्राष्ट्रियका उपलब्धिहरूलाइ समेट्यो, त्यसका अवसरवादी सामाजिक अन्धराष्ट्रवादी, पुँजीवादी तथा निम्न पुँजीवादी दोसहरूलाई निकालेर फाली दियो र त्यसले सर्वहारावर्गको अधिनायकत्वलाई व्यवहारमा लागु गर्न शुरु गऱ्यो ।'

लेनिनले 'पुँजीवादको चरम अवस्था साम्राज्यवाद हो र साम्राज्यवाद वैज्ञानिक समाजवादी क्रान्तिको पूर्वबेला हो' भन्नुभयो । 'पुजीवादीले विकास गरेर समाजवादी क्रान्तिका लागि पूर्वाधारहरू निर्माण भइसकेको एउटै देशमा पनि समाजवादी क्रान्ति गर्न सकिने अवधारणा अघि सार्दै आजको युग साम्राज्यवाद र सर्वहारावर्ग बीचको भीषण संघर्षको युग हौ' भन्दै लेनिनले आफ्नै नेतृत्वमा सन् १९१७ अक्टुवर २५ तारिखका महान् रुसी अक्टुबर क्रान्ति सम्पन्न गरेर सर्वहारावर्गको अधिनायकत्व स्थापित गर्नु भयो ।

महान् रुसी अक्टुवर समाजवादी क्रान्तिले विश्वभरका उत्पीडित र जनसमुदाय तथा कम्युनिष्ट क्रान्तिकारीहरूका लागि ठूलो शिक्षा र प्रेरणाको श्रोत बन्न पुग्यो । त्यस पछि एशिया, युरोप, अफ्रिका, ल्याटिनअमेरिकालगायतका विश्वका कैयौं देशहरूमा मार्क्सवाद-लेनिनवादको पथप्रदर्शकमा एकपछि अर्को गर्दै कम्युनिष्ट पार्टीहरू निर्माण हुन पुगे ।

लेनिन मृत्युपछि तेस्रो अन्तर्राष्ट्रियको नेतृत्व ष्टालिनले गर्नुभयो । ष्टालिनले लेनिनवादलाई साम्राज्यवाद र सर्वहारा क्रान्तिको युगको मार्क्सवादको रूपमा स्थापित तुल्याउनु भयो । उहाँले एकातिर भीषण दुइलाइन संघर्षका बीचबाट रुसमा समाजवादलाई स्थापित गर्नका लागि विशेष प्रयत्न गर्नुभयो भने अर्कोतिर भूमिका निर्वाह गर्नुभयो । यस प्रक्रियामा ष्टालिनका कतिपय कमी, कमजोरी र सीमा पनि रहे । सन् १९३९-१९४५ सम्म दोस्रो विश्वयुद्ध चल्यो । दोस्रो विश्वयुद्धको प्रक्रियामा सन् १९४३ मा तेस्रो अन्तर्राष्ट्रियको विघटन भयो ।

सन् १९४५ मा उत्तर कोरिया र उत्तरी भियतनाममा मुक्ति आन्दोलन सफल भएर समाजवाद लागु गरिएको थियो भने सन् १९४९ मा माओत्सेतुङ नेतृत्वमा चीनमा नयाँ जनवादी क्रान्ति सम्पन्न भएको थियो ।

सन् १९५३ मार्च ५ तारिखका दिन ष्टालिनको निधन भयो । ष्टालिनको निधनपश्चात, सोभियत रुसमा प्रतिक्रान्ति भयो । ख्रुश्चोभ रुसको कम्युनिष्ट पार्टी र सन् १९५६ मा सोभियत सरकारले नेतृत्वमा आएपछि कम्युनिष्ट पार्टीले २०औं महाधिवेशनको आयोजना गऱ्यो । त्यसबेला ख्रुश्चोभ रुसी कम्युनिष्ट पार्टीका महासचिव र सोभियत राष्ट्रपति थिए । उनले त्यस महाधिवेशनमा संशोधनवादी लाइन पारित गराए । उनले रुसी कम्युनिष्ट पार्टीलाई सम्पूर्ण जनताको पार्टी, सम्पूर्ण जनताको राज्य र शान्तिपूर्ण संक्रमणको सिद्धान्त अवलम्बन गर्दै तथा वर्गसंघर्ष, सर्वहारा अधिनायकत्व र सशस्त्र संघर्षका विरुद्ध भीषण हमला बोल्दै रुसमा पुँजीवादको स्थापना गरे । ख्रुश्चोभलाई आधुनिक संशोधनवादका संस्थापक भनिन्छ ।

यता चीनमा पनि सन् १९५६ मा चिनीयाँ कम्युनिष्टले आठौं महाधिवेशनको आयोजना गऱ्यो । त्यस महाधिवेशनमा ल्यू साओ चि. मण्डलीले पुँजीवादी लाइन घुसायो र त्यही पारित भयो र चीनमा पनि प्रतिक्रान्ति भयो । यसै क्रममा कमरेड माओत्सेतुङले संशोधनवादका विरुद्ध महान् बहस छेड्नु भयो र अन्तर्राष्ट्रिय कम्युनिष्ट आन्दोलनमा माओद्वारा नेतृत्व गरिएको क्रान्तिकारी धारा र ख्रुश्चोभद्वारा नेतृत्व गरिएको दक्षिणपन्थी अवसरवादी धाराबीच भीषण दुइलाइन संघर्ष चल्यो । यस संघर्षमा भियतनामलगायतका कतिपय कम्युनिष्ट पार्टीहरूले मध्यमार्गी भूमिका खेल्न पुगे । अन्ततः अन्तर्राष्ट्रिय कम्युनिष्ट आन्दोलन क्रान्तिकारी धारा र अवसरवादी धारामा विभाजित हुन पुग्यो । यसै क्रममा माओद्वारा प्रतिपादित सर्वहारा अधिनायकत्वअन्तर्गत क्रान्तिको निरन्तरताको सिद्धान्तको मान्यताका आधारमा सन् १९६६ देखि १९७६ सम्म महान् सर्वहारा सांस्कृतिक क्रान्ति सञ्चालन गरियो । यो क्रान्ति एकै साथ दुइलाइन संघर्ष र वर्गसंघर्षको एक संश्लेषित अभिव्यक्ति थियो ।

यसै क्रममा माओले विचारधारात्मक तथा राजनीतिक कार्यदिशा सही वा गलत हुनुले सबैथोकको निर्धारण हुन्छ भन्ने कुरामा विशेष जोड दिँदै 'तीन गर र तीन नगर' को मान्यता प्रस्तुत गर्नु भएको थियो । ती मान्यता थिए ' मार्क्सवाद लागु गर संशोधनवाद होइन, प्रष्ट र खुला होऊ, छलछाम र षडयन्त्र नगर, एकताबद्ध होऊ नफुट' कतिपय कमीकमीजोरी तथा सीमा रहेता पनि महान् सर्वहारा सांस्कृतिक क्रान्ति विश्व कम्युनिष्ट आन्दोलनमा एक युगान्तकारी ऐतिहासिक कदम थियो ।

सन् १९७६ सेप्टेम्बर ९ तारिखका दिन माओको निधन भयो । माओको निधनपश्चात् चीनमा प्रतिक्रान्ति भयो । त्यसले अन्तर्राष्ट्रिय कम्युनिष्ट आन्दोलनमा र समाजवादी क्रान्तिको इतिहासमा अर्को गम्भीर धक्का पुग्न गयो ।

माओको निधनपश्चात् मार्क्सवाद-लेनिनवाद-माओवादको पथप्रदर्शनमा विश्वका कतिपय कम्युनिष्ट पार्टी र संगठनहरूले क्रान्तिकारी कम्युनिष्ट आन्दोलनमा पुनः संगठित गर्नका लागि सन् १९८० मा पहल सुरु भयो । परिणामस्वरूप १९८४ मा क्रान्तिकारी अन्तर्राष्ट्रियवादी आन्दोलन (Revolutionary Internationalist Movement - RIM) को गठन हुन पुग्यो । यसले विश्व कम्युनिष्ट आन्दोलनमा सकारात्मक भूमिका निर्वाह गऱ्यो ।

चिनीयाँ महान् सर्वहारा सांस्कृतिक क्रान्तिको प्रभाव भारतमा पनि निकै नै पऱ्यो । चारु मजुम्दारको नेतृत्वमा दक्षिणपन्थी संशोधनवादका विरुद्ध संघर्ष चलाउँदै सशस्त्र जनयुद्धको थालनी भारतमा गरियो । यसले सिंगो दक्षिण एशियामा दक्षिणपन्थी संशोधनवादको विरोध र क्रान्तिकारी कम्युनिष्ट विकासका लागि ठूलो प्रभाव पारेको थियो र यसैको प्रत्यक्ष प्रभावमा वि.सं. २०२८ सालमा नेपालमा सशस्त्र झापा विद्रोह भएको थियो । यस घटनाले दक्षिणपन्थी अवसरवादको दलदलमा फसिरहेको नेपाली कम्युनिष्ट आन्दोलनलाई ठूलो झट्का दिएको थियो ।

यसै प्रक्रियामा क्रान्तिकारी अन्तर्राष्ट्रिय आन्दोलन (Revolutionary Internationalist Movement - RIM) सित सम्बध तथा असम्बद्ध कतिपय पार्टीहरूद्वारा नयाँ जनवादी क्रान्ति सम्पन्न गर्दै समाजवाद र साम्यवादको दिशामा अगाडि बढ्नका लागि फिलिपिन्स, टर्की, पेरु, नेपाललगायतका देशहरूमा जनयुद्धको प्रक्रिया अगाडि बढाइएको थियो । भारतमा पनि जनयुद्ध अहिलेसम्म पनि प्रभावकारी ढंगले विकसित हुदै गएको छ ।

पेरुमा सशस्त्र जनयुद्धको प्रक्रियाबाट क्रान्ति सफलताको निकट पुगिसकेको अवस्थामा गोन्जालोको गिरफ्तारी भयो । कतिपय कमीकमीजोरी र सीमासहित गोन्जालोको गिरफ्तारपश्चात पेरुमा नयाँ जनवादी क्रान्तिले गम्भीर धक्का खान पुग्यो । त्यहाँ भीषण दुइलाइन संघर्ष चल्यो । तर पनि त्यहाँ जनयुद्ध रोकिएको छैन । र, उतार चढावका साथ अगाडि बढ्ने क्रममै छ । पेरुमा मन्दगतिमा जनयुद्ध चलिरहेको छ ।

नेपालमा २००६ सालमा नेपाल कम्युनिष्ट पार्टीको स्थापना भयो । अहिले ६८ वर्ष पार गरिसकेको छ । नेपाली कम्युनिष्ट आन्दोलन यस ऐतिहासिक अवधिमा वर्गसंघर्ष, जनसंघर्ष, अन्तर्संघर्ष, दुइलाइन संघर्षका बीचबाट अगाडि बढ्ने क्रममा मूख्यतः दक्षिणपन्थी संशोधनवाद र क्रान्तिकारी धाराकै बीचको संघर्ष पेचिलो बनिरहयो ।

नयाँ जनवादी क्रान्ति सम्पन्न गरी समाज हुदै साम्यवादको दिशामा अगाडि बढ्नका लागि नेकपा (माओवादी) द्वारा सञ्चालित दश वर्षे महान् जनयुद्धप्रति प्रचण्ड तथा बाबुरामद्वारा गम्भीर धोका तथा विश्वासघात गरियो र नेपाली क्रान्तिले गम्भीर प्रकारको धक्का खायो । तर पनि नेपालमा जनयुद्ध समाप्त भएको होइन । नयाँ तरिकाले सञ्चालन भइरहेको छ । माओवादी आन्दोलनभित्रका क्रान्तिकारीहरूले कमरेड मोहन वैद्य किरणको नेतृत्वमा भीषण दुइलाइन संघर्ष सञ्चालन गर्दै त्यस दक्षिणपन्थी संशोधनवादी धारासित सम्बन्धबिच्छेद गरी क्रान्ति नयाँ ढंगको क्रान्तिकारी पार्टी निर्माण गरी । नयाँ जनवादी क्रान्ति बाँकी कार्यभार पूरा गर्ने उद्देश्यले नेकपा माओवादी हुदै नेकपा (क्रान्तिकारी माओवादी) हुँदै नेकपा

(क्रान्तिकारी माओवादी) पार्टी पुनः गठन गर्दै क्रान्तिलाई अगाडि बढाउने कार्य भइरहेको छ ।

क्रान्तिकारी माओवादीले विभिन्न रूपमा छितरिएर रहेका सच्चा क्रान्तिकारी कम्युनिष्टहरूलाई ध्रुवीकृत तथा एकताबद्ध तुल्याउँदै र मुख्यतः जनयुद्धको आधार तथा अनुभव माथि ध्यान दिदै नेपाली विशिष्टतामा आधारित सशस्त्र जनविद्रोहको कार्यदिशा अवलम्बन पर्दछ भन्ने कार्यदिशा तय गर्दै सशस्त्र संघर्षका सामरिक योजना अर्थात तीन जादूमयी हतियार पूरा गर्ने कुरामा मुख्यरूपले ध्यान दिदै क्रान्तिको तयारी गर्ने काम भइरहेको छ ।

यसैगरी आर.सी.पी. अमेरिकामा पनि गंभीर प्रकारको दक्षिणपन्थी विचलन पैदा भयो । परिणामतः क्रान्तिकारी अन्तर्राष्ट्रियवादी आन्दोलन (Revolutionary Internationalist Movement - RIM) अहिले विघटनको अवस्थामा छ । बाँकी रहेका कम्युनिष्ट पार्टी तथा संगठनहरूबाट पनि यसलाई पुनगठित गरी अगाडि बढाउनेमा कैयौ कमी, कमजोरी तथा सिमा रहनु स्वाभाविकै छ । अहिले अन्तर्राष्ट्रिय कम्युनिष्ट आन्दोलनलाई पुनर्गठनका लागि पहल गर्न जरुरी छ र कम्पोसा (Coordination Committee of Maoist Parties and Organizations of South Asia - CCOMPOSA) लाई ब्युँताउनु जरुरी छ ।

यहाँ अन्तर्राष्ट्रिय कम्युनिष्ट आन्दोलनको संक्षिप्त रूपमा चर्चा मात्र गरिएको हो । यति ठूलो इतिहास बोकेको आन्दोलनको विस्तृत रूपमा अन्यत्रै व्याख्या-विश्लेषण र संश्लेषण गर्न भने जरुरी छ । यसबाट ठूलो शिक्षा लिन आवश्यक छ ।

क्रान्तिका लागि क्रान्तिकारी सिद्धान्त, क्रान्तिकारी कम्युनिष्ट पार्टी र क्रान्तिकारी कार्यदिशाको अनिवार्य आवश्यकता पर्दछ । साथै यस प्रकारको सिद्धान्त, पार्टी तथा कार्यदिशालाई विकसित तुल्याउदै अगाडि बढ्नु पनि आवश्यक पर्दछ ।

आजको युग साम्राज्यवाद र सर्वहारा क्रान्तिको युग हो । यो युगमा साम्राज्यवादसित संशोधनवाद घनिष्ट रूपमा जोडिएको हुन्छ र कम्युनिष्ट पार्टीमा विद्यमान निम्नपूजी वादी प्रवृत्तिसित त्यसको मेल हुन्छ । तसर्थ कम्युनिष्ट पार्टीमा त्यसको निरन्तर शुद्धीकरणको आवश्यकता पर्दछ ।

आज अन्तर्राष्ट्रिय कम्युनिष्ट आन्दोलन रक्षात्मक स्थितिमा पुगेको छ । यसको मुख्य कारण दक्षिणपन्थी अवसरवाद तथा सबैखाले संशोधनवादीहरूको भीषण आक्रमणको शिकार बन्न पुगेको हो भन्ने कुराको अन्तर्राष्ट्रिय कम्युनिष्ट आन्दोलनको इतिहासको द्वन्द्ववादलाई अत्यन्तै सरिक ढंगले ग्रहण गर्न जरुरी छ । र सबै खाले संशोधनवाद तथा अवसरवादलाई महान् बहस र दुइलाइन संघर्षद्वारा अन्त्य नगरी क्रान्तिकारी अन्तर्राष्ट्रिय कम्युनिष्ट आन्दोलनको पुनर्गठन र निर्माण गर्न सम्भव छैन ।

मुक्तक : परिचय, परम्परा र प्रवृत्ति

डा.मुरारी पराजुली

मुक्तक भनेको लयबद्ध त्यस्तो भाषिक संरचना हो जुन मितव्ययी, अति संक्षिप्त र वेधक सूत्रात्मक भावकथनका रूपमा प्रकट भएको हुन्छ । मुक्तकको संरचना भन्नाले उक्ति-संरचना, पंक्तिरचरण वितरणगत संरचना, स्रोतगत संरचना तथा प्रस्तुतिगत उठान, विस्तार र बैठानको सङ्गठनसँग सम्बन्धित संरचना भन्ने बुझिन्छ ।

१. मुक्तकको परिचय

मुक्तक कविता विधाको लघुतम प्रकार हो । संस्कृत स्रोतबाट आएको 'मुक्तक' शब्दको निर्माण 'मुक्त' शब्दमा 'कन्' प्रत्यय लागेर भएको छ । 'मुक्त' अर्थात् स्वतन्त्र भन्ने अर्थ दिने यस शब्दमा लाग्न आउने 'कन्' प्रत्ययबाट बनेको 'मुक्तक' शब्दको अर्थ स्वयं आफैमा पूर्ण एक पृथक्कृत श्लोक भन्ने बुझिन्छ ।

संस्कृत काव्यशास्त्रले कविताका आयामगत भेदको सुस्पष्ट वर्गीकरण गरि दिएको छ । समग्र कविता प्रबन्धकाव्य र मुक्तकाव्य गरी दुई भागमा विभाजित छन् । प्रबन्ध काव्य भन्नाले बन्धित अर्थात् बाधिएका अर्थात् स्वयंमा पुस्तकाकारका रूपमा बन्धित अर्थात् ग्रन्थित काव्य भन्ने बुझिन्छ । खण्डकाव्य र महाकाव्य पुस्तकाकारका रूपमा बन्ध काव्य हुन् । मुक्तकाव्य भन्नाले त्यस्ता काव्यलाई बुझिन्छ जो एउटै रचनामा पुस्तकाकारका रूपमा बन्धित हुन सक्दैनन् । यस अन्तर्गत लघु आयामका फुटकर कविता र लघुतम आयामका मुक्तक कविताहरू पर्दछन् । फुटकर कविता वा मुक्तक कविताको एउटै रचनाबाट ग्रन्थित (बन्धित) काव्य बन्ने हैसियत नरहने भएकाले यिनलाई मुक्त अर्थात् अप्रबन्ध काव्य अन्तर्गत राखिएको हो । मुक्तकाव्य (अप्रबन्धकाव्य) अन्तर्गत एक श्लोकको कवितालाई मुक्तक, दुई श्लोकलाई युग्मक, तिन श्लोकलाई विशेषक, चार श्लोकलाई कलापक, पाच श्लोकलाई कुलक आदिका नामबाट वर्गीकृत गरिएको छ । यसरी मुक्तकाव्यमा पर्ने एक श्लोकी कविता मुक्तक हो भने यस बाहेक दुई वा दुईभन्दा बढी अन्य सबै कविता फुटकर कविता अन्तर्गत पर्दछन् ।

१.१ कोशीय तथा साहित्यशास्त्रहरूले परिलाएका परिभाषा

मुक्तक शब्दले दिने अर्थका सन्दर्भमा विभिन्न नेपाली शब्दकोशहरूले आआफ्नै ढङ्गले परिभाषित गरेका छन् । संस्कृतबाट आएको मुक्तक परम्परालाई संस्कृत काव्यशास्त्रबाट नै परिभाषित गर्ने काम भएको छ । नेपाली शब्दकोश तथा साहित्य शास्त्रमा पनि त्यही संस्कृतकै परम्परागत प्रभाव ज्यादा छ । यहा तिनै तथ्यहरूलाई अगि सारिएको छ ।

नेपाली बृहत् शब्दकोशका अनुसार कथासूत्रमा आबद्ध नभएको, हृदयको भावलाई प्रतिबिम्बित गर्ने प्रभावकारी निरपेक्ष स्वतन्त्र कविता मुक्तक हो भनेर बताइएको छ ।

नेपाली सङ्क्षिप्त शब्दकोशमा कथा सूत्रमा नउनिएको परस्पर क्रमिक सम्बन्ध नभएको, कुनै एउटा भावलाई पूर्ण रूपले बुझाउने पद्य वा कविता भनेर मुक्तकको परिभाषा दिइएको छ भने भावना प्रधान कविताहरूको सागालो भनेर मुक्तक काव्यलाई परिभाषित गरिएको छ ।

सङ्क्षिप्त नेपालीकोशमा मनको भावना निस्कने प्रभावकारी टुक्रे कविता भनेर मुक्तकको अर्थ लगाइएको छ ।

नेपाली साहित्यकोशमा सामान्यतस् मुक्तक भन्नाले परस्पर सन्दर्भ निरपेक्ष रहेका कविता, गीत, गजलजस्ता सबै लघुरूप पर्न सक्ने कुरा बताइएको छ । विशेष रूपमा लिदा भने सबैभन्दा सानो हुनाका साथै सूक्तिमय, साङ्केतिक एवं प्रगीतात्मक हुने र एक आवृत्तिमा भाव सम्प्रेषित गर्न सक्ने लोकप्रिय कवितामय अभिव्यक्तिमात्र मुक्तक हुने यस कोशमा उल्लेख छ ।

नेपाली शब्दसागरले पूर्वीय काव्यशास्त्रअनुसार समास नरहेको गद्य, कथा सूत्रमा आबद्ध नभईकन हृदयगत भावलाई स्वतन्त्र रूपले अभिव्यक्त गर्ने गद्य कविता भनेर मुक्तकको परिभाषा दिएको छ ।

संस्कृत-नेपाली बृहत् शब्दकोश अनुसार एकै पद्यमा पूरा हुने काव्यलाई मुक्तक भनेर अर्थ्याइएको छ ।

प्रयोगात्मक नेपाली शब्दकोशमा पूर्वीय काव्यशास्त्रअनुसार एक श्लोकमा लेखिएको स्वयंमा पूर्ण कविता, पद्य वा गद्यमा लेखिएको छोटो र मार्मिक कविता भनेर मुक्तकलाई परिभाषित गरिएको छ ।

राष्ट्रिय नेपाली शब्दकोशमा प्रायस् चारै चरणको कुनै विषयमा लेखिएको स्वतस् सम्पूर्ण रचना वा चारै चरणमा पूरा हुने विषयलाई मुक्तक भनेर अर्थ्याइएको छ भने मुक्तक काव्य भन्नाले पाठक वर्गलाई चमत्कृत गर्ने, स्वतस् आफूमा पूर्ण अर्थ व्यक्त गर्न सक्ने क्षमता भएका श्लोकहरूले युक्त काव्यलाई परिभाषित गरिएको छ ।

मुक्तक कविताका बारेमा पहिलो चर्चा गर्ने ग्रन्थ अग्निपुराण (ई. नवौं शताब्दी) हो । यस ग्रन्थअनुसार सहृदयलाई चमत्कृत गर्ने आफैमा पूर्ण एक श्लोकी कवितालाई मुक्तक भनेर भनिएको छ । आयामगत हिसाबले एउटामात्रै श्लोकको सीमा तोकेर यस भनाइले एउटामात्र श्लोकले प्रस्तुत गर्न सक्ने भावको एक झोक्का वा प्रसङ्गलाई मुक्तक भनेर लक्षित गरेको बुझिन्छ । कवितात्मक फैलावटका हिसाबले सानो भईकन पनि यसमा पूर्णता हुने कुरालाई यस ग्रन्थले जोड दिएको छ भने अकार्तिर हृदयलाई चमत्कृत पार्न सक्ने गुण पनि मुक्तकमा हुनु पर्ने कुरो उठाएको छ ।

दण्डीले मुक्तक, कुलक, कोश र सङ्घातलाई सर्गबन्ध (महाकाव्य) कै अंशका रूपमा लिएका छन् । उनले मुक्तक कवितालाई त्यस्तो छुट्टै महत्त्व प्रदान नगरी बरू यी सबै सर्गबन्ध वा प्रबन्धकाव्यकै अंश भएको स्वीकार गरेका छन् । यस प्रकार उनले सर्गबन्ध वा प्रबन्धकाव्यलाई एक श्रेणीका काव्यका रूपमा र अनिबन्ध वा महाकाव्यका अंशका रूपमा रहने अरू काव्यलाई अन्य श्रेणीका काव्यका रूपमा हेरेका छन् जबकि उनले यसलाई मुक्तक काव्यको नाम भने दिएका छैनन् । दण्डीको दृष्टिमा अनिबद्धकाव्य महाकाव्यादि काव्यमा अंश-अंशका रूपमा आएका हुन्छन् । उनको यस भनाइबाट महाकाव्य आदिमा रहेका एकएक प्रसङ्ग वा झिल्का मुक्तक कविता हुन् वा भनौं मुक्तक, कुलक, कोश र सङ्घातजस्ता अनिबद्धकाव्यको सिङ्गो पुञ्ज नै महाकाव्य हो ।

वामनले मुक्तककाव्यमा चारूताको अभाव हुने बताएका छन् । यसैले प्रबन्धकाव्यका तुलनामा उनले यसलाई हीनकोटीको रचना बताएका छन् । जसरी अग्निका परमाणु पृथक-पृथक् भई चम्कन सक्दैनन् बरु मिलेर नै प्रकाशित हुन सक्छन् त्यसै गरी असङ्कलित मुक्तक काव्यमा चारूता हुादैन, प्रबन्धकाव्य नै चम्कन सक्छ भन्ने उनको दाबी रहेको छ ।

आनन्दबर्द्धनले मुक्तकलाई महत्त्व दिादै प्रबन्धमा जस्तै यसमा पनि रस उद्बोधको क्षमता हुने कुरालाई स्वीकार गरेका छन् । उनको भनाइमा प्रबन्धकै समान मुक्तकमा पनि रसाभिनिवेश गर्ने कवि दृष्टिगोचर हुन्छ । उदाहरणका लागि उनले अमरुक कविको नाम लिएका छन् जसका श्लोकहरूमा प्रबन्धमा जस्तै शृङ्गार रसको धारा प्रवाहित हुने उनको विश्वास छ ।

नेपालीमा मुक्तकलाई लघुतम कविताका रूपमा नामाङ्कित गरेर यसका प्रवृत्ति र बान्कीलाई सङ्क्षिप्तमा परिलाउने काम वासुदेव त्रिपाठीले गरेका छन् । त्रिपाठीले नेपाली मुक्तक लोक-पद्य, स्तुति, सूक्ति, गीत, सायरी र मुक्तक कविताका दुई वा चार हरफे (सायद जापानी हाइकु शैलीमा तीन हरफे पनि) स्वरूपमा झल्कने गरेको बताएका छन् । दुई वा तीन-चार हरफमै अनुभूतिको एक उन्मेष स्फुरित हुन वा एक बिजुली-झिल्का झिल्कनुमै कविताको सबभन्दा सानो एकाइ अर्थात् लघुतम रूप पूर्ण हुन जाने र अनुभूतिको यस्तो अति संक्षिप्त अभिव्यञ्जन लघुतम रूप भएको र त्यही मुक्तक भएको उनको बुझाइ छ । उनले मुक्तकलाई जीवनको कुनै एक क्षणको चुट्किलो र छरितो अभिव्यक्ति हो भन्दै यो कविता-एकाइ अनुभूतिको एक भुल्का वा झिल्का मात्र नभई अनुभूतिको एक झरी या एक मेहेरो पनि हो भनेर अर्थ्याउने काम गरेका छन् ।

वासुदेव त्रिपाठीपछि मुक्तकका विषयमा विश्लेषण गर्ने मोहनराज शर्मा हुन् । उनका अनुसार मुक्तक नेपाली भाषाको लघुतम काव्यात्मक संरचना हो । लघुतम भए पनि यो स्वयंमा पूर्णकृति र स्वायत्त एकाइका रूपमा सिद्ध सिर्जना हुन्छ । यस अभिलक्षणबाट मुक्तक पनि महाकाव्य, उपन्यास, नाटक आदि जस्तै एउटा स्वतन्त्र प्रकथन हो भन्ने निधार्रित हुन्छ । प्रकथनका रूपमा यसका संरचनामा पनि एउटा पाठ फेला पर्छ, जसलाई कृतिको भाषिक अभिव्यक्ति अथवा अभिव्यक्तिको भाषिक रूप भनिन्छ । पाठ एकातिर वाक्यात्मक एकाइ र अकार्तिर सन्देशमा वितरित हुन्छ, जसको संश्लिष्ट र कलात्मक प्रतिफलनले कृतिको प्रयोजनलाई उद्घाटित गर्छ । यहासम्म अन्य कवितात्मक संरचनासाग मुक्तकको समानता देखिन्छ, तर यही वाक्यात्मक एकाइको न्यून पुनरावृत्तिले यसको भेदकतालाई पनि प्रकट गर्छ । यस न्यूनताका कारणबाट यसको भाषिक वा भौतिक प्रसारको बृहत्तम र लघुतम दुवै सीमा एक अनुच्छेद एकाइसम्म हुन्छ भनेर उनले मुक्तकको परिचयलाई प्रस्ट्याउने काम गरेका छन् ।

यस प्रकार नेपाली शब्दकोश, संस्कृत साहित्यशास्त्र तथा नेपाली विद्वान्हरूले मुक्तक कविताका बारेमा दिएका सम्पूर्ण मतहरूको विश्लेषणबाट मुक्तक भन्नाले निम्न प्रवृत्ति भएको कवितालाई बुझिन्छ स्

क) मुक्तककविता एक श्लोकी हुन्छ ।

ख) यो पूर्वापरप्रसङ्गरहित हुन्छ ।

ग) यो आफैमा पूर्ण हुन्छ ।

घ) यसमा हृदयलाई चमत्कृत गर्ने क्षमता हुन्छ ।

ङ) यो अनिबद्ध काव्य हो ।

च) यसमा रसउद्बोधको क्षमता हुन्छ ।

१.२ मुक्तकका प्रकार

कविता विधा अन्तर्गत मुक्तक कवितालाई अन्य कविताबाट खुट्याउने वा छुट्याउने प्रमुख आधार पंक्तिगत योजना नै हो । पंक्तिगत सीमानामा मुक्तक कवितालाई बाध्न सकिएन भने अन्य आकारका कविताबाट यसलाई भिन्न तुल्याउन सकिन्न । मुक्तक कविताका पंक्तिले निश्चित चरण पार गरिसकेपछि तिनले फुटकर कविताको स्वरूप प्राप्त गर्दछन् । यसैले फुटकर कविता र मुक्तक कविताका बीचमा हुने भिन्नतागत आधार भत्किने खतरा रहिरहने हुादा मुक्तकको न्यूनतम चरण दुई पंक्ति हो भने अधिकतम चरण सात पंक्तिसम्म हो ।

कविताको लयगत आगमनका लागि कम्तीमा दुई पंक्ति हुनै पर्छ । दुई पंक्तिसम्ममा कविताले एउटा आवृत्ति पूरा गर्न सक्दछ । यसभन्दामुनि एक पंक्तिलाई कविता मानियो भने यसले आवृत्तिको मेहेरो मार्न नसक्ने हुादा त्यसले कविताको आकार ग्रहण गर्न सक्तैन । यसै गरी मुक्तक कविताका सन्दर्भमा सात पंक्तिको सीमाना पार भयो भने यसले युग्मकको आकार लिन सुरु गर्छ । संस्कृत साहित्यको परम्परागत जगमा उठेको नेपाली साहित्यले त्यहाबाट आएका मूल्य र मान्यतालाई भत्काएर अघि बढ्न सक्तैन । यसैले संस्कृतमा एक श्लोकी कवितालाई मुक्तक र दुई श्लोकीलाई युग्मक भनेर तोकेको अवस्थामा नेपाली मुक्तकलाई पनि सात पंक्तिभन्दा माथि लैजान मिल्दैन । पंक्तिगत आधारमा नेपाली मुक्तकलाई यस प्रकार वर्गीकरण गर्न सकिन्छ स्

१. दुई पंक्तिका उखान, लोकगीतका स्थायी, चुड्का, सूक्ति, सुभाषित, सायरी मुक्तक

२. तीन पंक्तिका रोइला, हाइकु मुक्तक

३. चार पंक्तिका चतुष्पदी श्लोक, चौपई, चौपाई, रुबाई मुक्तक

४. पाच पंक्तिका ताङ्का, सेदोका मुक्तक

५. छ पंक्तिका कुण्डली, छप्पय मुक्तक

६. दुई पंक्तिदेखि सात पंक्तिसम्मका छन्दमुक्त गद्य मुक्तकहरू

स्रोतगत आधारमा पनि नेपाली मुक्तक परम्परामा देखा परेका मुक्तकको वर्गीकरण गर्न सकिन्छ । नेपाली मुक्तकको भण्डारमा आफ्नै मौलिक स्रोत अन्तर्गतका लोकपरम्परा र संस्कृतबाट तथा आगन्तुक स्रोतअन्तर्गत विभिन्न विदेशी भाषाबाट विविध शैलीका मुक्तक भित्रिएका छन् । नेपाली मुक्तक कविताका रूपमा विकसित नेपाली मुक्तकहरू निम्न स्रोतबाट आएका हुन् स्

(क) मौलिक स्रोत

१. लोकधाराको स्रोत– उखान, झ्याउरे, सेलो, चुड्का, रोइला

२. संस्कृत स्रोत– सूक्ति, सुभाषित, द्विपदी, चतुष्पदी

(ख) आगन्तुक स्रोत

१. हिन्दी स्रोत– दोहा, चौपई, चौपाई, छप्पय, कुण्डली

२. फारसी उर्दू स्रोत– रुबाई, सायरी

३. अङ्ग्रेजी स्रोत– गद्य मुक्तकहरू

४. जापानी स्रोत – हाइकु, ताङ्का, सदोका

१.३ मुक्तकको संरचना

मुक्तक कविता एक भाषिक संरचना हो जो लघुतम आकारमा रचिन्छ । मुक्तकमा दुईदेखि बढीमा सात पाउ वा चरणका सम अथवा विषम आवृत्तिको बद्ध वा मुक्त लय ढाँचाका संरचनामा कुनै खास कथ्यको कथन गरिन्छ । दुई-चार वा पाँच-सात चरण वा हरफद्वारा निर्मित अत्यन्त छोटो भाषिक रूप संरचना नै मुक्तकको संरचनागत परिचय हो ।

मुक्तक भनेको लयबद्ध त्यस्तो भाषिक संरचना हो जुन मितव्ययी, अति संक्षिप्त र वेधक सूत्रात्मक भावकथनका रूपमा प्रकट भएको हुन्छ । मुक्तकको संरचना भन्नाले उक्ति-संरचना, पंक्तिरचरण वितरणगत संरचना, स्रोतगत संरचना तथा प्रस्तुतिगत उठान, विस्तार र बैठानको सङ्गठनसँग सम्बन्धित संरचना भन्ने बुझिन्छ ।

कविनिबद्ध उक्ति वा प्रथमपुरुषीय उक्ति र कविनिबद्ध पात्रोक्ति (कविनिबद्धवक्तृ प्रौढोक्ति) का दुई पद्धतिमध्ये कुनै एक पद्धतिको उपयोग गरेर वा यी दुवै थरी उक्ति पद्धतिको मिश्रणद्वारा मुक्तक रचिएको हुन्छ । लघुतम आकारमा रचिने मुक्तकमा भने कविउक्ति वा प्रगीतात्मक उक्तिकै पद्धतिको प्रधानता रहन्छ ।

चरणगत संरचनाका दृष्टिले नेपाली मुक्तकहरू दुईदेखि सात चरणरपंक्तिसम्मका विस्तारमा फैलिएका छन् । स्रोत संरचनाका दृष्टिले संस्कृतबाट आएका द्विपदी, त्रिपदी र चतुष्पदी शैलीका मुक्तकहरू नेपालीमा पाइन्छन् भने उर्दूफारसी स्रोतबाट आएका चार चरणका रुबाई तथा दुई चरणका सायरी मुक्तकहरू पनि पाइन्छन् । यसै गरी जापानीका तीन चरणयुक्त हाइकु, पाँच चरणयुक्त ताङ्का र सेदोकाका संरचनामा नेपाली मुक्तकहरू लेखिएका छन् । हिन्दीमा प्रचलित दोहा, कुण्डलिनीजस्ता संरचनामा पनि नेपाली मुक्तक रहेका छन् । अङ्ग्रेजीमा पाइने मुक्त गद्य लयका कविताहरूको प्रभाव फुटकर कवितामा परेभैँ मुक्तक कविताहरूमा पनि परेको छ । मुक्त गद्य लयका दुईदेखि सात चरणसम्मको विस्तारमा रहेका कवितालाई पनि मुक्तक कविताका रूपमा स्वीकार गर्न सकिन्छ । नेपाली लोकधाराका उखान, झ्याँगा, लोकगीतका स्वतन्त्र स्थायी र अन्तरा, रोइला आदि पनि नेपाली मुक्तकका संरचनागत प्रकार हुन् । वेधक, सघन र सूत्रात्मक कथनका रूपमा रहनु नै मुक्तकको संरचनागत पहिचान हो ।

२. मुक्तकको परम्परा

मुक्तकको परम्परा वैदिक कालदेखि नै चलि आएको छ । विश्वको सर्व प्राचीन ग्रन्थ ऋग्वेदमा रहेका त्रिष्टुप छन्दका हरेक मन्त्रलाई एक एक मुक्तक भन्न सकिन्छ । मन्त्रका रूपमा रहेका ती हरेक त्रिपदी मन्त्रहरू आफैमा निरपेक्ष छन् र आफैमा पूर्ण छन् । लयको बाटो हुादै आउने लघुतम आयामका निरपेक्ष श्लोकहरू मुक्तक हुन् । यसरी लघुतम काव्यिक कायाको परिचय हुने मुक्तकले आफ्नो अस्तित्व विश्वकै सर्व प्राचीन ग्रन्थ ऋग्वेददेखि नै प्रस्तुत गर्दै आएको छ ।

कालिदास लिखित ऋतुसंहार, शृङ्गारतिलक, पुष्पवाणतिलक र राक्षसकाव्य जस्ता कृतिहरू संस्कृतका एक से एक मुक्तक सङ्ग्रहहरू हुन् । तर पछिल्ला तिन काव्य मेघदूतका रचयिता कालिदास नभई अन्य कोही हुन् जसको नाम पनि कालिदास नै थियो ।

मुक्तक लेखनका क्षेत्रमा संस्कृतका भर्तृहरि (ईसाको ...बाँकी ७ पेजमा

कविता

मजदुर

✍ बसन्त बोगटी

मजदुर जसले
पानीलाई प्रकाश बनायो
कपुल बनायो, बाटो बनायो
देश बनायो, बिदेश बनायो
यति सुन्दर युग बनायो
तर अझै
उसको जिन्दगी बनेको छैन !
मजदुर जसले
विद्यालय, विश्वविद्यालय बनायो
उद्योग, कारखाना, अस्पताल बनायो
आलिसन महल र दरवार बनायो
तर अझै
उसको घर बनेको छैन !
मजदुर जसले
यो दुनियाँलाई
गति दियो, चेतना दियो
आट दियो भरोसा दियो
पसिना दियो रगत दियो
आफ्नो सिङ्गै जिवन दियो
तर अझै
उसको एक पैताला जमिन छैन !
त्यसैले
ए भारी बोक्ने भरियाहरू हो
हलो जोत्ने हलियाहरू हो
आऊ हामीसँग
तिम्रो त्याग बलिदान र समर्पणको
रगत पसिना र श्रमको
हिसाब खोज्न आउ !
शासकको एक चिम्टी लोभमा
गद्दारको एक प्रेमिल आश्वासनमा
तिम्रो महान् इतिहास मर्न दिनु हुन्न !
आउ मजदुरहरू हो आउ
एकपटक तिम्रो मुक्तिको लडाइँ लडौं !
हाम्रो व्यवस्थाको लडाइँ लडौं ! !

अर्को युद्ध म लड्ने छु

✍ मनोहर लामिछाने

देश हाम्रो भयो आज, विदेशीहरू खेल्ने ।
राष्ट्रघातीहरू सारा, चटके सरी नाच्ने ।।
जनता सन्त्रासमा आज, भोलि के हुन्छ जान्दिन ।
अन्यायीहरूको तन्त्र, मरे पनि म मान्दिन ।।

उठ्छु, जुट्छु, म कुर्लन्छु, सार्वभौम बचाउँछु ।
नेपाल राष्ट्रको रक्षा, म जस्तैले गराउँछु ।।
सिक्किम बन्न दिदै दिन्न, सयौं लेन्डुप भगाउँछु ।
योद्धा हु म अझै लड्छु, फेरि बन्दुक समाउछु ।।

बुझी यथार्थ औं सत्य, देश रक्षार्थ खातिर ।
न्याय प्रेमीहरू जागौं, देशको हित खातिर ।।
गद्धारहरूको सारा, भण्डाफोर म गर्नें छु ।
गोलबन्द गरि फेरि, युद्ध अर्को म लड्नेछु ।।

सूचना

राष्ट्रिय क्रान्तिकारी बुद्धिजीवी मञ्च नेपालको प्रकाशन विभागद्वारा प्रकाशित हुन गइरहेको विचारप्रधान त्रैमासिक

'वर्गबोध'

छिट्टै बजारमा उपलब्ध हुने सहर्ष जानकारी गराइन्छ ।

प्रकाशन विभाग

वर्गबोध त्रैमासिक

मुक्तक...

सातौ शताब्दी) को नाम निकै आदर पूर्वक लिइन्छ । उनका त्रय शतक नामको मुक्तक संग्रह विख्यात रहेको छ । शृङ्गार, नीति र वैराग्य शतक गरी तीन भागमा रहेकाले यसलाई त्रय शतक भनिएको हो । नवौं शताब्दीका अमरुक पनि अर्का प्रसिद्ध मुक्तककार हुन् । उनको अमरुक शतक नामको मुक्तक सङ्ग्रह रहेको छ । विल्हणको चौरपञ्चाशिका, गोबर्धनाचार्यको आर्यसप्तशती, जयदेवको गीत गोविन्द, हरि शंकर एवं प्रभाकर दुबैको गीतराघव नामक एउटै शीर्षकका बेग्लाबेग्लै मुक्तक सङ्ग्रह संस्कृतका अन्य प्रसिद्ध मुक्तक सङ्ग्रहहरू हुन् । संस्कृत, पाल्ही तथा अपभ्रंश हुादै विकसित यस क्षेत्रका हिन्दी, नेपाली भाषामा मुक्तक लेखनको धेरै पुरानो र अक्षुण्ण इतिहास छ । आधुनिक भारतमा पनि कयौ गजलकार हरूको इतिहास रुबाई मुक्तककारका रूपमा परिचित छ । हरिवंश राय बच्चन हिन्दी भाषी प्रसिद्ध मुक्तककार हुन् ।

उता फारसमा एघारौ शताब्दीमा जन्मिएका मानिने उमर खय्याम रुबाई शैलीका विख्यात मुक्तककार हुन् । उनका रुबाई मुक्तकलाई फिट् जेराल्ड नामक अंग्रेजी साहित्यकारले अंग्रेजी भाषामा अनुवाद गरि दिदा उनी संसार प्रसिद्ध हुन पुगेका छन् । जापानमा एघारौ शताब्दीदेखि नै हाइकु मुक्तकको लेखन प्रारम्भ भएको देखिन्छ । हामीले भन्ने मुक्तक अङ्ग्रेजी साहित्यमा कप्लेट, टर्सेट, क्वाट्रेन, लिमेरिक, सेस्टिना औ रोन्डिलेटका रूपमा विकसित भएको पाइन्छ ।

नेपाली मुक्तक लेखनको इतिहास खोज्दै जाादा भने त्यो सवा दुई सय वर्षभन्दा पुरानो देखिन्छ । नेपाली कविताको प्राथमिक काल (वि.सं. १८२६-१९४०), माध्यमिक काल (वि.सं. १९४१ -१९७४) र आधुनिक काल (वि.सं. १९७५ यता) मा मुक्तक कविता रचिादै आएका छन् । त्यसैले नेपाली मुक्तकको विकास प्रक्रिया सिङ्गो नेपाली कविताको विकास प्रक्रियासाग नै जोडिएको छ । नेपाली कविताको प्राथमिक कालमा नै शक्तिबल्लभ अर्ज्याल (१७८१-१८६३), गुमानी पन्त (१८४७-१९०३), रघुनाथ पोर्खयाल (१८६८-१९१८), भानुभक्त आचार्य (१८७१-१९२५), शशिधरदास (१८०४-१९०६), धौकलदास (१८०३-१८५९), अभयदिल प्रथम (१८३८-१९१९), अगम दिलदास (१८५०-१९२५), रमानाथ आचार्य आदि कविहरूले मुक्तक कविता रचे भने माध्यमिक कालका मोतीराम भट्ट (१९२३-१९५३), वैयाकरण नेपाल (१९१२-१९७९), शिखरनाथ सुवेदी (१९२१-२००५), लक्ष्मीदत्त पन्त (१९२२-१९६२), पद्मविलास पन्त (१९१९-१९८८), सिद्धिदास अमात्य (१९२४-८६), वैजनाथ न्यौपाने (१९२६-२००४), नरदेव पाण्डेय (१९२९-२००१), बद्रीनाथ आचार्य (१९३०-२०००), रेवतीरमण न्यौपाने (१९३३-१९९८), पहलमानसिंह स्वाँर (१९३५-२०२८) आदि कविहरूले पनि मुक्तक रचेको पाइन्छ ।

नेपाली कविताको आधुनिक कालमा र त्यसअन्तर्गत पनि २०३० साल यता मुक्तक कविताको रचना प्रचुर मात्रामा भएको देखिन्छ । यस कालमा नेपाली मुक्तकको गुणात्मक, सङ्ख्यात्मक र प्रवृत्तिगत दृष्टिले हेर्दा प्रशस्त विकास भएको पाइन्छ । लेखनाथ पौड्याल (१९४१-२०२२), बालकृष्ण सम (१९५९-२०३८), लक्ष्मीप्रसाद देवकोटा (१९६६-२०१६), सिद्धिचरण श्रेष्ठ (१९६९-२०४९), केदारमान व्यथित (१९७१-२०५५), माधव घिमिरे (१९७६), भीमदर्शन रोका (१९८६-२०६०), टेकबहादुर 'नवीन' (१९९०), ईश्वरबल्लभ (१९९४), वैरागी काइला (१९९६), मोहन कोइराला (१९८३-), नीरविक्रम प्यासी (१९९०-२०४९), रत्नशमशेर थापा आदिको मुक्तक लेखनमा विशिष्ट योगदान रहेको छ ।

२०१६ देखि सङ्ग्रहका रूपमा नेपाली मुक्तकको प्रकाशनयात्रा सुरु भए पनि २०३० को दशक यतामात्र यस उपविधाप्रति मुक्तककार हरूको विशेष ध्यान गएको देख्न पाइन्छ । यस छिमलका कृष्णप्रसाद पराजुली (१९९२), भूपी शेरचन (१९९२-२०४६), हरिभक्त कटुवाल (१९९२-२०३७), मोहनहिमांशु थापा (१९९३), यादव खरेल (२०००), ज्ञान उदास (२०००), धीरेन्द्र मल्ल (२०१२), महेश प्रसाईं (२०१३), सरुभक्त (२०१३), अशेष मल्ल (२०११) आदिले नेपाली मुक्तकको विकासमा उल्लेखनीय योगदान पुर्याएका छन् । यस परम्पराले वासु शशी (१९९२-२०४९) ज्ञानुवाकर पौडेल (२००९), ध्रुव मधिकर्मी (२०१५) आदिले झन् माथि उठाउने काम गरे । नेपालीमा करिब दुई सयभन्दा बढी मुक्तक सङ्ग्रहहरू प्रकाशित भइसकेका छन् । पत्रपत्रिकाहरूले मुक्तक विशेषाङ्क निकाल्ने तथा एफ.एम. रेडियोहरूले मुक्तक कार्यक्रम नै सञ्चालन गर्ने काम गरेर पनि यस अवधिमा यसको उत्तरोत्तर प्रगतिका निम्ति विशेष प्रयत्न गरेको देखिन्छ । यस कालावधिमा पोखरा, विराटनगरजस्ता ठाउामा टिकटमा मुक्तक सुन्ने अभियान र मुक्तक विधामा मात्रै केन्द्रित संस्थाहरू खोल्ने काम गरेर नेपाली मुक्तकको उन्नयनमा उल्लेखनीय योगदान दिएको पाइन्छ ।

यसरी नेपाली मुक्तक कविताको विकासक्रम प्राथमिक कालदेखि माध्यमिक काल हुादै आधुनिक कालको पछिल्लो अवधिसम्ममा आइपुग्दा उत्तरोत्तर तीव्र र समृद्ध हुादै गएको देखिन्छ ।

३. मुक्तकका प्रवृत्ति

विभिन्न ग्रन्थ, शास्त्र एवं विद्वान्हरूले प्रस्तुत गरेका विविध मतहरूको विश्लेषण गर्दा मुक्तक कविता भन्नाले निम्न लिखित आकार-प्रकार, स्वरूप, पद्धति र प्रवृत्तिका कवितालाई बुझिन्छ :

(१) यो संक्षिप्त आकारको हुन्छ ।

(२) यो एक अनुच्छेद (कवितामा एक श्लोक) मा रहने काव्यात्मक अभिव्यक्ति हो ।

(३) यो पूर्वापर प्रसङ्ग निरपेक्ष हुन्छ ।

(४) यो एक आवृत्तिको हुन्छ ।

(५) यो चक्रात्मक नभएर वर्तुल हुन्छ ।

(६) यो आफैमा पूर्ण हुन्छ ।

(७) यो खिरिलो, चोटिलो र सहजबोध्य हुन्छ ।

(८) यसमा भाव र विचारलाई विस्तार गरिरहने अवसर हुन्न ।

(९) यो प्रभावकारी, मितव्ययी र सारगर्भित हुन्छ ।

(१०) यो वस्तुस्थितिलाई टपक्क टिपेर व्यक्त गर्न समर्थ छ ।

(११) यो कम समयमा पढिभ्याइन्छ ।

(१२) यो भावप्रधान हुन्छ ।

(१३) यसमा भावको तीव्रता र एकोन्मुखता हुन्छ ।

(१४) यसमा कथा, कथावस्तु आदि जान्नुपर्ने झन्झट हुन्न ।

(१५) यसमा पुनरावृत्तिको अवसर कम हुन्छ ।

(१६) यो एउटै छन्द वा लयगत ढाचामा व्यक्त हुन्छ ।

(१७) यसमा मनका कुरा भनिसक्नाको हतारो हुन्छ ।

(१८) यसमा कथनगत सूत्रात्मकता पाइन्छ ।

(१९) यसमा अभिव्यक्तिगत मार्मिकता पाइन्छ ।

(२०) यसको भाषा सुगठित हुन्छ ।

(२१) यसमा उक्तिको वैचित्र्य पाइन्छ ।

(२२) विषयगत दृष्टिले यो असीमित हुन्छ ।

(२३) यसमा शैलीगत विशिष्टता पाइन्छ ।

(२४) अनुप्रास योजनाले यो चित्ताकर्षक हुन पुगेको हुन्छ ।

(२५) यो लयात्मक हुन्छ ।

(२६) यसमा भाव वा विचारको खण्डचित्र हुन्छ ।

(२७) नेपाली मुक्तकहरू नेपाली लोकपद्य, संस्कृतका द्विपदी-चतुष्पदी तथा विदेशी छन्दगत शैलीबाट प्रभावित छन् ।

यस प्रकार विभिन्न मतहरूको अध्ययनबाट पूर्वापर सन्दर्भ निरपेक्ष एक काव्यात्मक अनुच्छेदमा रहने एकल आवृत्तिमय कलात्मक बान्कीको पूर्ण तथा हृदयस्पर्शी लघुतम कवितालाई मुक्तक भनिन्छ ।

४. **निष्कर्ष**

यसरी मुक्तक भनेको कविता विधाको सबैभन्दा सानो आयामको पूर्ण कविता हो । यो पूर्वापर प्रसङ्ग निरपेक्ष हुन्छ । मुक्तकमा हृदयलाई चमत्कृत गर्ने क्षमता हुन्छ । मुक्तक कविता एकल आवृत्तिमा वर्तुलित ढाचाबाट अभिव्यक्त भएको हुन्छ भने सङ्क्षिप्त आयामका कारण यसमा एकभन्दा बढी विचार वा भावले विस्तार हुने अवसर पाउादैन । आठ पंक्ति अर्थात् दुई श्लोकी कवितालाई संस्कृत काव्यशास्त्रीय परम्परामा युग्मक भनेर परिभाषित गरिएका सन्दर्भमा दुईदेखि सात पंक्तिसम्मको आयामका कवितालाई मात्र मुक्तक भन्नु पर्ने देखिन्छ ।

(साहित्यसंसार डटकमबाट)

अखिल...

गराइएको तथा विश्व विद्यालयले समेत भौतिक पूर्वाधार निर्माणका लागि निर्देशन दिएपनि कलेजले अटेर गरेको क्रान्तिकारीले जनाएको छ ।

इन्जिनियरिङ पढाउनका लागि सो कलेजमा आवश्यक भवन, ल्याब प्रयोगात्मक अभ्यास गर्ने फिल्डलगायतको पूर्वाधार तयार गरेर मात्रै नयाँ भर्ना लिन क्रान्तिकारीले माग गर्दै आएको थियो ।

यद्यपि त्यसका बाबजुद कुनै मागको सुनुवाई नै नगरी नयाँ भर्ना प्रक्रिया सुरु गरेपछि आफूहरू भौतिक कारबाहीमा उत्रिएको र आगामी दिनमा पनि भौतिक पूर्वाधार निर्माणका ध्यान नदिइएमा थप संघर्षमा उत्रिने र त्यसको जिम्मेवार क्याम्पस नै हुने सो संगठनले चेतावनी दिएको छ ।

पानामा...

छोरी र ज्वाईलाई समेत दोषी ठहर गरेको छ । पाकिस्तानको पिपक्षी पार्टी पाकिस्तान तहरिक-ए-इन्साफका अध्यक्ष इमरान खान पनामा पेपर्स काण्डलाई लिएर मुद्धा दायर गर्नेमध्ये एक हुन् । उनले पछिल्लो समयमा यसबारेमा चाँडै फैसला सुनाउन समेत आग्रह गर्दै आएका थिए । पाकिस्तानमा तीन पटक प्रधानमन्त्री बन्ने सरिफ पहिलो नेता हुन् । अब उनी प्रधानमन्त्री बन्न योग्य हुने छैनन् । पाकिस्तानमा सत्तारुढ पाकिस्तान मुस्लिम लिग र त्यसका नेता जवाज शरिफको सम्बन्ध 'मेड फर इच अदर' जस्तो छ । पाकिस्तानमा निर्वाचन आयोगमा दल दर्ता हुँदाको नियमअनुसार नै उनले प्रधानमन्त्री र पार्टी अध्यक्षको पद गुमाएका छन् । अब पार्टी अध्यक्षका लागि उनका भाई शाहबाज शरिफ एक प्रमुख दावेदार रहेका छन् । उनी पनामा पेपर्स काण्डमा समेत बचेका कारण उनलाई नवाज शरिफको सबैभन्दा बलियो उत्तराधिकारीका रूपमा हेरिएको छ । नेशनल एसेम्बलीको सदस्य नभएका कारण उनी तत्काल प्रधानमन्त्री भने बन्न पाउने छैनन् । पाकिस्तानी प्रधानमन्त्री शरिफले अदालतको फैसलालाई सहज रूपमा स्वीकार गर्दै पदबाट राजीनामा दिएका छन् । यद्यपि पाकिस्तानको राजनीतिमा अदालत र सेनाको बलियो पकड रहेको मानिन्छ ।

पाकिस्तानको सत्तामा पछिल्लो समयमा स्थायित्व देखिएपनि राजनीतिक विश्लेशकहरूले यसलाई सेनासँगको 'चेक एण्ड ब्यालेन्स' का रूपमा लिने गरेका छन् । सन् १९४७ मा बेलायती उपनिवेशबाट मुक्त भएको पाकिस्तानमा पछिल्ला ७० वर्षमा अयुब खान, याह्या खान, जिया उल हक र परवेज मुशर्रफ गरी चार जना सैनिक शासकले सत्ता चलाइसकेका छन् ।

शाहिद खकान अब्बासी अन्तरिम प्रधानमन्त्री

यसैबीच, पाकिस्तानमा शाहिद खकान अब्बासी अन्तरिम प्रधानमन्त्रीको रूपमा चयन भएका छन् । पाकिस्तानको सत्तारुढ पाकिस्तान मुस्लिम लीग (नवाज) ले उनलाई अन्तरिम प्रधानमन्त्रीका चयन गरेको हो ।

पाकिस्तानको सर्वोच्च अदालतले प्रधानमन्त्री नवाज सरिफलाई पनामा पेपर्स काण्डमा दोषी ठहर गर्दै पदमा रहन अयोग्य घोषित गरेपछि प्रधानमन्त्रीको पद खाली भएको थियो ।

पाकिस्तान मुस्लिम लीगको बैठकले अब्बासीको नाममा सहमति जुटाएको हो । उनले नवाज सरिफको सरकारमा पेट्रोलियम मन्त्रीको जिम्मेवारी सम्हालेका थिए । अन्तरिम प्रधानमन्त्री अब्बासीले शहबाज सरिफले नेशनल एशेम्बलीको चुनाव जितेपछि उनका लागि प्रधानमन्त्रीको कुर्सी छाड्ने बताइएको छ ।

नवाज सरिफका भाई शहबाज नेशनल एसेम्बलीको सदस्य नभएका कारण तत्काल प्रधानमन्त्री बन्न नसकेका हुन् । नवाज सरिफको कान्छा भाई शहबाज हाल पञ्जाब प्रान्तका मुख्यमन्त्री रहेका छन् ।

पाकिस्तानमा कुनै पनि निर्वाचित प्रधानमन्त्रीले आफ्नो कार्यकाल पूरा गर्न पाएका छैनन् । सरिफले पूरा कार्यकाल काम गर्ने अपेक्षा गरिएको भएपनि एक वर्ष बाँकी छँदै पनामा पेपर्स काण्डले पद गएको हो ।

यद्यपि उनले प्रधानमन्त्रीको पदबाट राजीनामा दिँदै आफ्नो कार्यकालमा कुनै भ्रष्टाचार नभएको दाबी गरेका छन् । धनी व्यापारिक परिवारमा जन्मिएर राजनीतिमा लागेका सरिफ अब पार्टीको नेतृत्वमा समेत रहन पाउने छैनन् ।

गोर्खाल्याण्ड...

दबाब दिन आन्दोलनलाई कठोर बनाएर लैजान्छौं ।'

उनले अबको आन्दोलन कि वा कि पारको हुने बताएका छन् । केन्द्र सरकारले सम्बोधन नगरे ९ अगस्टदेखि आन्दोलनलाई थप कडा बनाउन मोर्चा तयारीमा लागेको बताइएको छ ।

गोर्खाल्याण्ड मागदै चिठी आन्दोलन

यसैबीच भारतको सिक्किमबाट सुरु भएको अनौठो चिठी आन्दोलनले देहरादुनमा समेत निरन्तरता पाएको छ । अलग गोर्खाल्याण्ड मागदै सिक्किमेली जनताले चिठी आन्दोलन सुरु गरेका थिए । देहरादुनमा ठूलो संख्यामा गोरखा समाजका जनताले प्रधानमन्त्री नरेन्द्र मोदीलाई गोर्खाल्याण्ड मागदै चिठी पठाएका छन । गोर्खाली सुधार सभाको तीज महोत्सव समितिले समेत प्रधानमन्त्रीलाई चिठी पठाएको छ । भारतको हिमान्चल, मध्यप्रदेश, जम्मु काश्मिरलगायतका राज्यबाट समेत गोर्खाल्याण्ड मागदै चिठी पठाउने क्रम सुरु भएको छ ।

दैनिकी दुर्वाच्य... रामचन्द्र हुमागाई

को कस्ता अन्तरघाती !

साउन ९ गते । स्थानीय तहको निर्वाचन सकिए लगत्तै अन्तरघातको बहस चलेको छ । एमालेले एकहप्ता अगाडि नै अन्तरघातीहरूलाई कार्रवाही गरेर देखाईदियो । नेपाली कांग्रेसले हिजोबाट अन्तरघातको वहस शूरु गरेको छ । एबा ! बा ! मुलुकका ठूला पार्टी पनि यिनै । यिनै अन्तरघात र प्रतिघातमा अल्मलिएका छन् । आखिर के चाहिएको हो यिनीहरूलाई ? निर्वाचनमा टिकट बाँड्दा जीवननै राजनीतिमा समर्पण गरेका व्यक्तिलाई नदिइ व्यापारीलाई दिने, अनि अन्तरघातको कुरा गरेर जोरि हसाउँने ? यो कस्तो काइदा हो ? बुझ्नै गाह्रो भो ।

साउन १० गते । नेपाल सरकार,'बुझ्दै नबुझ्ने हो कि नबुझे जस्तो गर्ने हो ?' डा.गोविन्द के.सी.को मामिलामा । एउटै विषयलाई लिएर डाक्टर जस्तो व्यक्ति हिजोबाट ११औं पटक अनसनमा बसेका छन्, के सरकारलाई लाज लाग्दैन ? उनका माग नाजायज भए 'हुन सक्तैन' भनिदिनु । होइन जायज माग हुन भने किन राँडी रुवाई ? यो त मुलुककै सर्मनाक विषय भयो है, कसैलाई लाज सरम लाग्छ भने ।

साउन ११ गते । भ्रष्टाचारीलाई ससम्मान तक्मा भिराएर राख्ने नेपाली संस्कार हेर्न र सुन्न लायकको छ । पछिल्लो पटक प्रचारमा आएको नेपाल आयल निगमको भ्रष्टाचार काण्डले त देश नै थर्काईदियो । निगमका कार्यकारी महाप्रबन्धक गोपाल खड्काले ३६ करोडभन्दा बढी रकम जग्गा खरिदमा घोटाला गरेको समाचारले अरुलाई नछोए पनि 'नेपालमा भ्रष्टाचार हुनुहुँदैन, प्रत्येक नेपालीको थाप्लोमा २४ हजार ऋण बोकाएर देश चलाउने प्रकृया राम्रो होइन' भन्ने वर्गलाई पक्कै दुःख लागेको हुनैपर्छ तर के गर्ने माउ भ्रष्टाचारी भएपछि बच्चा झन् बढी भ्रष्ट हुने रहेछन् ।

साउन १२ गते । नाम मात्रै शेरबहादुर राखेर नहुनेरहेछ, यदि हुने भए आफू प्रधानमन्त्री भएको डेढ महिनासम्म पनि मन्त्रिमण्डल गठन गर्न नसकेर बल्ल हिजोमात्र २७ सदस्यीय मन्त्रिमण्डल बनाए हाम्रा प्रधानमन्त्री शेरबहादुर देउवाले । अझै मन्त्रालय खाली रहेका छन् । आफूलाई प्रजातन्त्रको मसिहा ठान्ने नेपाली कांग्रेस समेतको नेतृत्व हाँकिरहेका शेरवहादुर यति कमजोर होलान् भन्ने कसैलाई पनि लागेको थिएनहोला तर शेरबहादुरसँग आफ्नो हुती केही पनि रहेनछ भन्ने प्रमाण उनैले देखाइरहेका छन् । होसियार है ! कांग्रेसी जनहरू पार्टी जोगाउँने हो भने विकल्प खोजिहाल ।

साउन १३ गते । 'कामकुरो एकातिर कुम्लो बोकी ठिमीतिर' भन्ने काठमाडौंको उखान यतिबेला नेताहरूमा हुबहु लागु भएको देख्न र सुन्नमा आएको छ । एकातिर 'हामीले सम्विधान बनायौं' भनेर झ्याली पिट्न छाडिएको छैन भने अर्कातिर 'शासकीय स्वरूपका बारेमा विचार गर्नुपर्ने भैसकेको छ' भनेर नेताहरू कार्यकर्ता सुऱ्याउँदै छन् । सम्विधान लागु भएपछि पो त्यसभित्रका गुण र अवगुणहरू जान्न पाइन्छ, संविधान नै कार्यान्वयनमा आएको छैन त्यसको सकारात्मक र नकारात्मक पक्ष कसरी थाहा हुन्छ ? यो अभियानमा राजालाई दाम चढाएर ढोग्न जाने नेता माधव कुमार नेपालदेखि जनयुद्धका कमाण्डर तथा शान्ति वार्तामा आएपछि छलाङ लगाएर सत्तासुख सयलमा रमाइरहेका प्रचण्डसमेत झुम्मिएको देखिन्छ । सायद आफू निर्वाचित राष्ट्रपति बन्ने धुनसवार भएर होला । तर, जनता गोरो र कालो छुट्याउन सक्ने भैसकेका छन्, अब पनि झुक्याउने काम नगर्दा वेस होला । सम्विधान त वुर्जुवाहरूको पगरी मात्रै हो, साँच्चिकै जनताको संविधान त बनेकै छैन, कि कसो हो ?

साउन १४ गते । पाकिस्तानका प्रधानमन्त्री नवाज सरिफलाई त्यहाँको सर्वोच्च अदालतले राजनीति गरेर अकुत सम्पत्ति आर्जन गरेको भन्दै गत शुक्रबार अयोग्य ठहर गर्दै पदबाट बर्खास्त गर्न पाकिस्तान सरकारलाई आदेश दिएको केही समय भित्रै नवाजले राजीनामा दिए । भ्रष्टाचारको अभियोगमा माथिल्लो पदमा रहेका व्यक्तिलाई यति ठूलो सजायँ दिएको सम्भवतः पहिलो नै हुनुपर्छ । हुन त यो भन्दा अगाडि धेरै जनालाई पाकिस्तान सरकारले कारबाही गरिसकेको छ । तर, पद मुक्त भएपछि । यो भ्रष्टाचार भनेको यस्तो रोग हो जसले भित्रभित्रै जालो फैलाइरहेको हुन्छ । नेपालमा नवाजभन्दा पनि ठूला स्क्याण्डलहरू भैरहेका छन् तर जिल्ला अदालत देखि सर्वोच्च अदालतसम्मले न्वारन गरेर चोख्याउँने गरिएको छ । ठूला कर्मचारीदेखि नेतासम्मले अकुत सम्पत्ति कुम्याउँने बानी परिसकेको छ । अदालतको आडमा चोखिए पनि जनमानसबाट उनीहरू चाखिन सकिरहेका छैनन् । नेपालका हजारौं नवाफहरूलाई यसैगरि कारवाही गर्ने हो भने नेपाललाई बीस वर्षसम्म पुग्ने बजेट खोज्न अन्त जानै पर्दैन, कहिले आउलान ती दिन ?

साउन १५ गते । दिसा–पिसाब खुस्किएपछि चर्पी देख्ने नेपाली नेताहरूको मूख्य गुन भएका माओवादी केन्द्रका अध्यक्ष प्रचण्ड उर्फ पुष्पकमल दाहालले निर्वाचन समीक्षा पछिको बैठकमा हार खाएर थकित भएका कार्यकर्तालाई आश्वासन दिंदै भनेछन्, 'माओवादी केन्द्रलाई एक नम्वरको पार्टी बनाउन कुनै समस्या छैन' । यो समाचार सुनेपछि मलाई नेपोलियनको एउटा कथाको याद आयो । अत्यन्तै जँगी स्वभावका नेता नेपोलियन आफ्ना दुश्मन विरूद्ध निकै आक्रमक शैलीमा पेश हुने गर्थे तर पछिल्लो पटक उनले आफू कमजोर हुदै गएको महसूस गरेछन् र लडाकु योद्धालाई निर्देकनात्मक रूपमा भनेछन्, 'हेर सिपाइ हो हामी अवश्य पनि हाम्रो युद्ध जित्छौं तर युद्धमा होमिदा मानबताको पनि ख्याल गर्नुपर्छ भन्ने कुरा भुल्नु भने हुँदैन' । अव परेन त फसाद ! युद्ध मैदानमा दुस्मन पक्षका मानिसहरू आफुहरू माथि दनादन बन्दुको नाली तेर्स्याएर गोली ताकीरहेका थिए तर नेपोलियन सबैमाथि मानवताको विस्कुन देखिरहेका थिए । अब जितिएन त युद्धमैदान ? कुलेलम ठोकेर भग्नुभन्दा अर्को विकल्प नदेखेपछि आखिर नेपोलियन एक्लै परेर दुस्मनको घेरामा परेका थिए । कतै प्रचण्डको पार्टी माओवादी केन्द्र एक नम्बर हुने यसैगरी त होइन ? होस गर है चार हजारभन्दा बढी केन्द्रीय सदस्यहरू चोक्टा खान गएकाहरू झोलमै डुबेर मरौला ।

आरामदायी र भरपर्दो यात्राका लागि हामीलाई सम्झनुहोस् ।

मितेरी यातायात एण्ड अटो प्रा.लि.

प्रधान कार्यालय : कलंकी, काठमाडौं
फोन नं. : ०१-४२७०७०४, ४२७६३८१
तेह्रथुम सम्पर्क : डिल्लराम रेग्मी (९८५२०६०२५४)
फोन नं. : ०२६-४६०२५४

कृपया, टिकट र रिजर्भका लागि हामीलाई सम्झनुहोस् ।

आरामदायी र भरपर्दो यात्राका लागि हामीलाई सम्झनुहोस् ।

नारायणी यातायात व्यवसायी संघद्वारा संचालित

टाटा सुमो सेवा

काठमाडौंबाट- हेटौडा, वीरगंज, चपुर, निजगढ, रतनपुर
फोन नं. : ०१-५१८७२५६
बल्खु, काठमाडौं ।

स्वर्गद्वारी सार्वजनिक यातायात व्यवसायी समितिद्वारा सञ्चालित A/C हाइस सेवा

काठमाडौं-खलंगा	बिहान ६:०० बजे
काठमाडौं- भिंगु किमीचौर	बिहान ६:३० बजे
भिंगु किमीचौर-काठमाडौं	बिहान ६:३० बजे
खलंगा-काठमाडौं	बिहान ५:०० बजे
खलंगा-नेपालगञ्ज	बिहान ८:३० बजे
नेपालगञ्ज-खलंगा	बिहान ९:०० बजे

सम्पर्क नम्बर
काठमाडौं - ९८६६८३३३९९
खलंगा - ९८५१२४९९४८
किमीचौर - ९८५१२४९९४८

आरामदायी र भरपर्दो यात्राको लागि हामीलाई सम्झनुहोस् ।

धौलागिरी अञ्चल बस व्यवसायी सञ्चालक समिति

सम्पर्क
कृष्ण सुवेदी - ९८५१०१८९१२
राम के.सी. - ९८५१०५४२६४
होम छन्त्याल - ९८४१९०६५७२
गोपाल थापा : ९८४१८११२२४

माइक्रो काउन्टर

काठमाडौं फोन	बाग्लुङ
०१४३८८३९३	०६८५२२२२०

काठमाडौंबाट : पोखरा, बाग्लुङ, बेनी, बुर्तिबाङ, दरबाङ, मुक्तिनाथ
बाग्लुङबाट : पोखरा, काठमाडौं बुर्तिवाङ, दरबाङ, बेनी, मुक्तिनाथ

A/C, Tourist Bus, Delux Bus, A/C Micro SCORPIO, Zeep, TATA SUMO सेवा

आलोपालो

स्थानीय तहका प्रतिनिधिहरूबाट देश बन्दैन

मनोहर लामिछाने

लामो समयदेखि स्थानीय तहको निर्वाचन हुन सकेको थिएन । विशेष गरी ठूला पार्टीका स्थानीय नेताहरू वेरोजगार जस्तै थिए । स्थानीय स्तर हुँदै जिल्ला तहमा सर्वदलीय समितिको नाममा निर्वाचित जनप्रतिनिधि जस्तै भूमिका निर्वाह गर्ने भन्दै संयन्त्रमा बसी भजमन गर्ने परिपाटीले स्थानीय तह उदेक लाग्दो थियो । संयन्त्रका कतिपय सदस्यहरू नै अघोषित ठेकेदार थिए । आर्थिक अनियमितताले सीमा नाघिसकेका थिए । स्थानीय तहको निर्वाचन पछि पनि त्यसको धङधङी अझै यथावत छ । कायमै छ ।

स्थानीय तहको निर्वाचनअघि र पछि सिंहदरबारको अधिकार गाउँमा पुगेको प्रयोजित हल्ला चलाउँदै आएको छ । के साँच्चै सिंहदरबारको अधिकार गाउँमा गएकै हो त ? यथार्थमा त्यसो होइन । स्थानीय निकायलाई दिइने योजना, बजेट अब पनि विगत जस्तै सिंहदरबार बाटै नियोजित रूपमा गरिदै छ । बरु स्थानीय जनप्रतिनिधिहरूको पारिश्रमिक तोकिएको हल्ला र पछि स्थानीय साधन स्रोतबाट उपयोग गरिने निर्देशनले मुख आँ गरेका जनप्रतिनिधिहरूले स्थानीय साधन स्रोतको नाममा वन जंगल, जल सम्पदा, खानी, गिट्टी, बालुवा, ढुंगा, जडिबुटी जस्ता प्राकृतिक दोहनले गाउँघर उजाड बन्ने सम्भावना धेरै छ भने अनियमितताका शृंखलाको चाङ पनि स्थानीय निकायमै जम्मा हुने देखिन्छ । बानी बिग्रिएको वर्तमान परिवेशमा पद र स्थान अनुसार धेरै भन्दा धेरै खर्च गरेर विजय भएका जनप्रतिनिधिहरूले चुनावमा खर्च भएको पैसा उठाउने, असुलउपर गर्ने, विविध जुक्ति निकाल्न बाध्य हुने अवस्थामा सिंहदरबारको अधिकार गाउँमा पुगेको भन्दा सिंहदरबारमा हुने अनियमितता, पक्षपातजस्ता विकृति विसंगति स्थानीय तहमा पुगेको कुरा क्रमशः उजागर हुँदै जानेछ ।

अपवादबाहेक धेरैजसो निर्वाचित जनप्रतिनिधिहरू पैसाकै बलले निर्वाचित भएका छन् । जिल्लेले मात्रै पैसा खर्च गरेका छैनन, हार्नेले पनि प्रशस्तै पैसा खर्च गरेका छन् । यतिमात्र होइन सरकारमा भएका पार्टीले त राज्यको ढुकुटी र सत्ताको समेत दुरूपयोग गरेका छने । ठूला पार्टीहरूले आफू एक नम्बर बन्ने होडमा कमिशनखोर, तस्कर, ठेकेदार, व्यापारी, पैसावाल, डनहरूजस्ता लाई खोजीखोजी उम्मेदवार बन्न प्रोत्साहन र प्रयत्न गरेको समेत देखियो । यसरी यो लोकतन्त्र वा गणतन्त्र पैसावालाकै पोल्टामा परेको देखिदा मूल्यमान्यता, आदर्शलाई पराजित गरेको वर्तमानमा आम जनतामा राजनीतिक वितृष्णा पैदा गरेको छ । यस्तै वातावरणले मिहिनतकस आम नागरिकबाट राजनीति क्रमश टाढा हुँदै गइरहेको पाइन्छ । यसरी खातापिता परिवारको पोल्टामा पुगेको गणतन्त्र जनताबाट टाढा हुँदै गइरहेको छ । श्रमजीवी मिहिनतकस जनताहरूका समस्या जस्ताका तस्तै रहेको अवस्थामा निर्वाचित प्रतिनिधिहरूले आफ्नो सुविधा वृद्धिका लागि अत्याधिक कर वृद्धि गर्ने छनक देखाइसकेको हुँदा जनताका समस्या समाधानको सट्टामा अत्याधिक मात्रामा जनताहरूलाई आर्थिक भार मात्र होइन अव्यवस्था, पक्षपात, नातावादजस्ता विविध विसंगतिले उपेक्षित बहुसंख्यक जनताहरूमा विद्रोहको भावना पैदा हुन सक्छ । यहि विद्रोहात्मक भावनालाई सम्मान गर्नु र संगठित गर्न सक्नु आजको आवश्यकता हो । आक्रोशित भाजनालाई कुन्ठित गरिनु र जनताको हित विपरित गोरखधन्दाको विरूद्धमा डटेर लाग्नु उपेक्षित जनसमुदायलाई गोलबन्द गर्ने प्रयास नै नेपाली क्रान्तिको आधार स्तम्भ हुन सक्छ । यसरी जनताका जल्दाबल्दा समस्याको निराकरण स्थानीय चुनावबाट निर्वाचित प्रतिनिधिबाट सम्भव देखिदैन ।

सत्तासिनहरू अलोकप्रिय भएकै वर्तमान अवस्थामा ऐन, कानुन क्षेत्र निर्धारणजस्ता तयारी बिना नै आगामी माघ ७ गतेभित्र प्रदेश सभा र केन्द्रीय संसदको निर्वाचन गरिसक्नुपर्ने बाध्यता भए पनि यो र त्यो बहानामा सत्तासिनहरू वर्तमान प्रतिनिधि सभाको आयु लम्ब्याउने भित्री कसरतमा लागेका छन् । सत्तासिन मध्येकै माकेले त एक मधेस एक प्रदेशको बेमौसमी बाजा बजाउने संकेत गरिसकेको छ । स्थानीय चुनावमा आफ्नो स्थान दयनीय देखेपछि समग्र मधेस एक प्रदेशको मुद्दाले आगामी चुनाव हुन नदिने भारतीय स्वार्थसँग निकट हुन र भारतीय शासकलाई खुसी बनाई आफ्नो सत्ता लम्ब्याउने निहीत स्वार्थपूर्ति गर्ने कुटिल चालभित्र समग्र मधेस एक प्रदेशको मुद्दा ब्युताउदै छन् । भारतसँग भएका असमान सन्धी सम्झौंताको खारेजीको सट्टामा चर्चा चलेअनुसार पेट्रोल पम्पको सुरक्षाको नाममा भारतीय सैनिकलाई काठमाडौंमै निम्त्याई उनीहरूको चलखेल बढाउन सजिलो हुने वातावरण सिर्जना गरिदिएर दिनानुदिन भारतीय सत्तास्वार्थमा लम्पसारवादी बन्दै गएको माकेले आफ्ना पूर्वअडानहरू दि प्रतिदिन यो र त्यो बहानामा डोहोरिरहेको छ । उसको दक्षिणपन्थको यात्रा कस्तो डरलाग्दो किसिमले उदांगिरहेको छ भने कुर्सीका लागि उ जे गर्न पनि तयार देखिन्छ । जसरी पनि चुनाव जित्ने उसको आकांक्षा चकनाचुर भए पनि भारतीयहरूको ज्यादतीका विरुद्ध उसले चुँ सम्म पनि बोल्न सक्ने अवस्था नभए पनि जनमानसमा भ्रमजाल भने फिजाईरहेको छ । भ्रमजालकै शृंखलामा पार्टी एकीकरणको पासा फ्याकेपनि नीति, मूल्य-मान्यताविपरित पार्टी एकता असम्भव भएको बारेमा जनमानसमा यथार्थता सम्प्रेषण हुनु त्यत्तिकै आवश्यकता देखिन्छ ।

यसरी संविधान कार्यान्वयनको नाममा भएको स्थानीय चुनावले देश र जनताका जल्दाबल्दा समस्या समाधानको दिशा भन्दा ठीक विपरित उल्टो गतिमा हिँडिरहेको वर्तमान परिवेशले जनपक्षीय कार्यमा सिन्को पनि भाँच्ने देखिदैन । जनताको असन्तुष्टि चुलिदै गए पनि त्यस्तो असन्तुष्टिलाई एकत्रित गराउनु आजको आवश्यकता हो । स्थानीय तहमा चुनिएका प्रतिनिधिहरूले गरेका जनहित विपरितकाम कार्यहरूलाई जनतासामु उदाङ्ग पार्दै विभिन्न तह र तप्काका जनसमुदायलाई संगठित गर्दै जनवादी क्रान्तिको आधारस्तम्भ निर्माण गर्नु आवश्यक देखिन्छ । नेपाललाई अस्थिर बनाइराख्ने विदेशी चलखेल र त्यसको अघोषित नेपाली प्रतिनिधि (एजेन्ट) हरूबाट भएका, हुने राष्ट्रघाती क्रियाकलापहरूलाई जनतासमक्ष उदांग पार्दै जनतामा जानुको विकल्प देखिदैन । अतः स्थानीय निकायको चुनावले समस्याको निक्यौल भन्दा उब्जाएका विविध चुनौतीको सामना जनस्तरबाटै हुन आवश्यक देखिन्छ ।

देशको...

माथि उल्लेखित ११ प्रकारका वस्तुको आयातमा मात्र वर्षेनी ९८ अर्ब ८५ करोड रुपियाँ बाहिर गएको देखिन आउँछ । यी खाद्यान्न बाहेक आवश्यकताका अन्य वस्तुको आयातमा कति रुपियाँ बाहिर गयो भन्ने कुरा उक्त समाचारमा उल्लेख छैन ।

११ गते प्रकाशित अर्को राष्ट्रिय दैनिक नागरिकको आर्थिक पृष्ठमा "मोवाईलमा दैनिक १८ करोड खर्च" शीर्षकको अर्को समाचार छापिएको छ । त्यस्तै श्रावण ११को अन्नपूर्णपोष्टको अर्थतन्त्र पृष्ठमा "चाईनाबाट १७ अर्बको मोवाईल" शीर्षकमा अर्को समाचार प्रकाशित भएको छ । यस समाचारमा नेपालले जम्मा ६२ वटा विभिन्न देशबाट मोबाईल फोन आयात गर्ने र त्यसका लागि गत आर्थिक वर्षमा जम्मा रु. २२ अर्ब ६६ करोड १७ लाख रुपियाँ बाहिर गएको थियो भन्ने कुरा उल्लेख गरेको छ ।

यसरी नै ११ गतेको कान्तिपुर दैनिकमा 'जोखिमयुक्त कामका लागि विदेशिदै युवा' शीर्षक दिएर होम कार्कीले एउटा महत्वपूर्ण लेख प्रकासित गरेका छन् । यसमा नेपालमा प्रतिवर्ष ५ लाख १२ हजार युवा श्रमबजारमा आउने गरेको र गत आर्थिकवर्ष ७३/७४मा ३,७३,४६३ जना युवाले वैदेशिक रोजगारीका लागि सरकारबाट नयाँ श्रम स्वीकृति लिएको कुरा उल्लेख छ । उनका अनुसार गतवर्ष मात्र नयाँ ३,७३,४६३ जना र पुराना २,७०,२३२ जना गरी जम्मा ६,४३,६९५ जना नेपाली युवा जोखिम युक्त रोजगारीका निम्ति विदेशिएका छन् । स्पष्ट छ, यो संख्याभित्र अध्ययनको नाममा अस्ट्रेलिया, अमेरिका, युरोप र जापान लगायतका देशमा र विभिन्न कामले भारतमा जानेहरू पर्दैनन् ।

यसरी नै ११ गते प्रकासित भएको दैनिक कारोबारले पृष्ठ ३ मा अर्को एउटा समाचार छापेको छ । त्यसको शीर्षक "मजदुर अभावले खेतियोग्य जमीन बाँझिदै" भन्ने रहेको छ । जंगबहादुर लिम्बुलाई उद्धृतगर्दै पत्रिका लेख्दछ, "काम गर्न सक्ने छोरा विदेश गए, छोरीहरूको पनि बिहे भएर आ-आफ्ना घर गए, काम गर्न खेताला भेटिँदैनन्, एक्लैले गर्न सकिएन, खेत बाँझै बस्यो ।" आजकल नेपालका दैनिक पत्रिकाहरूमा प्रमूख स्थान पाउने स्थानीय समाचारहरू यस्तै-यस्तै हुने गरेका छन् ।

यी समाचारहरूमा नेपालको वर्तमान यथार्थको राम्रो चित्रण भएको छ । युवाहरू देशमा छैनन्, जमिन बाँझिएको छ, राष्ट्रिय उत्पादन प्रतिदिन ह्रास हुँदै गएको छ । विलासिताका सामानहरूले बजार भरिभराउ छन् । व्यापारघाटा दिन गनेर उकालो लाग्दैछ, यो कहीं कतै रोकिने संकेत देखिदैन । प्रत्येक शिशुले आमाको पेटदेखि नै आफ्नो थाप्लोमा रु. २४,००० भन्दा बढी ऋण बोकेर नेपाली नागरिकका हैसियतले पृथ्वीको यस क्षेत्रमा जन्म लिने गर्दछन् । यो समग्र स्थितिले देशको डरलाग्दो यथार्थलाई चित्रण गरेको छ । यो देश असफल राष्ट्र बन्ने तिरको यात्रा हो । आउने दिनमा हाम्रो देशशक्ति सम्पन्न राष्ट्रहरूको साझा क्रिडास्थल बन्ने र नेपालीको पहिचान ती देशका पुँजीपतिहरूको आधुनिक दाश हुने तर्फ अगाडि बढिरहेको छ । यो एउटा तीतो यथार्थ हो ।

नेपाली पत्रिकाहरूले नेपालको दर्दनाक स्थितिको जुन चित्रण गरे, त्यसको मूल कारण के हो ? नेपालमा प्राकृतिक स्रोत साधनको अभाव भएर हो ? नेपालीहरू अल्छि भएर हो ? प्राकृतिक साधन स्रोतका दृष्टिले नेपाल विश्वको एउटा धनी देशभित्र पर्दछ । यसलाई पुष्टी गर्न प्रमाण खोजिराख्नु पर्ने आवश्यकता छैन । नेपालीहरू कतिसम्म परिश्रमी र मेहनती छन् भन्ने कुरा दक्षिण कोरियामा सुंगुरका खोर सफा गर्नेदेखि लिएर खाडी मुलुकको ५० डिग्री सेल्सियसको गर्मीमा फलामका रड उचाल्नेसम्मका कामले स्पष्ट गर्दछन् । देशमा उपरोक्त चिन्ताजनक स्थिति पैदा हुनुका पछाडिका कारण यी दुवै कुरा होइनन् । समस्या राजनीतिको हो । नेपालमा आजसम्म पनि राजनीतिक क्रान्ति सम्पन्न भएको छैन र उत्पीडित जनता सत्ताका मालिक भएका छैनन् । समस्याको मूल कारण यही हो ।

नेपालको राज्यसत्ता दलाल तथा नोरशाही पुँजीपति वर्ग र सामन्त वर्गबाट बनेको छ । यो सत्तालाई साम्राज्यवाद र भारतीय विस्तारवादले संरक्षण गर्दै आएका छन् । संसदीय राजनीतिक पार्टीहरू र साम्राज्यवादीहरूका बीचमा बलियो गठजोड बनेको हुन्छ । यो साम्राज्यवादी युगको विशेषता हो । साम्राज्यवादी आर्थिक नीति यी नै राजनीतिक दलालहरू मार्फत् सम्बन्धित देशमा भित्रिने गर्छन् । सुगौली सन्धिको प्रक्रियाबाट साम्राज्यवादले नेपालमा प्रवेश गरेको हो । त्यहीं बेलादेखि नेपालले आफ्नो आत्मनिर्णयको अधिकार गुमाएर पराधिन देश बन्न गएको छ । नेपाल कुनै पनि साम्राज्यवादी देशको प्रत्यक्ष उपनिवेश नबने पनि सुगौली सन्धिदेखि नेपाल बाह्य उत्पीडनमा पर्दै आएको छ । अर्ध-औपनिवेशिक र अर्ध-सामन्ती हुँदै यतिबेला नेपाल अर्ध-सामन्ती, अर्ध-औपनिवेशिक र नव-औपनिवेशिक अवस्थामा रहेको छ । नेपालको अर्थतन्त्र र राजनीतिमा घरेलु प्रतिक्रियावाद र साम्राज्यवादको संयुक्त नियन्त्रण भएकै कारण देशमा राष्ट्रिय अर्थतन्त्रको विकास हुन सकेको छैन । त्यसभित्र पनि मुख्यतः दुईवटा कुरा यसमा जिम्मेवार रहेका छन् ।

पहिलो हो साम्राज्यवादी नवउदारवाद । ८० को दशकमा वाशिङ्गटन सहमतिको नामबाट साम्राज्यवादले विकसित पुँजीवादी मुलुकहरूको आर्थिक संकटको भारलाई विकासशील मुलुकहरूमा थोपरेर आफ्नो आयु लम्ब्याउन उदारीकरण, निजीकरण र भुमण्डलीकरणको नीति अगाडि साऱ्यो । त्यसमा विकासशील मुलुकका शासकहरूले ल्याप्चे लगाए । नेपालमा पञ्चायती कालबाट सुरु भएको यो प्रक्रियाले ०४६ सालको राजनीतिक परिवर्तनपछि पूर्णता पायो । पञ्चायती कालमा स्थापित भएका उद्योगहरू निजीकरणका नाममा धमाधम बिक्री हुन थाले । यो प्रक्रिया मुख्यतः नेपाली कांग्रेसको सरकारको पालाबाट सुरु भएको थियो र अहिलेसम्म पनि यथावत छ । बँचेका उद्योगहरू समेत पछि वैश्विक प्रतिस्पर्धामा टिक्न नसकेर क्रमशः ध्वस्त हुँदैगएका छन् । नवउदारवादलाई अबलम्बन गरी नेपाली सरकारले देशको अर्थतन्त्र र बजारलाई सम्पूर्ण रूपमा साम्राज्यवादको जिम्मा लगाएको छ र राष्ट्रिय स्वार्थलाई तिलाञ्जली दिईएको छ ।

दोस्रो हो नेपाली बजारमा भारतको एकाधिकार । सामान्यतः सुगौली सन्धिदेखि र विशेषतः १९५० को सन्धिदेखि नै नेपाली अर्थतन्त्रमा भारतीय वर्चश्व रहिआएको छ । भारतले पारबहन सन्धिको लाठो देखाएर प्रत्येक पाँच वर्षमा नेपालमाथि आफ्नो अनुकूलको व्यापार सन्धि थोपर्ने गर्दछ । भारत समेत सिमापारीको नेपालको व्यापारलाई नियन्त्रण गर्ने र नेपालका लागि आवश्यक खाद्यान्न लगायत दैनिक उपभोगका नेपाली सामानले भारतीय उत्पादनसंग प्रतिस्पर्धा गर्नुपर्ने गरी भारतले नेपालमाथि व्यापार तथा पारबहन सन्धि गराउने गर्दछ । विडंवना, भारतीय शासकवर्गको आशिर्वादमा सत्ताको स्वाद चाख्न पल्केका नेपाली शासकहरूले आँखा चिम्लेर यस्ता राष्ट्रघाती सन्धिमा सही धस्काउने गर्दछन् । यस्तो राष्ट्रघाती सन्धिले एकातिर नेपालमा उत्पादित वस्तुलाई भारतीय बजारमा निर्यात गर्न अबरोध गर्दछ भने अर्कोतिर भारतका सस्ता र गुणस्तरहीन सामानलाई नेपाली बजारमा निर्वाध आयात गर्न बाटो खोली दिन्छ । नेपालमा वैदेशिक रोजगारीका लागि नेपाली युवाहरूको एयरपोर्टमा लर्को लाग्ने, उत्पादनशील जग्गाहरू बाँझा रहने, खाद्यान्न लगायत दैनिक उपभोगका वस्तुको आयात बर्तुलाकार रूपमा बृद्धि हुने, देश व्यापार घाटामा चुर्लुम्मै डुब्ने जस्ता समस्याका मूलकारण यिनै हुन् ।

नेपालका संसदवादी पार्टीहरूले नेपालमा राजनीतिक क्रान्ति पुराभएको र अब आर्थिक क्रान्ति गरेर उपरोक्त समस्याहरू समाधान गर्ने ढोल पिट्ने गरेका छन् । उनीहरूको भनाईमा आर्थिक क्रान्तिका लागि संविधान कार्यान्वयन हुनु पर्दछ र तीन तहको निर्वाचन सकिएपछि आर्थिक क्रान्तिको प्रक्रिया सुरु हुन्छ । आजका दिनसम्म स्थानीय तहका अत्याधिक जिल्लामा स्थानीय निर्वाचन सम्पन्न भैसकेका छन् । बिहानीले दिउसोको संकेत गर्दछ भने जस्तै स्थानीय निर्वाचन पछि निर्वाचित पदाधिकारीहरूले सुरु गरेका कामले आउने दिनमा सरकारले गर्ने "आर्थिक क्रान्तिको" चित्र कस्तो होला भन्ने सजिलै आंकलन गर्न सकिन्छ । "जनताको सेवाका लागि" निर्वाचित पदाधिकारीले काठमाण्डु महानगरपालिकामा मोवाईल फोन किन्न गरेको निर्णय, सुर्खेतमा मोटरसाईकल किन्न लिईएको निर्णय र अन्य ठाउंमा सबै समस्यालाई थाँती राखेर बृद्धभत्ता बढाउन गरेको होडबाजी यो सत्ताले गर्ने आर्थिक क्रान्तिका प्रारम्भिक संकेत हुन् । सिंहदरबारको अधिकार पाएका स्थानीय पदाधिकारीले गरेका निर्णयहरू हुन् । वस्तुतः यो स्थानीय तहको निर्वाचनले सिंहदरवारको भ्रष्टाचार गर्ने परम्परालाई नगर, गाउँ र वडासम्म पुऱ्याउने पुलको काम गरेको छ ।

नेपालको प्रतिक्रियावादी राज्यसत्तामा ढलीमली गर्ने मुख्यतः चारवटा संसदवादी पार्टीहरू रहेका छन् । ती हुनः नेपाली कांग्रेस, नेकपा एमाले, नेकपा माके र राप्रपा । राप्रपा (पुराना पञ्चहरू) र नेका सुरुदेखि नै सामन्तवादका प्रतिनिधि र साम्राज्यवाद तथा भारतीय विस्तारवादका दलाल पार्टीहरू हुन् भन्ने कुरा सबैलाई थाह छ । एमाले ०४७ पछि यही प्रतिक्रियावादी कित्तामा सामेल भएको पार्टी हो । सबैभन्दा पछि प्रतिक्रियावादी कित्तामा सामेल भएको पार्टी नेकपा माके हो । नयाँ जोगीले बढ्ता खरानी घस्छ भने झै साम्राज्यवादी नवउदारवाद र भारतीय विस्तारवादको दलाली गर्नेमा यो सबभन्दा अगाडि आएको छ ।

यो स्पष्ट छ कि नेपालको दर्दनाक अवस्थाबारे नेपाली पत्रपत्रिकाले जुन कुराहरू उठाएका छन्, त्यसको मूल कारक यही प्रतिक्रियावादी राज्यसत्ता हो र यो राज्यसत्तामा मुख्यतः उपरोक्त चौगुटीय सिन्डिकेटको हालिमुहाली रहेको छ । त्यसकारण यो सत्ता अन्तर्गत जुनसुकै पार्टी वा गठबन्धनको नेतृत्वमा सरकार बने पनि त्यसले गर्ने काम भनेको विकसित मुलुकसंग "फ्री भिसा फ्री टिकट"को याचना गरेर युवाहरूलाई वैदेशिक रोजगारीमा पठाउने, देशलाई विदेशी सामानको बजार बनाउने, ईन्टर नेटको विस्तार गरेर नेपाली जनतालाई फेसबुक संस्कृतिले भ्रष्ट तुल्याउने र नेपाललाई साम्राज्यवादी लुटेराहरूको नव-उपनिवेशमा बदल्ने हो । यो बाहेक जनता र राष्ट्रको पक्षमा यो सत्ता र सरकारले केही गर्न सक्दैन । स्पष्ट छ, बोक्सी नै झाँक्री बनेर बिरामीको रोग निको हुँदैन ।

देशका प्रमुख भनिने पार्टीहरू र नयाँ खोलिएका र खोलिने पार्टीहरू समेतले पनि यस सत्ताअन्तर्गत विदेशी लगानी र उनीहरूकै योजनामा जतिसुकै ठूलो विशेष आर्थिक क्षेत्र निर्माण गरे पनि त्यो नेपालको सस्तो साधन, स्रोत र श्रमलाई उपयोग गरेर उत्पादन गरेका बस्तु नेपालीलाई नै बेच्ने र अन्तर्राष्ट्रिय लगानीकर्ताहरूको पोल्टो भर्ने बाहेक यसले राष्ट्रिय अर्थतन्त्रको विकास गर्न सक्दैन । उद्योगहरू खोलेर मात्र देश धनी हुने होईन, राष्ट्रिय पूँजीको विकास गरेर देश सम्पन्न हुने हो । राष्ट्रिय पूँजीको विकास हुने स्थिति नेपालमा छैन । नेपालका राष्ट्रिय पुँजीपति र जनताले गर्ने लगानी विश्वबैंक, अन्तर्राष्ट्रिय मुद्राकोष जस्ता बहुराष्ट्रिय कम्पनीसँग हुने प्रतिस्पर्धामा टिक्न सक्दैनन् । राष्ट्रिय पुँजी निर्माणका लागि सरकारले नवउदारवादी नीतिका विरुद्ध राष्ट्रिय पुँजीपति र जनताको लगानीको रक्षा गर्ने संरक्षणवादी नीति लिनु पर्दछ । साम्राज्यवाद र विस्तारवादको आशिर्वादमा सत्तारोहणका लागि चाकडी गर्ने दलालहरूबाट यो काम संभव हुँदैन । साम्राज्यवादसँग जीवनमरणको लडाईं लड्ने सर्वहारा वर्गको नेतृत्वमा मात्र यो काम संभव छ ।

देश र जनताले भोग्नु परेका दुर्दशाको पत्रपत्रिकाले जुन चित्रण गरेका छन्, त्यसको समाधान संसदीय व्यवस्थामा हुने सरकारको फेरबदलबाट हुन सक्दैन । सर्बहारा वर्गको नेतृत्व र उत्पीडित वर्ग, लिङ्ग, जाति तथा क्षेत्रका जनताको जनवादी अधिनायकत्वमा हुने नयाँ जनवादी क्रान्तिले मात्र राष्ट्रिय पुँजीको विकास गर्ने बाटो खोल्न सक्दछ र उपरोक्त समस्या समाधान हुन्छन् । रोएर समस्याको समाधान हुँदैन । तसर्थ, मार्क्सवाद-लेनिनवाद-माओवादको वैचारिक मार्गनिर्देशनमा नयाँ जनवादी क्रान्तिका लागि आ-आफ्नो ठाउँबाट संघर्षमा जुट्नु नै समस्या समाधानको एकमात्र उपाय हो ।

श्रावण १४, २०७४

देउवाको...

भारतको भ्रमण नगरे राम्रो हुन्छ ।'

प्रधानमन्त्रीले अहिले भारतको भ्रमण गर्दा नेपालले भारतलाई सहयोग गरेको अर्थ लगाउन, अन्तराष्ट्रिय क्षेत्रमा नेपालको गलत प्रचार हुने तथा र चीनसँगको सम्बन्धमा नकारात्मक असर पर्न सक्ने सम्भावना रहने उनको भनाई छ ।

सन् १०५० को असमान नेपाल-भारत सन्धीअनुसार पनि नेपालले भारतलाई सहयोग गर्नुपर्ने भएपछि नेपाल तटस्थ बसेको उदाहरण प्रस्तुत गर्दै उनले त्यसबेला नेपाल तटस्थ बस्नका लागि तात्कालीक परिस्थिति पनि मिलेको र अहिले पनि नेपालले तटस्थ भूमिका खेल्नु नै नेपालको हितमा हुने बताए ।

प्रधानमन्त्री शेरबहादुर देउवाले आगामी भदौंको पहिलो साता भारत भ्रमण गर्ने तयारी गरेका छन् ।

भुटान र चीनबीचको सीमा क्षेत्र डोकलाममा चीनले निर्माण गरेको सडकका विषयलाई लिएर सुरु भएको विवादले दुई देशबीचको तनाव उत्कर्षमा पुगिरहेको छ । सन् १८९० मा भएको एङ्लो-चाइनिज सन्धीअनुसार यो भुभाग चीनमा पर्छ भने सन् १९६२ पछि भुटानका लागि भारतले गरिदिएको नक्सांकनमा यसलाई भुटानी सीमाभित्र पारिएको भारतकै बुद्धिजीवी तथा रुस र टर्कीलगायत देशका राजदूत समेत भइसकेका मेलकुलानगारा भद्रकुमारले उल्लेख गरेका छन् ।

भुटान र चीनबीचको सीमा विवाद समाधान गर्नका लागि भुटानका पूर्वप्रधानमन्त्री जिग्मे वाई थिन्लेका पालमा २२ पटकसम्म वार्ता भएपनि समाधान हुन सकेको थिएन । त्यसबेला वार्ता निर्णायक मोडतिर पुग्दै गर्दा त्यसलाई असफल बनाउनुका साथै भुटानको सुरक्षा भारतको छत्रछायाँमा राखिएपछि सो क्षेत्र विवादित रहेको छ ।

सो क्षेत्रका बारेमा भुटान र चीनबीच वार्ताका माध्यबाट समस्या समाधान गर्नुपर्नेमा भारत स्वयम् सेनासहित चीनले निर्माण गरेको सडकमा अवरोध गर्न गएपछि तनाव चुलिएको हो । परराष्ट्रविद हिरण्यलाल श्रेष्ठ भन्छन्, 'यो सीमा विवाद मिलाउनका लागि भुटान र चीनबीच २२ पटक सम्म वार्ता भएको थियो । तर त्यसलाई असफल पारियो । यसको समाधान दुई देशबीचको वार्ताबाट मात्रै समाधान हुनसक्छ । भुटानको सार्वभौमिकताको सम्मान गर्दै स्वतन्त्रतापूर्वक आफ्नो विषय आफैं राख्न दिनुपर्छ ।'

प्रकाशक : रामसिंह बुढाथोकी, **प्रबन्ध निर्देशक** : बद्री बजगाईं, **सम्पादक** : इन्द्रबहादुर राउत, **सहसम्पादक** : केशरमणि कटुवाल, फोटोः जय दाहाल, **कार्यालय** : बुद्धनगर, काठमाडौं, **सम्पर्क नं.** : ०१-४७८५७६३/९८५११३४८३०, **इमेल** : bargadristi073@gmail.com, **मुद्रण** : सुजल अफसेट प्रेस, बागबजार, काठमाडौं ।